नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल
फोन नं. : ०१-४२००१६४, ४२००१६८, ४२०००८२, ४२००३३७, ४२००४०८
फ्याक्स नं. : ४२००११६
Email : mail@mowcsw.gov.np, Web : www.mowcsw.gov.np

मानव बेचबिखन तथा ओसारपसार
नियन्त्रणसम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

# तालिम पुस्तिका

# २०७२

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल
फोन नं. : ०१-४२००२१६,४२०००८२, फ्याक्स नं. : ४२००११६
Email : mail@mowcsw.gov.np, Web : www.mowcsw.gov.np

Ministry of Women, Children and Social Welfare acknowledges the technical and financial support provided by the United States Agency for International Development's Combating Trafficking in Persons Program, implemented by The Asia Foundation, in the publication of this document.

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

# तालिम पुस्तिका

## २०७२


नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरबार, काठमाडौं, फोन नं. : ४२०००८२, ४२००२१६

इमेल : mail@mowcsw.gov.np, वेभ : www.mowcsw.gov.np

# विषयसूची


तालिम पुस्तिकाको परिचय ........ १
तालिमको उद्देश्य ........ १
तालिमबाट अपेक्षित उपलब्धि ........ १
तालिम पुस्तिकाको प्रयोगकर्ता ........ १
तालिमका सहभागीहरू ........ २
तालिम विधिहरू ........ २
तालिम संचालन अगाडि प्रशिक्षक सहजकर्तालाई केही सुझाव ........ २
तालिमका लागि आवश्यक सामग्रीहरू ........ २
तालिमपूर्व मूल्याङ्कन फारामहरू ........ ३
तालिम सुरु क्रियाकलापहरू ........ ९
सत्र १ : लिङ्गभेद र लैङ्गिकता ........ १०
सत्र २ : लिङ्गभेद र लैङ्गिकता बीच फरक ........ ११
सत्र ३ : पितृसत्तात्मक सामाजिक संरचना ........ ११
सत्र ४ : लैङ्गिक भेद र लैङ्गिक हिंसा ........ १२
सत्र ५ : समानता (Equality) ........ १५
सत्र ६ : लैङ्गिक समानता (Gender Equality) ........ १६
सत्र ७ : समावेशी हक (Inclusive Rights) ........ १६
सत्र ८ : पुरुषत्व र लैङ्गिक हिंसा (Masculinity and Gender-based Violence) ........ १७
सत्र ९ : मानव बेचबिखन तथा ओसारपसार अवधारणागत स्पष्टता र कानुनी व्यवस्था ........ २२
सत्र १० : मानव बेचबिखन, मानव तस्करी, बसाइँसराइँ तथा देहव्यापार ........ ३९
सत्र ११ : मानव बेचबिखन तथा वैदेशिक रोजगारीबीचको अन्तरसम्बन्ध र भिन्नता ........ ४५
सत्र १३ : मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जाहेरी दर्ता, अनुसन्धान प्रक्रिया र यसका चुनौतीहरु तथा समुदायको भूमिका ........ ५९
सत्र १४ : मानव बेचबिखन तथा ओसारपसार अपराधको सफल अभियोजनमा साक्षी तथा पीडितको भूमिका ........ ६५
सत्र १५ : मानव बेचबिखन विरुद्धको स्थानीय समिति गठन तथा परिचालन निर्देशिका २०७० ........ ६९
सत्र १६ : सिफारिस प्रणाली (Referral Mechanism) ........ ७६
सत्र १७ : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरकारी निकायहरूसँगको समन्वयकारी भूमिका (अन्तर कार्यालय समन्वय र सहकार्य) ........ ८२
अनुसुचीहरू ........ १०१

नेपाल सरकार
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरवार, काठमाण्डौ
फोन नं. : ४२००३२८, ४२००१६८
४२०००८२, ४२००४१३
फ्याक्सः ४२००११६
इमेल : mail@mowcsw.gov.np
www.mowcsw.gov.np

पत्र संख्या :-
च.नं. :-

समयको अन्तराल सँगसँगै बदलिँदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्याका स्वरूपहरूलाई सम्बोधन गर्नका लागि विभिन्न कानूनहरू निमार्ण भई कार्यान्वयनमा छन् । ऐन तथा नियमावलीमा राष्ट्रिय, जिल्ला तथा स्थानीयस्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थायी रूपमै समितिहरू गठन गर्ने व्यवस्था भएका छन् । सोही अनुरूप केन्द्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र ७५ वटै जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति गठन भएका छन् । आर्थिक बर्ष २०७१/७२ बाट जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिहरू गा.वि.स.हरूमा गठन गर्ने क्रममा रहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार मुलुकको लागि साझा समस्या हो र यसको निराकरणको लागि विभिन्न सरकारी निकायहरू, गैरसरकारी संघसंस्थाहरू, नागरिक समाज, निजीक्षेत्र तथा विकास साझेदारहरूको समन्वयात्मक सहकार्यको आवश्यकता छ । वर्तमानमा धेरै सरकारी निकायहरू एवं गैरसरकारी संस्था तथा सञ्जालहरू यो खाँचोलाई महसुस गरी विभिन्न कार्यक्रम तथा गतिविधिहरूको संयोजन गरी सञ्चालन गरिरहेका छन् । यसलाई ध्यानमा राखि यस क्षेत्रमा कामगर्ने सरोकारवाला निकाय तथा समितिहरूको सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा निराकरणकालागि आ-आफ्नो क्षेत्रमा सक्दो सक्रिय भुमिका निर्वाह गर्नकालागि सक्षम बनाउने उद्देश्यले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी विषयहरू १७ भागमा विभाजन गरी यो तालिम पुस्तिका तयार गरिएको छ । प्रस्तुत तालिम पुस्तिकाले तालिम दिने प्रशिक्षकलाई प्रशिक्षणको लागि सहयोग पुग्ने छ भने तालिमका लक्षित वर्गहरूमा चेतना अभिवृद्धि हुनको साथै स्थानीयस्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सहयोग पुग्ने छ भन्ने अपेक्षा लिएका छौं ।

"मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना तथा क्षमता अभिबृद्धि तालिम पुस्तिका, २०७२" निर्माण र प्रकाशनको सिलसिलामा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको (CTIP) परियोजना संचालन गर्न आर्थिक सहयोग गर्ने यु.यस.एड, परियोजना संचालनमा सहकार्य गर्ने दि एसिया फाउण्डेसन र प्राविधिक सहयोग पुर्‍याउनु हुने कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) लाई धन्यबाद छ । पुस्तिका तयारीका क्रममा संलग्न यस मन्त्रालयको मानव बेचबिखन नियन्त्रण शाखामा कार्यरत उप-सचिव सुनिता नेपाल, शाखा अधिकृत दिनबन्धु सुबेदी तथा महिला विकास अधिकृत शोभा खरेल लगायत सबै कर्मचारीहरूलाई धन्यवाद दिँदै यस तालिम पुस्तिकाको उपयोग गर्नको लागि सबैमा अनुरोध गर्दछु र भविष्यमा यसको परिमार्जनका लागि सिर्जनात्मक टिप्पणी एवं सुझावको पनि अपेक्षा गर्दछु ।

धनबहादुर तामाङ्ग
सचिव
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

## तालिम पुस्तिकाको परिचय

यो तालिम पुस्तिका लक्षित समूह मूलतः महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध गठित स्थानीय विकास समितिका पदाधिकारी तथा सदस्यहरूलाई प्रशिक्षण दिनका लागि तयार गरिएको हो । साथै यस क्षेत्रमा कार्यान्वयन कुनै पन संसथा वा व्यक्तिले स्रोत पुस्तिकाको रुपमा प्रयोग गर्न सक्नेछन् । यो तालिम पुस्तिकामा विषयवस्तुहरूलाई १७ (सत्र) भागमा विभाजन गरिएको छ। यस तालिम ४ दिनमा १७ (सत्र) भागमा विभाजित विषयवस्तुहरूलाई २७ घण्टामा पुरा हुने किसिमले तालिम सम्पन्न गर्नु पर्ने हुन्छ। आवश्यकता अनुसार तालिमलाई एकै पटक नभई चरणबद्ध रुपमा संचालन गर्न पनि सकिन्छ। तालिमका विषयवस्तुहरू, उद्देश्यहरू र प्रक्रियालाई अवलम्बन गरी तालिम सञ्चालन गर्दा सहज र तालिमको उद्देश्य प्राप्त हुने लक्ष्य लिइएको छ।

## तालिम पुस्तिकाको उद्देश्य

यस तालिम पुस्तिकाको मुख्य उद्देश्य मानव बेचबिखन तथा ओसारपसार विरुद्धको गठित स्थानीय समितिका पदाधिकारीहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सघाउ पुऱ्याउने र जोखिम न्यूनिकरण गर्ने रहेको छ।

## तालिमबाट अपेक्षित उपलब्धी

यस तालिम पश्चात् सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको गठित स्थानीय समितिले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कार्यमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/ प्रभावितहरूलाई सम्बन्धित निकायहरूबाट सेवा सुविधा प्राप्त गर्नको लागि सहयोग पुऱ्याउने कार्यका साथै मानव बेचबिखन तथा ओसारपसार हुन नदिन स्थानीयस्तरमा विभिन्न रूपले सचेतना जगाउने कार्यमा नेपाल सरकार, स्थानीय निकाय, संघ संस्थाहरू तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय र जिल्ला समितिसँग समन्वयात्मक सम्बन्ध राखी काम गर्न सक्नेछन् ।

## तालिम पुस्तिकाको प्रयोगकर्ता

यो तालिम पुस्तिका मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय समितिका पदाधिकारी तथा सदस्यहरूलाई तालिम दिने सहजकर्ताको लागि तयार पारिएको हो। यो तालिम पुस्तिकाभित्र रहेका गतिविधिहरूलाई कार्यक्रम सञ्चालक, मानव बेचबिखन नियन्त्रण सम्बन्धी प्रशिक्षण दिने प्रशिक्षक जोसुकैले पनि आवश्यकता अनुसार प्रयोग गर्न सकिने छ। यस पुस्तिकाको आधारमा प्रशिक्षण दिन चाहने स्रोत व्यक्ति वा सहजकर्तालाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धित ऐन, कानुन लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, नीति नियमहरू यसै गरी लैङ्गिक हिंसा नियन्त्रणसँग सम्बन्धित सरकारी नीति नियमहरूको ज्ञान हुन आवश्यक छ।

## तालिमका सहभागीहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विरुद्ध स्थानीय समितिका पदाधिकारी तथा सदस्यहरू तथा यस क्षेत्रमा क्रियाशील कुनै पनि व्यक्ति ।

### तालिमको विधि

- मस्तिष्क मन्थन,
- लघु प्रवचन
- छलफल,
- सामूहिक छलफल,
- खेल,
- अभ्यास,
- नक्साङ्कन,
- प्रश्न उत्तर,
- घटना अध्ययन,
- प्रस्तुति ।

### तालिम सञ्चालन अगाडि प्रशिक्षक/सहजकर्तालाई केही सुझाव

- सहजकर्ता सहभागितामूलक सिकाईमा जानकारका साथै लैङ्गिक मैत्री हुनु पर्दछ ।
- सहजकर्ताले कम्तीमा एउटा प्रशिक्षक प्रशिक्षण तालिम लिएको हुनु पर्दछ ।
- सहजकर्ताले सहभागीलाई बढी भन्दा बढी सहभागी हुने अवसर जुटाउन खुल्ला प्रश्न गर्नु पर्दछ ।
- कार्यशालाको सिलसिलामा उठ्न सक्ने सवाल वा प्रश्नहरूको बारेमा सहजकर्ता पूर्व जानकार वा तयारी रहनु पर्दछ र के कस्तो प्रश्न उठ्न सक्ला भनी सहकर्मी साथीहरूसँग छलफल गर्नु पर्दछ ।
- सहजकर्ताले सकेसम्म अभ्यास अर्थात् प्रयोगात्मक तरिकाबाट सहजीकरण गराउँदा विषयवस्तुसँग मेल खाने अभ्यास गराउनु पर्दछ ।
- सहजकर्ताले आफ्नो भूमिका सहजीकरण गर्ने हो भन्ने मनन् गर्दै सहभागीहरूको भावनाको सम्मान गर्दै आफ्ना भनाइहरू राख्नु पर्दछ ।

### तालिमको लागि आवश्यक सामग्रीहरू

- तालिम कार्यक्रमको तालिका,
- सहभागीहरूका लागि कपी, कलम,
- सेतो पाटी,
  न्युजप्रिन्ट पेपर,
- चार्ट पेपर,
- बोर्ड मार्कर/मार्कर,
- मास्किङ्ग टेप,
- ब्यानर,
- सहभागीहरूका लागि अध्ययन सामग्री ।

## तालिम पूर्व मूल्याङ्कन फाराम

तल दिएका बुँदागत प्रश्नका सही जबाफहरूमा (√) चिन्ह लगाउनु होस् ।

१. **मानव बेचबिखन तथा ओसारपसार भन्नाले हामी के बभ्mदछौं ?**

(क) मानिस किनबेच, (ख) अङ्ग प्रत्यारोपण,
(ग) वेश्यागमन, (घ) माथिका सबै ।

२. **मानव बेचबिखन कुन कुन उद्देश्यको लागि गरिन्छ ?**

(क) श्रम शोषणको लागि, (ख) अङ्ग प्रत्यारोपण गर्नको लागि,
(ग) यौन शोषणको लागि, (घ) जोखिमपूर्ण कामको लागि ।

३. **मानव बेचबिखनबाट प्रभावितको न्यूनतम मानव अधिकार भित्र के के पर्दछन् ?**

(क) बेचिएको ठाउँबाट उद्धार गरी पाउने अधिकार,
(ख) प्रभावित भनेर गरिने सबै प्रकारका विभेद विरुद्धको अधिकार,
(ग) क्षतिपूर्तिको अधिकार,
(घ) माथि उल्लेखित सबै ।

४. **मानव बेचबिखनमा परेका प्रभावित व्यक्तिको गोपनीयता राख्न मुद्दामा सम्पूर्ण कारबाही तथा सुनुवाइ कसरी गरिनेछ ?**

(क) बन्द इजलासमा, (ख) खुल्ला इजलासमा,
(ग) बन्द तथा खुल्ला दुबै इजलासमा, (घ) माथिका कुनै पनि प्रक्रिया अपनाइँदैन ।

५. **मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रण २०६४ अनुसार कति वर्षसम्मको सजाए तोकेको छ ?**

(क) १० वर्षसम्म, (ख) १५ वर्षसम्म,
(ग) २० वर्षसम्म, (घ) २५ वर्षसम्म ।

६. **मानव बेचबिखनमा परेका व्यक्तिका लागि कति दिन भित्रमा उजुरी दिन सकिन्छ ?**

(क) ३० दिन भित्र, (ख) ३५ दिन भित्र,
(ग) ४५ दिन भित्र, (घ) हद म्याद छैन ।

७. **वैदेशिक रोजगारमा जान हाल हाम्रो देशले कति मुलुकहरूलाई खुल्ला गरेको छ ?**

(क) १०८ मुलुकहरू, (ख) १०९ मुलुकहरू,
(ग) ११० मुलुकहरू, (घ) १११ मुलुकहरू ।

८. **वैदेशिक रोजगारमा घरेलु कामदारको लागि महिलाहरूको उमेर २४ वर्षको हद कति मुलुकहरूको लागि गरिएको छ ?**

(क) ५, (ख) ६, (ग) ७,
(घ) रोजगारीको लागि खुल्ला गरिएका सबै मुलुकहरू ।
(खाँडी मुलुक ६ र मलेसियामा जाने महिला कामदारका लागि)

९. **समुदायमा हिंसाबाट सबैभन्दा प्रभावित समूह को हुन् ?**

(क) महिला, (ख) पुरुष,
(ग) महिला र बालबालिका, (घ) माथिका सबै ।

१०. **मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय कार्य योजना २०६८ ले विशेषतः कुन कुन विषयलाई प्राथमिकता दिइएको छ ?**

(क) निरोध, (ख) संरक्षण,
(ग) कानुनी कारबाही, (घ) क्षमता विकास,
(ङ) सहयोग, समन्वय र सहकार्य, (च) माथिका सबै ।

| **पहिलो दिन** | |
|---|---|
| समय | विषयवस्तु |
| १ घण्टा | कार्यक्रमको शुभारम्भ :<br>स्वागत तथा कार्यक्रमको परिचय<br>संस्थाको परिचय |
| | सहभागीहरूबिचमा परिचय |
| | अपेक्षा संकलन तथा उद्देश्यमाथि प्रकाश |
| | तालिम अवधिको लागि नियम निर्धारण |
| १ घण्टा ३० मिनेट | सत्र १. लिङ्गभेद **(Sex)** र लैङ्गिकता **(Gender)** |
| १ घण्टा ३० मिनेट | सत्र २. लिङ्गभेद **(Sex)** र लैङ्गिकता **(Gender)** बिच फरक |
| १ घण्टा ३० मिनेट | सत्र ३. पितृ सत्तात्मक सामाजिक संरचना |
| १ घण्टा | सत्र ४. लैङ्गिक भेद र लैङ्गिक हिंसा |
| १५ मिनेट | दैनिक मूल्याङ्कन |
| **दोस्रो दिन** | |
| १५ मिनेट | अघिल्लो दिनको समीक्षा |
| १ घण्टा | सत्र ५. समानता **(Equality)** |

| | |
|---|---|
| १ घण्टा ३० मिनेट | सत्र ६. लैङ्गिक समानता **(Gender Equality)** |
| ३० मिनेट | सत्र ७. समावेशी हक **(Enclusive Rights)** |
| १ घण्टा | सत्र ८. पुरुषत्व र लैङ्गिक हिंसा **(Masculinities and Gender based Violence)** |
| १५ मिनेट | दैनिक मूल्याङ्कन |
| **तेस्रो दिन** | |
| १५ मिनेट | अघिल्लो दिनको समीक्षा |
| १ घण्टा ३० मिनेट | सत्र ९. मानव बेचबिखन तथा ओसारपसार अवधारणागत स्पष्टता<br>- मानव बेचबिखन तथा ओसारपसारको परिभाषा<br>- मानव बेचबिखन तथा ओसारपसारको वर्तमान स्थिति<br>- मानव बेचबिखन तथा ओसारपसारको प्रकृति<br>- मानव बेचबिखन तथा ओसारपसारको लागि अपनाइने तरिकाहरू<br>- मानव बेचबिखन तथा ओसारपसार हुनुको मुख्य कारणहरू<br>- मानव बेचबिखन तथा ओसारपसारबाट महिलामाथि पार्ने असरहरू। |
| १ घण्टा ३० मिनेट | सत्र १०. मानव बेचबिखन, मानव तस्करी, बसाइँसराइँ तथा देह व्यापार (वेश्यावृत्ति) सम्बन्धमा अवधारणागत स्पष्टता<br>- मानव तस्करीको परिभाषा<br>- मानव तस्करीको वर्तमान अवस्था तथा मानव तस्करी र मानव बेचबिखन बिचको अन्तरसम्बन्ध (Nexus)।<br>- नेपालबाट मानव तस्करी हुने गरेको विभिन्न रुटहरू<br>- मानव बेचबिखन तथा बसाइँसराइँ (Migration) बीचको अन्तर सम्बन्ध (Nexus)।<br>– मानव बेचबिखन तथा देह व्यापार (वेश्यावृत्ति) बिचको फरक तथा अन्तर सम्बन्ध (Nexus)। |
| १ घण्टा ३० मिनेट | सत्र ११. मानव बेचबिखन तथा वैदेशिक रोजगारीबीचको अन्तरसम्बन्ध र भिन्नता<br>- वैदेशिक रोजगारीको अवधारण तथा यसको परिभाषा<br>- वैदेशिक रोजगारीको वर्तमान अवस्था<br>- वैदेशिक रोजगारीमा महिलाको अवस्था<br>- वैदेशिक रोजगारीको र मानव बेचबिखनबिचको अन्तरसम्बन्ध (Nexus)। |

| | |
|---|---|
| १ घण्टा ३० मिनेट | सत्र १२. सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगार सम्बन्धी कानुनी व्यवस्था<br>- वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू<br>- वैदेशिक रोजगारीमा रहँदा ध्यान दिनुपर्ने कुराहरू<br>- वैदेशिक रोजगार सकिएर स्वदेश फर्केपछि ध्यान दिनुपर्ने कुराहरू<br>- घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जाने महिलाको लागि गरिएको व्यवस्था<br>- वैदेशिक रोजगारको लागि आवश्यक कागजपत्रहरू<br>- वैदेशिक रोजगार ऐन २०६४ ले प्रदान गरेको प्रावधान |

| | |
|---|---|
| १५ मिनेट | दैनिक मूल्याङ्कन |
| **चौथो दिन** | |
| १५ मिनेट | अघिल्लो दिनको समीक्षा |
| १ घण्टा ३० मिनेट | सत्र १३. मानव बेचबिखन तथा ओसारपसारविरुद्ध जाहेरी दर्ता, अनुसन्धान प्रक्रिया र यसका चुनौतीहरू<br>- मानव बेचबिखन तथा ओसारपसारविरुद्ध जाहेरी दर्ताको प्रक्रिया<br>- अनुसन्धानमा ध्यान दिनुपर्ने कुरा र समुदायले खेल्नुपर्ने भूमिका<br>- अनुसन्धानको चुनौती र समाधानका उपायहरू |
| १ घण्टा ३० मिनेट | सत्र १४. मानव बेचबिखन तथा ओसारपसार अपराधको सफल अभियोजनमा साक्षी तथा पीडितको भूमिका<br>- मानव बेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनमा साक्षी तथा पीडितको भूमिका<br>- साक्षी तथा पीडितको सुरक्षासँग सम्बन्धित व्यवस्था र महत्व । |
| १ घण्टा ३० मिनेट | सत्र १५ मानव बेचबिखनविरुद्धको स्थानीय समिति गठन तथा परिचालन) निर्देशिका २०७०<br>○ गठन प्रक्रिया<br>○ काम, कर्तव्य र अधिकार<br>बैठक सम्बन्धी कार्यविधि प्रतिवेदन अभिलेखन (अभ्यास) तथा पेस गर्ने प्रक्रिया |

| | |
|---|---|
| १ घण्टा ३० मिनेट | सत्र १६.सिफारिस प्रणाली **(Referral Mechanism)**<br>● सिफारिस प्रणाली के हो ?<br>● पीडित/प्रभावितलाई सेवा, सहयोग प्रदान गर्ने राष्ट्रिय, जिल्ला र गा.वि.स स्तरमा रहेका संस्थाहरूको नक्साङ्कन<br>● पीडित/प्रभावितलाई सेवा, सहयोग प्रदान गर्ने जिल्लाहरूको जानकारी र सेवा प्रदानका लागि स्थापित व्यवस्था, पीडित/प्रभावितलाई पुऱ्याउनु पर्ने सेवाहरू (सुरक्षा, मनोविमर्श, कानुनी तथा परामर्श सेवा, स्वास्थ्य सेवा, सीप विकास/रोजगारी, बीउ, पुँजी तथा अन्य सेवा)<br>● अस्पतालमा आधारित एकद्धार सङ्कट व्यवस्थापन केन्द्र र यसले पुऱ्याउने सेवा र सहयोगहरू |
| १ घण्टा ३० मिनेट | सत्र १७. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरकारी निकायहरूसँगको समन्वयकारी भूमिका (अन्तर कार्यालय समन्वय र सहकार्य)<br>● समुदायस्तरमा<br>● जिल्लास्तरमा<br>● केन्द्रस्तरमा |
| ३० मिनेट | कार्य योजना निर्माण |
| १५ मिनेट | तालिमको विषयवस्तुको पुनरावलोकन तथा समीक्षा |
| १० मिनेट | तालिम पश्चातको मूल्याङ्कन |
| २५ मिनेट | तालिम समापन |





## १) तालिम सुरु क्रियाकलापहरू

### क) स्वागत तथा कार्यक्रमको परिचय तथा प्रशिक्षण कार्यक्रमको व्यवस्थापकीय जानकारी

**उद्देश्यः** कार्यक्रमको औपचारिक/अनौपचारिक रूपमा शुभारम्भ गरी कार्यक्रम सञ्चालन गर्नुको कारण, यसको महत्व र प्रभाव तथा असरको बारेमा सहभागीहरूलाई जानकारी गराउँदै प्रशिक्षण कार्यक्रमको व्यवस्थापकीय पक्ष वारे जानकारी दिने ।

**समयः १० मिनेट**

**सामग्रीः** कार्यक्रमको औपचारिक/अनौपचारिक रूपमा शुभारम्भका लागि चाहिने सामग्रीहरूः

**प्रक्रियाः**

- सहजकर्ताले स्वागत गर्दै औपचारिक रूपमा कार्यक्रमको सञ्चालन गर्ने र सञ्चालनसँगै यस ठाउँमा अहिले यो कार्यक्रम गर्नुको औचित्य र सान्दर्भिकताका बारेमा सहभागीहरूलाई जानकारी गराउने ।
- प्रशिक्षण सञ्चालनको व्यवस्थापकीय पक्षबारे सहभागीहरूलाई जानकारी गराउने ।

### ख) कार्यक्रम सञ्चालन गर्नुको प्रमुख उद्देश्य :

**उद्देश्यः** यस कार्यक्रमको प्रमुख उद्देश्य के हो र मानव बेचबिखन तथा ओसारपसारविरुद्धको हालको अवस्थाबारे सामान्य जानकारी प्राप्त गर्नेछन् ।

**समयः १० मिनेट**

**सामग्री :** संस्थाको ब्रोसर तथा अन्य प्रकाशित सामग्रीहरू यदि भएमा ।

**प्रक्रिया :**

- संस्थाको लक्ष्य, उद्देश्य तथा नीतिका बारेमा प्रस्तुत गर्ने,
- उद्देश्यबारे प्रष्ट पार्ने ।
- मानव बेचबिखनका विरुद्ध गरेका कार्यक्रमहरूको बारेमा प्रस्तुत गर्ने ।

### ग) सहभागीहरू तथा प्रशिक्षकका बिचमा परिचयात्मक र घुलमिल कार्यक्रम

**उद्देश्यः** तालिम सञ्चालनका लागि सहज वातावरण निर्माण गर्न एक आपसमा चिनजान, आपसी समझदारी गर्ने गर्दै घुलमिल हुने ।

**समय : १५ मिनेट**

**सामग्री :** मेटाकार्ड, मार्कर आदि ।

### घ) अपेक्षा संकलन तथा उद्देश्यमाथि प्रकाश

**उद्देश्य:**यस तालिमबाट सहभागीहरूले के अपेक्षा राखेका छन् सोबारे थाहा पाउन र उनीहरूको अपेक्षा अनुसार समट्ने विषय र तालिमको उद्देश्यबारे सहभागीहरूलाई स्पष्ट गराउने ।

**समय: १५ मिनेट**

**सामग्री:** न्यूजप्रिन्ट, मार्कर, विषयवस्तु तथा उद्देश्य लेखिएको चार्ट

**प्रक्रिया:**

- यो तालिमबाट सहभागीहरूले के अपेक्षा गरेका छन्, मेटा कार्डमा लेख्न लगाउने,
- सबै सहभागीहरूले लेखी सकेपछि सहभागीहरूलाई पालैपालो भन्न लगाउने,
- यसरी पढेर सुनाइ सकेपछि न्यूजप्रिन्टमा टाँसेर भित्तामा राख्ने,
- सहभागीहरूले तालिमसँग असम्बन्धित अपेक्षा राखेमा त्यो सम्बोधन हुन नसक्ने जानकारी गराउनु पर्छ,
- तालिम अवधिभर समट्ने विषयवस्तु र उद्देश्य लेखिएको चार्ट टाँसी प्रस्ट्याउने ।

### ङ) मूल्य, मान्यता निर्धारण

**उद्देश्य:** यस तालिमलाई सहज र व्यबस्थित ढङ्गबाट सञ्चालन गर्न सहभागीहरूको सहभागितामा तालिम अवधिभर के गर्ने, के नगर्ने भनी सहभागीले नै लागु गर्ने गरी नीति, नियम बनाउने ।

**समय: १० मिनेट**

**सामग्री :** न्यूजप्रिन्ट, मार्कर

## विषय वस्तुमा प्रवेश

### सत्र १ : लिङ्गभेद र लैङ्गिकता

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- लिङ्गभेद तथा लैङ्गिकताका बारेमा जान्ने छन् र यस बारेमा भन्न सक्नेछन् ।
- लिङ्गभेद तथा लैङ्गिकताको अवधारणा स्पष्ट पारी भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीहरूलाई दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगााई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,

- न्यूजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनीसकेपछि सहभागीहरूको भनाईका आधारमा सहजकर्ताले लिङ्गभेद तथा लैङ्गिकताका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- सहजकर्ताले लिङ्गभेद तथा लैङ्गिकताको वर्तमान स्थितिका बारेमा प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले लिङ्गभेद तथा लैङ्गिकताका बारेमा सङ्क्षेपमा पुनः जानकारी दिने ।

## सत्र २: लिङ्गभेद र लैङ्गिकता बीच फरक

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- लिङ्गभेद र लैङ्गिकता बिचको फरक सम्बन्धमा भन्न सक्नेछन् ।
- लिङ्गभेद तथा लैङ्गिकताबीचको फरक सम्बन्धमा स्पष्ट पारी भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगाई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,
- न्यूजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनिसकेपछि सहभागीहरूको भनाइको आधारमा सहजकर्ताले लिङ्गभेद तथा लैङ्गिकताबीचको फरकका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले लिङ्गभेद तथा लैङ्गिकताका बीच रहेको फरकका बारेमा संक्षेपमा पुनः जानकारी दिने ।

## सत्र ३ : पितृसत्तात्मक सामाजिक संरचना

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- पितृसत्तात्मक सामाजिक संरचनाका बारेमा जान्नेछन् र यसबारेमा भन्न सक्नेछन् ।
- पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलामाथि पारेका असरका बारेमा भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगाई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,
- न्युजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनिसकेपछि सहभागीहरूको भनाईको आधारमा सहजकर्ताले पितृसत्तात्मक सामाजिक संरचना र यसका असरका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- सहजकर्ताले पितृसत्तात्मक सामाजिक संरचना र प्रतिफलका बारेमा प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले पितृसत्तात्मक सामाजिक संरचनाको बारेमा संक्षेपमा पुनः जानकारी दिने ।

## सत्र ४ : लैङ्गिक भेद र लैङ्गिक हिंसा

**उद्देश्य**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- लैङ्गिक भेदका बारेमा जान्नेछन् र यसबारेमा भन्न सक्नेछन् ।
- लैङ्गिक हिंसाका बारेमा स्पष्ट पारी भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीहरूलाई चार समूहमा विभाजन गरी लैङ्गिक भेद र लैङ्गिक हिंसाका बारेमा समूह कार्य गर्न लगाई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,
- न्यूजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफनो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनी सकेपछि सहभागीहरूको भनाईको आधारमा सहजकर्ताले लैङ्गिक भेद र लैङ्गिक हिंसाका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- सहजकर्ताले लैङ्गिक भेद र लैङ्गिक हिंसाका बारेमा प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले लैङ्गिक भेद र लैङ्गिक हिंसाका बारेमा सङ्क्षेपमा पुन जानकारी दिने ।

# सहजकर्ताको लागि स्रोत सामग्री

**लिङ्गभेद (Sex)**

मानव शरीरमा रहेको जैविक विशेषता वा गुणको आधारमा कुन व्यक्ति पुरुष हो र कुन महिला हो भनी छुट्याउन सकिने प्राकृतिक पहिचान नै लिङ्ग (Sex) हो । लिङ्ग (Sex)लाई महिला र पुरुषबिचमा रहेका जैविक वा शारीरिक विशेषताका आधारमा छुट्याइन्छ । लिङ्ग (Sex)ले पुरुष र महिलाको शारीरिक भिन्नताका बारेमा संकेत गर्दछ जुन विश्वव्यापी छ र अपरिवर्तनशील छ ।

**लैङ्गिकता (Gender)**

लैङ्गिकता नितान्त सामाजिक, सांस्कृतिक, धार्मिक व्यवस्थावाट निर्धारण हुन्छ । समाजले नै महिला र पुरुषलाई के गर्ने र के नगर्ने भन्नेबारे पद तथा भूमिका (Status and Role) को निर्धारण गरेको हुन्छ । सामाजिक व्यवस्थाले निर्धारण गरे अनुरूप महिला र पुरुषबाट समाजले अपेक्षित गरेको भूमिका नै लैङ्गिकता(Gender) हो । समुदायले सामाजिक सांस्कृतिक व्यवस्थालाई आधार बनाएर महिला र पुरुषको भूमिका निर्धारण गरेको हुन्छ सो अनुरूप अधिकार दिइएको हुन्छ, बन्देज लगाएको हुन्छ, यसैलाई लैङ्गिकता भनिन्छ ।

**लिङ्गभेद (Sex) र लैङ्गिकता (Gender) बीच फरक**

लिङ्गभेद (Sex) यो अपरिवर्तनीय जैविक विशेषता हो । जुन जन्मदै प्राप्त हुने जैविक गुण वा परिचय हो । लिङ्गका आधारमा महिला र पुरुषका केही जैविक वा प्राकृतिक कार्यहरू हुन्छन् । जसलाई उनीहरूले बेग्लाबेग्लै रूपमा सम्पादन गर्नुपर्ने हुन्छ । जस्तै : बच्चा जन्माउने, शुक्रकिट उत्पादन गर्ने, स्तनपान गराउने आदि । यो परिवर्तन गर्न सकिँदैन ।

सामाजिक मूल्य र मान्यता, धर्म र संस्कृतिका आधारमा समाजमा महिला र पुरुषले भिन्नभिन्न तरिकाले निर्वाह गर्ने भूमिकालाई लैङ्गिकता भनिन्छ । लैङ्गिक भूमिकाहरू विभेदकारी हुन्छन् । लैङ्गिकता समाजै पिच्छे फरकफरक हुन्छ । लैङ्गिकता प्राकृतिक भेद नभई समाजले सृजना गरेको भिन्नता हो, जसलाई परिवर्तन गर्न सकिन्छ ।

लैङ्गिकता (Gender) ले छोरा र छोरी, पुरुष र महिलाको सामाजिक स्थिति, स्तर र मान्यतामा भिन्नता र शक्ति सम्बन्ध, निर्णायक भूमिकामा समेत फरक भूमिका निर्धारण गर्दछ । जुन समय, परिस्थिति, भौगोलिक स्थिति, धर्म, संस्कृति जातजाति, ठाउँ अनुसार फरक फरक पाइने सामाजिक मूल्य र मान्यताका आधारमा महिला र पुरुषका भिन्नभिन्न भूमिकाहरू निर्धारण गरेको पाइन्छ जस्तोः महिलाले घरभित्रका काम गर्ने, बच्चाको स्याहार सुसार गर्ने र पुरुषले घर बाहिरका काम गर्ने व्यापार व्यवसाय, जागिर आदि काम गरी घर चलाउने जिम्मेवारी तथा भूमिका समाजद्वारा तय गर्दछ । यसरी लैङ्गिक भूमिकाका कारण पुरुषत्व सोचको बिकास भएको छ यस्तो सोच महिला र पुरुषका दुबैमा व्याप्त छ । यही सोचका कारण समाज र परिवारले महिला र पुरुषको फरक भूमिकाहरूलाई स्वीकार गऱ्यो ।

## पितृसत्तात्मक समाजिक संरचना

पितृसत्ता भनेको परिवारको मुख्य पुरुषको मातहतमा चल्ने सामाजिक संरचना हो । यस्तो संरचना परिवार, समाज र राजनीति पुरुषहरूको निर्णयबाट चल्दछ र महिलाको सहभागिता तथा योगदानको कदर हुँदैन । महिलाहरू सधैँ शोषित र विकासका सबै अवसरहरूबाट वञ्चित हुन्छन् ।

समाजले महिलालाई सम्पत्तिको कोटिमा स्थापित गर्न पुगेको देखिन्छ । जग्गा, जमिन र सम्पत्ति एकीकृत गरेपछि त्यस्तो सम्पत्ति आफ्नो वंशमा हस्तान्तरित होस् भन्ने भावना वा मनोविज्ञानबाट पुरुष जाति प्रभावित बन्न गयो । जसको कारण पुरुषले क्रमशः आफ्नो बालबच्चाको पहिचान आफ्नै नामबाट गराउने परम्पराको सुरुवात हुन थाल्यो । यसले गर्दा स्त्रीले आफूले जन्माएको बच्चाको पहिचानमा समेत आफ्नो कुनै भूमिका नरहने स्थिति बेहोर्नु पर्ने भयो । क्रमशः स्त्री जाति पुरुषको अधीनस्थ हुन गए । स्त्रीको अस्तित्वलाई जमीन वा गाईवस्तु समान मान्ने प्रवृत्ति विकसित हुँदै गएपछि नै महिलामाथि हुने शोषण बढ्दै गएको देखिन्छ । यही मान्यतामा आधारित भएर सामाजिक नियमहरू विकसित भएको कारण महिलाहरूलाई हक अधिकारबाट वञ्चित गर्ने परम्परा विकसित भएको र पितृसत्तालाई वैधानिक रूपमा स्थापित गरिएको पाइन्छ ।

महिलाको नेतृत्वलाई परिवार र समाजले सजिलोसँग स्वीकार गर्दैन । बलियो पुरुषले कमजोर पुरुषमाथि पनि शासन गर्दछ । पितृ सत्तात्मक समाजिक संरचनाले गर्दा महिला वर्ग सधैँ पुरुषवादी सोचका कारणबाट पुरुषको अधीनमा रहिरहनु पर्ने बाध्यताले गर्दा महिलाहरूले शिक्षाको अवसर तथा आफनो निर्णयबाट स्वेच्छाले काम गर्न सक्ने क्षमतामा कमी आउने हुनाले महिलाहरू पुरुषभन्दा सामाजिक, आथिृक तथा राजनैतिक रुपमा पछाडि पर्नु परेको अवस्था रहेको छ ।

## लैङ्गिक भेदभाव र लैङ्गिक हिंसा

लैङ्गिक भेदभाव भन्नाले लिङ्गको आधारमा गरिने कुनै पनि विभेदपूर्ण व्यवहारलाई बुझाउँद छ । लैङ्गिक भेदभाव भन्नाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरू कुनै विषयसम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा महिला अधिकार तथा महिलाविरुद्ध हुने हिंसा नियन्त्रण सम्बन्धी कानुन उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको उपभोग गर्नमा वा त्यसको मान्यतालाई नै क्षति वा न्यून पार्ने उद्देश्यले भएको लिङ्गको आधारमा हुने कुनै पनि भेदभावलाई जनाउँदछ । सबै मानव अधिकारहरू महिलाका पनि अधिकार हुन् । लैङ्गिक भेदभावका कारण महिलाहरू पुरुषको तुलनामा पछि परेका हुनाले महिलालाई पुरुष सरह समानरूपमा मानव अधिकारको उपभोग गर्ने स्थितिमा राख्नका लागि पनि विशेष अधिकारहरू प्रदान गरिनु पर्दछ । यसर्थ महिलालाई लक्षित गरी प्रदान गरिएका अधिकारहरू नै महिला अधिकार हुन् ।

लिङ्गमा आधारित हिंसाहरू हाम्रो समाजमा व्याप्त छन् । हाम्रो समाजिक, सांस्कृतिक मान्यताका आधारमा महिला भएकै आधारमा गरिने भेदहरू अंश र वंशमा पूर्ण अधिकार नदिइनु, आर्थिकलगायत विभिन्न अधिकारबाट बञ्चित गरिनु आदि । यस प्रकारका लैङ्गिक हिंसा गम्भीर किसिमका मानव अधिकारको उल्लङ्घन अन्तर्गत पर्दछन् । समानता, विकास र शान्ति प्राप्तिका बाधकका रूपमा रहेको यस्तो लैङ्गिक हिंसा अन्त्य गरी महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्नका लागि नेपाल सरकारले नीति तथा कार्यक्रमहरू बनाएको छ । नेपाल सरकारले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (Convention on the Elimination of All forms

of Discrimination against Women, 1979 (CEDAW) लाई २०४७ अर्थात् सन् १९९१ मा अनुमोदन गरी सो महासन्धिको मर्मअनुसार राष्ट्रिय कार्ययोजना तयार गरिएको छ।

महिलाविरुद्ध हुने हिंसा नियन्त्रणको लागि नेपालले विभिन्न समयमा राष्ट्रियस्तरका विभिन्न संवैधानिक र कानुनी व्यवस्था अपनाएको छ भने क्षेत्रीय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न महासन्धि, अभिसन्धि, आलेखको पक्ष राष्ट्र भई अनुमोदन पनि गरेको छ।

महिलाविरुद्ध हुने हिंसा उन्मूलन गर्ने घोषणा पत्र १९९३ ले गरेको परिभाषाअनुसार महिला विरुद्ध हुने हिंसा भन्नाले "सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँदछ वा पुऱ्याउने सम्भावना छ। जस अन्तर्गत यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ त्यस्तो कार्य महिला विरुद्धको हिंसा हो।"

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७९ को सुझाव नं १९ अनुसार "लैङ्गिक आधारमा हुने सबै प्रकारको हिंसाहरूलाई उन्मूलन गर्न पक्ष राष्ट्रहरूले उपयुक्त प्रभावकारी कदम चाल्नु पर्ने"व्यवस्था गरेको छ।

## दोस्रो दिन

### सत्र ५ : समानता (Equality)

**उद्देश्य :**

यो सत्रको अन्त्यमा सहभागीहरूले

- समानता र यसका अवधारणाका बारेमा जान्नेछन् र यसबारेमा भन्न सक्नेछन्।
- सारभूत समानताको बारेमा स्पष्ट पारी भन्न सक्नेछन्।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीहरूलाई दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगाई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,
- न्यूजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनिसकेपछि सहभागीहरूको भनाईको आधारमा सहजकर्ताले समानता र सारभूत समानताको अवधारणाका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले समानताका बारेमा संक्षेपमा पुनः जानकारी दिने।

## सत्र ६ : लैङ्गिक समानता (Gender Equality)

**उद्देश्य**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- लैङ्गिक समानताका बारेमा जान्नेछन् र यस बारेमा भन्न सक्नेछन् ।
- लैङ्गिक समानताको अवधारणा स्पष्ट पारी भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगाई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,
- न्यूजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनिसकेपछि सहभागीहरूको भनाईको आधारमा सहजकर्ताले लैङ्गिक समानताका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- लैङ्गिक समानताको वर्तमान स्थितिका बारेमा प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले लैङ्गिक समानताका बारेमा सङ्क्षेपमा पुनः जानकारी दिने ।

## सत्र ७ : समावेशी हक (Inclusive Rights)

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- समावेशी हकका बारेमा जान्नेछन् र यसबारेमा भन्न सक्नेछन् ।
- समावेशी हकको अवधारणा स्पष्ट पारी भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगाई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,

- न्यूजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनी सकेपछि सहभागीहरूको भनाइको आधारमा सहजकर्ताले समावेशी हकका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- सहजकर्ताले समावेशी हकको वर्तमान स्थितिका बारेमा प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले समावेशी हकका बारेमा सङ्क्षेपमा पुन जानकारी दिने ।

## सत्र ८ : पुरुषत्व र लैङ्गिक हिंसा (Masculinity and Gender-based Violence)

**उद्देश्य**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- पुरुषत्व र लैङ्गिक हिंसा बारेमा जान्ने छन ।
- पुरुषत्व र लैङ्गिक हिंसाको अवधारणा स्पष्ट पारी भन्न सक्नेछन् ।

**समय** : १ घण्टा

**विधि** : प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री** : मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया** :

- सहभागीलाई दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगाई प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाउने,
- न्यूजप्रिन्टमा लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनी सकेपछि सहभागीहरूको भनाईको आधारमा सहजकर्ताले पुरुषत्व र लैङ्गिक हिंसाका बारेमा प्रस्तुत गरी प्रस्ट पार्ने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले पुरुषत्व र लैङ्गिक हिंसाको बारेमा सङ्क्षेपमा पुनः जानकारी दिने ।

## सहजकर्ताको लागि स्रोत सामग्री

**समानता (Equality ) :**

कुनै पनि व्यक्तिलाई लिङ्गको आधारमा कुनै पनि विभेद नगर्नु वा समान व्यवहार गर्नुलाई समानता भनिन्छ । हाम्रो समाजको संरचना पितृ सत्तात्मक छ, यही संरचनाका कारणले गर्दा हाम्रो परम्परा, संस्कृति कारणले लिङ्गका आधारमा भेदभाव कायमै छ । सामाजिक लैङ्गिक भेदको अन्त्यको लागि सामाजिक सचेतना, शिक्षा, विशेष नीति तथा कानुन निर्माण गरी समानता तर्फ उन्मुख हुन सक्दछ । समानतालाई दुई प्रकारमा विभाजन गरी हेर्न सकिन्छ :

१. **औपचारिक समानता ( Formal Equality )**

औपचारिक समानताको सिद्धान्तले कार्यविधिगत समानतामा बढी जोड दिन्छ । यस सिद्धान्तको सबैभन्दा कमजोर पक्ष भनेको यसले कानुनको हुबहु अक्षरस अनुसरण गर्दछ । तटस्थतामा आधारित कानुनले महिला र पुरुषलाई पार्ने फरक फरक परिणाम र असरप्रति कुनै विचार गर्दैन । यसर्थ महिला र पुरुषबीच रहेको लैङ्गिक दुरीलाई पनि मेट्न सकेको छैन । यसले केवल कानुनमा मात्र समानता खोज्दछ, व्यवहारमा समानता ल्याउन सक्दैन । महिला र पुरुष कानूनी रुपमा समान हैसियत राख्दछन् तसर्थ उनीहरूलाई समान व्यवहार गर्नु पर्दछ भन्ने मान्यता राख्दछ ।

२. **सारभूत समानता ( Substantive Equality )**

सारभूत समानताको सिद्धान्तले समानतालाई लक्ष्यको रूपमा लिएको छ र वास्तविक समानतामा पुग्नलाई महिलाहरूको लागि विशेष कानुनी व्यवस्था गर्नुलाई साधनको रूपमा लिएको छ । यस सिद्धान्तले महिला, बालबालिका तथा असक्षम व्यक्तिहरूलाई समान रूपमा हेरिनु मात्रै समानता होइन, तिनीहरूलाई सक्षम व्यक्तिहरू भन्दा फरक किसिमले व्यवहार गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । सारभूत समानताको एउटा लक्ष्य विगतमा देखिएको भेदभावबाट मुक्त गरी समान हैसियतमा पुऱ्याउनु हो । समानता अवसरको लागि मात्र नभई पँहुच र परिणाममा हुनु पर्दछ ।

कानुनले र वास्तविक समानतालाई ग्यारेन्टी गर्दछ । महिला र पुरुषबिच वितरण र फाइदामा समानता कायम गर्न विशेष व्यवस्था गरी फरक व्यवहारको व्यवस्थालाई जोड दिन्छ ।

विशेष व्यवस्थाले सामाजिक, सांस्कृतिक, परम्परागत रूपबाट भएका बाधा अड्चनलाई हटाई सक्षम बनाउन मद्दत गर्दछ ।

समानता प्रत्येक व्यक्ति, समाज र राष्ट्रको लक्ष्य हो तर परम्परागत समानताको सिद्धान्तले व्यवहारमा समानता ल्याउन नसकेकोले वास्तविक व्यवहारमा समानता कसरी ल्याउने भन्ने क्रममा समानताका तिन वटा अवधारणा (Approaches to Equality ) अगाडि आएका छन् । जुन यस प्रकार छन् ः

क. **बराबरीको दृष्टिकोण ( Sameness Approach )**

यो समानतासम्बन्धी पहिलो धारणा हो । यस दृष्टिकोणले महिला र पुरुष दुवै बराबर छन् भन्ने मान्यता राख्दछ । महिला र पुरुष दुवैलाई समान अवसरहरू प्रदान गरेमा समानता हुन्छ भन्ने मान्यता राख्दछ ।

ख. **संरक्षणवादी दृष्टिकोण ( Protectionist Approach)**

यो दृष्टिकोणले महिला र पुरुष फरक हुनुमा प्राकृतिक भेद रहेको देख्दछ । त्यसैले यस दृष्टिकोणले महिलाहरू शारीरिक रूपमा पुरुषभन्दा कमजोर छन् र उनीहरूलाई संरक्षणको आवश्यकता पर्दछ भन्ने आधारमा महिलालाई संरक्षण गर्ने नाममा महिलाका अधिकारहरूमा नियन्त्रण तथा बन्देज लगाउँदछ ।

ग. **सुधारात्मक दृष्टिकोण (Corrective Approach )**

यस दृष्टिकोणले महिला र पुरुष फरक हुनुमा परापूर्वकालदेखि रहेको सामाजिक भेद रहेको देख्दछ । यसले महिला र पुरुषबिच विद्यमान लैङ्गिक अन्तरलाई आत्मसात् गर्दै दुवैलाई समान दृष्टिले हेर्ने तटस्थ कानुनले समानता ल्याउँदैन भन्ने मान्यता राख्दछ । अतः अवसरमा मात्र नभई पहुँच र परिणाममा समेत समानता ल्याउन सुधारात्मक उपायहरू अपनाउनु पर्ने कुरामा यसले जोड दिन्छ ।

### यस महासन्धि मूलतः तीन वटा सिद्धान्तहरूमा आधारित छः

१. अविभेदको सिद्धान्त (Principle of Non-Discrimination),

२. समानताको सिद्धान्त (Principle of Equality),

३. राज्यको दायित्वको सिद्धान्त (Principle of State Obligation ) मा आधारित छ ।

यस महासन्धिले महिला विरुद्धको भेदभावलाई लिङ्गको आधारमा गरिने फरक व्यवहारमा मात्र सीमित नरही, विस्तृत र व्यापक रूपमा हेरेको छ । प्रत्यक्ष वा अप्रत्यक्ष (Direct or Indirect) रूपमा गरिने भेदभाव, मनसाययुक्त वा विना मनसाय ( Intentional or Unintentional ) गरिने भेदभाव, कानुनी वा वास्तविक (De jure or De facto ), वर्तमान वा ऐतिहासिक संरचनात्मक (Present or Historical/ Institutional), अन्तर सम्बन्धित (Crosscuting), अन्तर विषयगत (Intersectional), भेदभाव लगायतका विस्तृत र व्यापक अर्थमा भेदभावलाई हेर्नु पर्ने मान्यता राख्दछ ।

यसले महिला र पुरुषबिच समानताको लागि बाधक कुनै पनि बन्देजलाई भेदभावकै रूपमा हेर्दछ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको धारा ६ देखि १६ सम्म महिलाका अधिकारहरूको बारेमा उल्लेख गरेको छ । समानता प्रत्येक व्यक्ति, समाज र राष्ट्रको लक्ष्य हो तर परम्परागत समानताको सिद्धान्तले व्यवहारमा समानता ल्याउन नसकेकाले वास्तविक व्यवहारमा समानता कसरी ल्याउने भन्ने क्रममा समानताका अवधारणा (Approaches to Equality ) अगाडि आएका छन् जुन यस प्रकार छन् ः

### लैङ्गिक समानता (Gender Equality)

लैङ्गिक समानता भनेको महिला र पुरुषबिचको जैविक भेद (Biological differences) कै कारणले महिला र पुरुषको बिचमा कुनै पनि किसिमका सामाजिक वा कानुनी भेदभाव वा पक्षपातपूर्ण भेदभाव नगरी समान व्यवहार गर्नु हो । लैङ्गिक समानता व्यक्तिगत समानता भन्दा पछिल्लो धारणा हो जस्ले समूह समानता (Group equality) मा जोड दिन्छ ।

लैङ्गिक असमानताको कारणले महिला मात्र नभई परिवार, समाज अनि सम्पूर्ण राष्ट्रलाई नै असर परिरहेको छ । लैङ्गिक समानताको विषय केबल महिलाको मात्र नभएर समग्र राष्ट्रको सरोकारको विषय हो । एक्काइसौं शताब्दीमा आइपुग्दा समेत पनि केबल लिङ्गको आधारमा मात्र नागरिक नागरिक बिचमा भेदभाव गरिनु मानव सभ्यताकै लागि चुनौतीको विषय हो । सबै मानव अधिकारहरू महिलाका पनि अधिकार हुन् । लैङ्गिक भेदभावका कारण महिलाहरू पुरुषको तुलनामा पछि परेका हुनाले महिलालाई पुरुष सरह समान रूपमा मानव अधिकारको उपभोग गर्ने स्थितिमा राख्नका लागि पनि विषेश अधिकारहरू प्रदान गरिनु पर्दछ । यसर्थ महिलालाई लक्षित गरी प्रदान गरिएका अधिकारहरू नै महिला अधिकार हुन् ।

## समावेशी हक (Social Inclusion)

लैङ्गिक समानताका लागि समावेशी हक राज्यद्वारा प्रदान गरिनु पर्दछ । सामाजिक समावेशीकरण (Social Inclusion) भन्नाले वञ्चितीकरणमा (Exclusion) परेका समूहलाई समाजको मूलधारमा समावेश गर्न प्रभावकारी वातावरण सिर्जना गर्ने एक महत्वपूर्ण आधार हो ।

नेपाली समाज पितृसत्तात्मक सोचबाट ग्रस्त छ, यही सोचबाट बनेका कानुन, नीति, राज्य व्यवस्थाका कारण नेपाली महिलाहरू तथा वञ्चितीकरणमा परेका समूहहरू अहिले पनि उपेक्षित बन्नु परेको छ। आर्थिक, सामाजिक, राजनीतिक र कानुनी क्षेत्रमा समान अवसर, पहुँच र सहभागीताको लागि समावेशीकरण गर्न समावेशी हकको अवधारणा आएको हो ।

## संवैधानिक अधिकार

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा नै लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनः संरचना गर्ने सङ्कल्प गरिएको छ। संविधानको धारा १२ देखि ३२ सम्म मौलिक हकको व्यवस्था छ,

धारा १३ (३) मा महिला, दलित, आदिवासी जनजाति आदिको सशक्तिकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने, धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक, धारा २० मा महिलाको हकसम्बन्धी व्यवस्था, धारा २१ मा सामाजिक न्यायको हकसम्बन्धी व्यवस्था, धारा २४ मा न्याय सम्बन्धी हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा २२ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ।

## लैङ्गिकता र मानव बेचबिखन (Gender and Human Trafficking):

मानव बेचबिखन तथा ओसारपसारबाट विषेशगरी महिला तथा बालिकाहरू पीडित हुने गर्दछन्। जसको आधारमा समाजमा महिला र पुरुषले भिन्न भूमिका निभाउनु पर्ने सामाजिकीकरण प्रक्रियाबाट सुनिश्चित गराउँदै आएको हुन्छ। यसले गर्दा महिला र पुरुषबिच असमानताको खाडलहरू प्रशस्त रहेका छन्। पुरुषको दाँजोमा महिलाको शिक्षा, रोजगारको अवसर, आर्थिक कारोबारमा पहुँच, समान पारिश्रमिक, पैतृक सम्पतिमा अधिकार न्यून रहेको अवस्थाले गर्दा महिला तथा बालिकाहरू विभिन्न यातना, बलात्कार, कुटपिट, बेचबिखन, हिंसा, बालबिबाहजस्ता अमानवीय क्रियाकलापबाट पीडित छन्। यस्तै स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्ने वातावरण र संस्कार अझै पनि नरहेकोले यसको फाइदा उठाई ललाईफकाई तथा प्रलोभनमा पारी महिला तथा बालबालिकाहरूलाई विभिन्न क्रियाकलापको लागि बेचबिखन तथा ओसारपसार गर्ने गरेको पाइन्छ । विगतमा मानव बेचबिखन भन्नाले महिला वा बालबालिकाहरूको बेचबिखनलाई बुझाउने गर्दथ्यो भने हाल आएर बेचबिखनबाट महिला, पुरुष र बालबालिका सबै पर्ने गरेको देखिन्छ। लिङ्गको आधारमा गरिने विभेदका कारण प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मानव बेचबिखनको जोखिम बढ्ने गरेको पाइन्छ।

## सामाजिक बहिष्करण :

कुनै पनि घटनाका कारण कुनै व्यक्ति वा परिवारलाई समाजले अपनाउन नभन्नु र सामाजिक क्रियाकलापमा सहभागी नगराउनु लाई सामाजिक बहिष्करण भनिन्छ। बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरू बारम्बार सामाजिक बहिष्करणमा परेका छन्। बेचबिखनका पीडितहरूलाई आफ्नै परिवारले पनि नस्वीकार्ने प्रवृत्ति हाम्रो

समाजमा व्याप्त रहेको छ । बोक्सीको आरोपमा परेका पीडित, बलात्कारमा परेका पीडित, यौनजन्य हिंसामा परेका पीडितहरूलाई समाजद्वारा बहिष्करण गर्ने घटनाहरू घटिरहेका छन् ।

## पुरुषत्व (Masculinities)

पुरुषत्व समाजिक लिङ्गभेदको उपजको रूपमा लिइन्छ। पुरुषत्व समाजद्वारा निर्धारण गरिएको पुरुषले गर्ने चालचलन र व्यवहार हो । पुरुषत्वका बारेमा कुनै ठोस परिभाषा छैन् । पुरुषत्व वर्ग, जाति, संस्कृति र सामाजिक परम्परागत संरचना पिच्छे फरकफरक हुने गर्दछ। धरैजसो समाजमा परम्परागत सामाजिक संरचनाका आधारमा चल्दै आएको भूमिकालाई निरन्तरता दिँदै आएका छन् । उदाहरणका लागि पुरुष परिवारको मुख्य व्यक्ति, घरधनी, सम्पत्तिको मालिक, आमाबुबालाई बुढेस कालमा पाल्ने, आमाबुबाको मृत्युमा काज किरिया गर्ने, वंश चलाउने भनी घर परिवारले छोराको चाहना गर्ने र समाजले पनि छोरालाई नै प्राथमिकता दिने ।

पुरुषले ठुलो स्वरमा बोल्नु, घरका महिला सदस्यहरू तथा बालबालिकाहरूलाई आदेश दिने काममा लगाउने, हप्काई दप्काई गर्ने र आफ्नो अधीनमा राख्ने । पुरुष बलवान्, संवेदनालाई नियन्त्रणमा लिन सक्ने हुनपर्छ भनी समाजले निर्धारण गरेको छ तर महिला भने संवेदनशील हुनुपर्छ र दुखमा रुनुपर्छ भनी निर्धारण गरेको छ। लोग्ने मानिस भएर रुनु हुन्न भनी दुखका घडीमा पनि भित्रभित्रै रुने तर बाहिर समाजलाई देखाएर नरुने भनी समाजले निर्धारण गरेको छ। पुरुष शारीरिक रूपमा महिलाभन्दा बलियो, यौनिकतामा सबल हुन्छन् भन्ने परम्परागत सोच र व्यवहार नै पुरुषत्वका कडी हुन् । यी परम्परागत पुरुषत्वका आधारमा पुरुषहरू आफूलाई शारीरिक, यौनिक, आर्थिक रूपमा बलियो छु भनी देखाउन उनीहरू महिला तथा बालबालिकामाथि शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक रूपमा हिंसा गर्ने प्रवृति बढिरहेको छ ।

## लैङ्गिक हिंसा र लैङ्गिक हिंसाका स्वरूपहरू (Gender based Violence and Forms of Gender based Violence) :

सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा गरिने जुनसुकै प्रकारको विभेद, बहिष्करण नै लैङ्गिक हिंसा हो । लैङ्गिक हिंसा शारीरिक, मानसिक, यौनजन्य क्षति, यातना, पीडा लगायतका स्वरूपमा घट्ने गरेको पाइन्छ । लैङ्गिक हिंसा महिला, पुरुष वा अन्य जोसुकै प्रति लक्षित हुनसक्छ तर लैङ्गिक हिंसाबाट बढी मात्रामा महिला तथा बालिकाहरू पीडित भएको पाईन्छ । विशेष गरी निम्न बमोजिमका विभिन्न स्वरूपमा लैङ्गिक हिंसाका घटनाहरू घट्ने गरेका छन् :

- दाइजोजन्य हिंसा,
- बोक्सीको आरोप,
- घरेलु हिंसा,
- बालविवाह,
- बहुविवाह,
- यौनजन्य हिंसा,
- अनमेल विवाह
- कार्य स्थलमा हुने हिंसा,

- बलात्कार,
- मानव बेचबिखन,
- छाउपडी लगायतका कुप्रथा तथा कुसंस्कारका कारणबाट निर्दोष महिलाहरू हिंसामा परेका छन्,
- लैङ्गिक हिंसा निवारण कोष संचालन निर्देशिकाले तोकेका अन्य हिंसाहरू ।

## सत्र ९ : मानव बेचबिखन तथा ओसारपसार अवधारणागत स्पष्टता र कानुनी व्यवस्था

**उद्देश्य :** यो सत्रको अन्त्यमा सहभागीहरूले

- मानव बेचबिखन तथा ओसारपसारको परिभाषा र अहिलेको स्थिति बारे भन्न सक्नेछन्,
- मानव बेचबिखन तथा ओसारपसारको प्रकृति, अपनाइने तरिकाहरू र कारणहरूका बारे भन्न सक्नेछन्,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ ले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सिम्बन्धमा भएका कानुनी व्यवस्थाका बारेमा जानकारी हासिल गर्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई मानव बेचबिखन तथा ओसारपसार भन्नाले के बुझ्नु हुन्छ ? केही क्षण विचार गर्न दिने र प्रत्येक सहभागीहरूलाई मेटाकार्डमा सो विचार लेख्न लागाउने,
- मेटाकार्डमा विचार लेखी सकेपछि प्रत्येक सहभागीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउने,
- सबैको विचार सुनी सकेपछि सहभागीहरूको भनाईको आधारमा सहजकर्ताले मानव बेचबिखन तथा ओसारपसारको परिभाषा प्रस्तुत गर्ने र प्रस्टाउने,
- सहजकर्ताले मानव बेचबिखन तथा ओसारपसारको वर्तमान स्थिति प्रस्तुत गर्ने र यसमा कसैको थप जिज्ञासा वा प्रश्नहरू भएमा व्यक्त गर्न लगाउने,
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले मानव बेचबिखन तथा ओसारपसारको वर्तमान स्थितिको सङ्क्षेपमा पुनः जानकारी दिने,
- मानव बेचबिखन तथा ओसारपसारको प्रकृति अर्थात् यसका स्वरूप बारे जानकारी छ भनी सहभागीहरूलाई प्रश्न गर्ने, सहभागीहरूको भनाईहरू संकलन गरी सकेपछि सहजकर्ताले मानव बेचबिखन तथा ओसारपसारको प्रकृति तथा स्वरूपको बुँदागत रूपमा प्रस्तुतिसँगै प्रस्टाउँदै जाने,
- स्थानीयस्तरमा मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू भइरहेका छन्, छैनन् ? छन् भने कस्ता प्रकृति अर्थात् यसका स्वरूपका छन् सहभागीहरूलाई प्रश्न गर्ने र एकछिन छलफल चलाउने,
- छलफल पश्चात् सहजकर्ताले पुनः संक्षेपमा मानव बेचबिखन तथा ओसारपसारको प्रकृति तथा स्वरूपका बारे जानकारी दिने,
- स्थानीयस्तरमा मानव बेचबिखन तथा ओसारपसारको लागि कस्ता कस्ता तरिकाहरू अपनाउने गर्दछन्

भनी सहभागीहरूलाई प्रश्न गर्ने ? सहभागीहरूबाट व्यक्त भएका तरिकाहरूलाई क्रमश बुँदागत रूपमा न्यूजप्रिन्टमा लेख्दै जाने । लेखेका बुँदाहरूलाई समेत समेट्ने गरी सहजकर्ताले मानव बेचबिखन तथा ओसारपसारको लागि हाल अपनाउने तरिकाहरू प्रस्तुत गर्दै प्रस्ट्याउने,

- सहभागीहरूलाई ३ समूहमा विभाजन गरी मानव बेचबिखन तथा ओसारपसार किन भइरहेको छ यसका कारणहरू के के हुन् ? सो विषयमा छलफल गरी न्यूजप्रिन्टमा लेख्न १० मिनेटको समय दिने,
- न्यूजप्रिन्टमा लेख्ने काम पश्चात प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाउने । प्रस्तुतिकरण पछि ३ वटै समूहले लेखेका मिल्दा कारणहरू र अन्य कारणहरूलाई सहजकर्ताले न्युजप्रिन्टमा पुनः टिप्ने र बोर्डमा टाँस्ने र त्यसमा थप कारणहरू सहित सहजकर्ताले प्रस्तुत गर्दै प्रस्ट्याउने,
- मानव बेचबिखन तथा ओसारपसारबाट बढी को जोखिममा पर्दछ ? सहभागीहरूलाई प्रश्न गर्ने । आएका जवाफ न्यूजप्रिन्टमा टिप्दै जाने र यसबाट महिलामाथि पार्ने असरहरूको प्रस्तुति सहित प्रस्ट्याउने,
- मानव बेचबिखन तथा ओसारपसारका प्रकृति, तरिकाहरू र कारणहरूबारे सहभागीहरूलाई सोध्ने
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा भएका कानुनी व्यवस्थाका बारेमा के थाहा छ सो वारे सहभागीहरू संग प्रश्न गर्ने र सहजकर्ताले यस सत्रको अन्त्यमा प्रस्तुत विषय, छलफल तथा प्रस्तुतिलाई सङ्क्षेपमा बताई यस सत्रको अन्त्य गर्ने ।

## सहजकर्ताहरूको लागि स्रोत सामग्री

### मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

मानव बेचबिखन तथा ओसारपसार भन्नाले कसैले कुनै पनि मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाईफकाई प्रलोभनमा पारी, झुक्याई, डर, त्रास वा बल प्रयोग गरी वा नगरी बिक्री गर्ने उद्देश्यले देश भित्र वा बाहिर एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा लगी बिक्री गर्ने, अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने कार्यलाई जनाउँछ । मानव बेचबिखन तथा ओसारपसारलाई दण्डनीय गम्भीर अपराधको रूपमा मानेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले बेचबिखन र ओसारपसारको परिभाषा निम्नानुसार रहेको छ ।

### बेचबिखन

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
- वेश्यागमन गर्ने ।

### ओसारपसार

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले शारीरिक वा मानसिक रूपमा दबाब वा प्रलोभनमा पारी

कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लाने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने,

- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मन्जुरी विना नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने । मानव बेचबिखन तथा ओसारपसार : के हो र के होइन ।

### मानव बेचबिखन तथा ओसारपसर के हो, के होइन ?

| मानव बेचबिखन तथा ओसारपसार के होइन | मानव बेचबिखन तथा ओसारपसारमा के हो |
|---|---|
| • विदेशमा काम गर्न जानु,<br>• कामको खोजीमा कतै जानु,<br>• बसाइँसराइँ गर्नु,<br>• गैरकानुनी आप्रवाशन जानु,<br>• मानव तस्करीजन्य कार्य,<br>• आन्तरिक विस्थापित तथा शरणार्थीको अवस्था । | • काम दिलाउने सहमति गरी नियन्त्रणमा लिनु,<br>• बिक्री गर्ने मनसायले एक ठाउँबाट अर्को ठाउँमा लैजानु, बिक्री गर्नु,<br>• मानव बेचबिखनमा जहिले पनि शोषण र दासत्वको अवस्था हुन्छ,<br>• मानव बेचबिखनमा परेको व्यक्तिको स्वतन्त्रता पूर्ण रूपमा अरूको नियन्त्रणमा रहेको हुन्छ,<br>• मानव बेचबिखनमा सहमति हुँदैन, तर बालबालिकाको सहमतिको अर्थ रहँदैन । फाइदाको लोभ देखाएर लिएको सहमतिको मान्यता रहन्न । |

### मानव बेचबिखन तथा ओसारपसारको वर्तमान स्थिति

मानव बेचबिखन तथा ओसारपसार विश्व बजारमा कम जोखिममा अति नै लाभयुक्त आपराधिक उद्योगको रूपमा फस्टाउँदै गइरहेका सन्दर्भमा नेपाल पनि यो समस्याबाट अछुतो रहन सकेको छैन । नेपालमा अझै पनि विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन एक गम्भीर समस्या र चुनौतीको रूपमा रहेको अवस्था छ । मानव बेचबिखनबारे कुनै पनि मुलुकमा यकीन तथ्याङ्क पाइँदैन सुरुमा कुनै जाति र समुदाय विशेषबाट थालनी भएको यौन शोषणका लागि महिला तथा बालिकाको बेचबिखनको समस्याबाट अहिले सबै जिल्ला र समुदाय प्रभावित हुन पुगेको देखिन्छ । वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षण मानव बेचबिखनका अपराधीहरूका लागि चलखेलको विषय बन्न पुगेको छ । इतिहासको कुनै कालखण्डमा भारतमा नोकरी, दासत्व र यौन व्यवसायका लागि सुरु भएको नेपाली चेलीबेटीहरूको बेचबिखन र ओसारपसार आन्तरिक सहर बजारदेखि छिमेकी मुलुकहरू हुँदै समुद्र पारिका मुलुकहरूसम्म फैलिन पुगेको देखिन्छ भने लिङ्गको हिसाबले पुरुष, बालक र यौनिक अल्प सङ्ख्यकलाई पनि छाडेको छैन । कसैलाई पनि देशभित्र वा देश बाहिर कसैले पनि बेचबिखन तथा ओसारपसार गर्न पाइँदैन, गरेमा यसलाई मानव अधिकारको गम्भीर उलङ्घन तथा मानव अधिकारको जघन्य अपराधको रूपमा लिइएको छ । वर्षेनी हजारौं मानिसहरू बेचबिखन तथा ओसारपसारको शिकारमा परेको विभिन्न तथ्याङ्कले देखाउँछ । मानव बेचबिखन हुनु भनेको थुप्रै यस्ता मानव अधिकारको हनन हुनु हो जहाँ पर्याप्त जीवनस्तर उकास्ने, मानसिक तथा शारीरिक हिंसाबाट मुक्त र स्वतन्त्रपूर्वक हिँडडुल गर्ने अधिकारबाट बञ्चितमा परेका हुन्छन् । बेचबिखिन तथा ओसारपसार हुनु भनेको किशोरीहरूलाई यौन व्यापारमा संलग्न गराउने कार्य भनी प्रायः अनुमान गरिन्छ । तर यसको दायरा यतिमा मात्र सीमित नभई बहुपक्षीय रूपमा संलग्न गराउने कार्यका साथै समस्याको प्रकृति पनि

समय सापेक्ष परिवर्तन भइसकेको छ । बेचबिखन तथा ओसारपसारमा, केवल किशोरीहरू तथा महिला मात्र नभै किशोर तथा पुरुषहरू पनि पर्ने गरेका छन् । किशोरी तथा महिलाहरू शोषण र जोखिममा पर्ने क्रम बढ्दो रूपमा छन् । मानव बेचबिखन तथा ओसारपसारबाट विषेशत पीडित महिला तथा बालिकाहरू छन् । यसो हुनुको मुख्य कारणमा लैङ्गिक भेद हो । जसको आधारमा समाजमा महिला र पुरुषले भिन्न भूमिका निभाउनु पर्ने सामाजिकीकरण प्रक्रियाबाट सुनिश्चित गराउँदै आएको हुन्छ । यसले गर्दा महिला र पुरुषबिच असमानताका खाडलहरू प्रशस्त रहेका छन् । पुरुषको दाँजोमा महिलाको शिक्षा, रोजगारको अवसर, आर्थिक कारोबारमा पहुँच, समान पारश्रमिक, पैतृक सम्पतिमा अधिकार न्यून रहेको अवस्थाले गर्दा महिला तथा बालिकाहरू विभिन्न यातना, बलात्कार, कुटपिट, बेचबिखन, हिंसा, बालविवाह जस्ता अमानवीय क्रियाकलापबाट पीडित छन् ।

## मानव बेचबिखन तथा ओसारपसारको प्रकृति

मानव बेचबिखन यौन शोषण वा वेश्यावृत्तिको लागि मात्र प्रयोग गरिने अवस्थाबाट अब आएर शरीरका महत्वपूर्ण अङ्ग झिक्ने, सर्कसमा धार्मिक वा सांस्कृतिक प्रयोजनका काममा लगाउने, माग्ने बनाउने, बधुँवा मजदुर बनाउने, वयष्कहरूलाई मनोरञ्जन गर्ने साधन तथा एक ठाउँबाट अर्को ठाउँमा मजदुरीमा लगी शोषण गर्ने जस्ता कार्यका लागि समेत मानव बेचबिखन हुने गरेको छ ।

सामान्यतया अन्तरदेशीय बेचबिखनमा उत्पत्तिको देश र गन्तव्यको देश गरी दुई देशहरू रहेका हुन्छन् । त्यस्तै कतिपय अवस्थामा तेस्रो देशमा हुने बेचबिखनमा अन्य मुलुकको बाटो प्रयोग गरिने हुँदा सो बाटोको मुलुक समेत बेचबिखनको माध्यम बनेको छ । नेपालको अहिलेको अवस्था स्रोत मुलुकको रूपमा रहेको छ र नेपालबाट महिला मात्र नभई बालबालिका र पुरुषहरूलाई समेत यौन शोषण र बलपूर्वकको श्रमका लागि विदेशमा खासगरी भारत, खाडी मुलुकमा तथा हाल आएर चीन तथा अन्य अफ्रिकी राष्ट्रहरूमा समेत बेचिने गरेको तथ्याङ्क समाचारहरूमा आइरहेका छन् ।

पछिल्लो समयमा देशभित्र मानव बेचबिखनका घटनाहरूमा वृद्धि भइरहेको छ । देशभित्र पनि क्याबिन रेस्टुँरा, डान्सबार, मसाज लगायत संगठित रूपमा पनि यौन व्यवसाय सञ्चालनमा गर्ने गरेको पाइन्छ । त्यसैले मानव बेचबिखन र ओसारपसार देशभित्र र अन्तर देशीय दुवै ठाउँमा संगठित रूपमा रहेको छ ।

मानव अधिकारको सन्दर्भबाट हेर्दा मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा विश्वव्यापी परिभाषाहरूमा रहेका समानताहरू

- सबै प्रकारका मानव बेचबिखन तथा ओसारपसारमा आधारभूत मानव अधिकारको उल्लङ्घन व्यापक साझा तत्वको रूपमा समाविष्ट भेटिन्छ ।
- बेचबिखन तथा ओसारपसारमा पीडितको स्वतन्त्र सहमति कहिल्यै रहँदैन ।
- मानव बेचबिखन तथा ओसारपसार दासताको अवस्था हो ।
- मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरू सधैं शोषित हुन्छन् ।
- मानव बेचबिखन तथा ओसारपसार कुनै पनि समाजमा ग्रहणीय छैन ।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी यी साझा चरित्रहरूले गर्दा यससम्बन्धी सामान्यतया ग्रहणीय परिभाषाका लागि एउटा मिलनबिन्दु उपलब्ध गराउँदछ जसले गर्दा मानव बेचबिखन तथा

ओसारपसारलाई त्यस्तै प्रकारका अन्य कार्यहरू जस्तै असंगठित बसाइँसराइँ मानव तस्करी आदिबाट पृथक राख्ने आधारहरू उपलब्ध गराउँछन् ।

**मानव बेचबिखन तथा ओसारपसारको विश्वव्यापी अवधारणा निर्माणका लागि बाधक रहेका कुराहरू :**

- घरेलु कानुनहरूले प्रायजसो यस अपराधलाई समाज विरुद्धको अपराधको रूपमा वा सार्वजनिक शान्ति,
- सुरक्षाविरुद्धको कार्यको रूपमा मात्र परिभाषित गर्नु,
- बेचबिखन तथा ओसारपसारलाई व्यावसायिक यौन शोषण र नैतिकताको मुद्दा मात्र बनाइनु,
- कानुनहरूमा यस अपराधलाई गैरकानुनी लाभको लागि शरीरमाथिको व्यापारको रूपमा मात्र हेरिनु,
- यस अपराधलाई नितान्त फौजदारी कानुनको सरोकारको विषयको रूपमा मात्र परिभाषित गरिनु ।

**मानव बेचबिखन तथा ओसारपसारको अवधारणागत प्रस्टताका बारेमा थाहा पाउनु पर्ने कुराहरू:**

- मानव बेचबिखन तथा ओसारपसारको कार्य अनैच्छिक र शोषणपूर्ण हुन्छ ।
- मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्य मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्तिहरूको मस्तिष्कमा अपराध (आपराधिक सोच वा नियतको अवधारणा) को रूपमा उत्पन्न हुन्छ र पीडितको मानव भएकै कारण प्राप्त अन्तर्निहित स्वतन्त्रताको हनन् गरी अन्त्य हुन्छ ।
- बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरू आफूले भोग्नु पर्ने जीवनप्रति अनभिज्ञ हुन्छन् ।
- बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिलाई बल प्रयोग गरी वा त्रासमा पारी मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्तिको माग पुरा गर्न बाध्य पारिन्छ ।
- पीडितलाई सांस्कृतिक, भाषिक रूपमा एक्ल्याई शारीरिक चुनौतीपूर्ण वातावरणमा राखिन्छ र कानुनी पहिचान र न्यायमाथिको पहुँचबाट टाढा पुऱ्याइन्छ ।
- पीडितहरू एक ठाउँबाट अर्को ठाउँमा जान र काम छोड्न स्वतन्त्र हुँदैनन् र उनीहरूको आय माथिको नियन्त्रण हुँदैन ।

**मानव बेचबिखन तथा ओसारपसारको लागि अपनाइने तरिकाहरू**

**(अ) प्रत्यक्ष सम्पर्कबाट**

कोही कोठी सञ्चालक, देह व्यापार गर्ने महिलाहरू वा तिनीहरूका आफन्तहरू गाउँ आउँदा आर्कषित गर्ने वा प्रभावमा पार्ने गर्दछन् । आकर्षण र प्रलोभनमा परी परिवारकै स्वीकृति लिई कैयौं महिला दिदी, बहिनीहरू अपराधीसँग जाने प्रवृत्ति पनि रहेको छ ।

**(आ) एजेन्ट (दलाल) द्वारा**

मानव बेचबिखन गर्ने क्रममा विभिन्न दलाल वा एजेन्टहरूले निम्न लिखित तरिकाहरूको प्रयोग गरेर विदेश वा सीमापारि लाने गरेको पाइन्छ :

- **नक्कली विवाह वा प्रेम गरी :** प्रायः यस अपराधका एजेन्टहरू सोझा अनपढ अभिभावक तथा संरक्षकहरूलाई दङ्ग पारी उनीहरूका छोरीबेटीलाई फकाईफुल्याई झुक्याएर नक्कली रूपमा प्रेम गरी वा विवाह गरी लिएर जाने गर्दछन्, जुन सजिलो र प्रचलित तरिका भएको छ । सहरमा कलकारखानामा रोजगारी गरिरहेका महिलाहरूलाई दलालहरूले नक्कली प्रेममा फसाई विवाह गरी बिक्री गरेका उदाहरणहरू प्रशस्त पाइन्छन् ।
- **आय आर्जनको आकर्षणमा पारी :** दलालहरूले फकाईफुल्याई गरेर विदेशमा राम्रो नोकरी दिलाई दिने प्रलोभनमा पारेर आफूसँग लैजाने गर्दछन् । पैसा कमाउने उद्देश्यले विदेशमा जाँदा शोषणजन्य कार्यमा फस्ने गरेको घटनाहरू पनि थुप्रै छन् । महिलाहरू रोजगारको आकर्षणमा परेर बेचिएको संख्या ठुलो रहेको छ । यसरी लैजाँदा पासपोर्ट लगायत पहिचान खुलेका कागजातहरू र अध्यागमनका कागजातहरू, रोजगारीका करारनामाहरू खोसेर राख्ने गर्दछन् ।
- **आफन्तकहाँ पुऱ्याई दिन्छु भन्ने बहाना :** विदेशमा वा भारतमा महिलाको कुनै आफन्त छ भने "त्यहाँबाट समाचार आएको छ, तिमीलाई बोलाएको छ" जस्ता झुटा कुराहरू गरी आफूसँग लागि पुऱ्याई दिन्छु भनी झुक्याई लैजाने गरेको पाइन्छ । यसका साथै गाउँका सोझासाझा महिलाहरू दलालहरूले आफूलाई नेपाल भित्रै कुनै ठाउँमा लैजान्छु भनी सीमापार गरी विदेशको वेश्यालयसम्म पुऱ्याएका घटनाहरू छन् ।
- **सर्कसमा खेलाउने बहाना गरी लैजाने :** कतिपय महिला तथा बालबालिकालाई सर्कसमा राम्रो आम्दानी हुने हुँदा काममा लगाई दिन्छु, महिनाको यति दिन्छु भनी प्रलोभनमा पार्ने र उनीहरूको अभिभावकहरूलाई समेत मासिक रूपमा खर्च पठाई दिने बाचा गरी सर्कसमा खेल्नका लागि लैजाने गरेको पाइन्छ । सो पश्चात् उनीहरूलाई श्रम शोषण तथा यौन शोषण समेत गर्ने र बेचबिखन गर्ने जस्ता कार्यहरू भएको पाइन्छ ।
- **अङ्ग प्रत्यारोपणका लागि :** नेपालबाट बेचबिखनको घटनाहरूको प्रकृतिमा अङ्ग प्रत्यारोपणका लागि समेत हुने गरेको पाइन्छ । खास गरी भारतका विभिन्न सहरहरूमा घुम्नका लागि, पढ्नका लागि लैजाने वा त्यस्तै अन्य प्रलोभनमा पारी महिला, बालबालिकाका साथै पुरुषहरूको अङ्ग झिकी बेचबिखन गर्ने कार्य पनि हुने गरेका छन् । आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूलाई पैसाको लोभ देखाई पनि अङ्ग झिक्ने र बेच्न लगाउने कार्य हुने गरेको छ ।
- **औषधी वा लागू पदार्थ खुवाई लैजाने :** कतिपय अवस्थामा महिला, बालबालिका तथा पुरुषहरूलाई सीमापार गर्दा लागू पदार्थ खुवाएर बेहोस पारी बिरामी भएको बहाना पारी सीमापार गर्ने गरेको समेत पाइएको छ ।
- **अपहरण गरी :** जवरजस्ती कसैलाई अपहरण गरी एक ठाउँबाट अर्को ठाँउमा लगि बिक्रि गर्ने,
- चलचित्रमा अभिनय गर्ने अवसर दिलाई दिन्छु भन्ने बहाना बनाएर,
- वैदेशिक भ्रमण, तालिम सेमिनार तथा नाचगानको साँस्कृतिक कार्यक्रममा सहभागी गराउने बहाना बनाएर,
- निःशुल्क उच्चशिक्षा दिने आश्वासन दिलाएर,
- **अन्य :** दलालहरूले झुटा नातेदार बनाई वा व्यापार गर्न लैजाने, राम्रो औषधी उपचार गर्न जाने भन्ने जस्ता भ्रममा पारी नेपाली अबोध चेलीहरूलाई विदेशीको कोठीमा पुऱ्याएको पाइएको छ । त्यस्तै कतिपय

घटनामा लोग्ने स्वास्नीको सम्बन्ध देखाउन र सोही आधारमा महिलालाई विदेशमा पुऱ्याउने गरेको पाइन्छ। नेपालमा पनि भीसाको लागि Contract (Paper) Marriage गर्ने, र विदेशमा पुगेपछि राम्रो आम्दानी हुने काममा लगाईदिन्छु भनि फुक्याएर विदेशमा लैजाने गरेको पाईन्छ।

## मानव बेचबिखन तथा ओसारपसारको प्रयोजन

मानव बेचबिखन तथा ओसारपसार जस्तो घृणित कार्य मानिसले मानिसलाई प्रयोग गरी आफ्नो स्वार्थपूर्तिका लागि गरिरहेका हुन्छन्। चाँडै धनी हुने सपना बोकी दलालहरूले यस्तो अमानवीय पेसा अपनाउँछन्। मानव बेचबिखन पुरुष, महिला तथा बालबालिका सबैको भइरहेको भए तापनि विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी मात्रामा भएको पाइन्छ। विभिन्न ग्रामीण क्षेत्रबाट सहरमा विभिन्न अवसरका लागि दिन प्रतिदिन जाने क्रम बढिरहेको छ। विभिन्न प्रलोभन धाक, धम्की, छलकपट, फुक्यानमा पारी मानव बेचबिखन हुने गरेको पाइन्छ।

## मानव बेचबिखन तथा ओसारपसार हुनुको मुख्य कारणहरू

नेपालको भौगोलिक स्थिति, परम्परागत धारणा, धार्मिक तथा सास्कृतिक प्रचलन र समाजिक तथा आर्थिक कारणहरूले गर्दा मानव बेचबिखन तथा ओसारपसार हुने गरेको छ। मानव बेचबिखन तथा ओसारपसार हुनुमा गरिबी, अशिक्षा, अज्ञानता, कामको खोजी, कमजोर सामाजिकस्तर, विश्व व्यापीकरण, आन्तरिक द्वन्द्व, बढ्दो बेरोजगारी, घरेलु हिंसा, भारतसँगको खुल्ला सिमाना हुनु प्रमुख कारणहरू हुन्।

मानव बेचबिखनलाई बढावा दिने मुख्य कारणहरू सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक मुद्दाहरू भए पनि निश्चित कानुनको प्रभावकारी कार्यान्वयनको कमी मुख्य बाधकको रूपमा रहेको छ। मानव बेचबिखनलाई सहयोग पुऱ्याउने कारक तत्त्व गरिबी भए पनि यसका साथै अन्य प्रश्रय दिने र अगाडि बढाउने तत्वहरू (Push and Pull Factors) पनि विद्यमान रहेका छन्।

विशेषगरी मानव बेचबिखन तथा ओसारपसार निम्न प्रयोजनका निम्ति हुने गर्दछ :

- जोखिमपूर्ण कामका लागि
- कालकारखानामा कामका लागि
- सर्कसमा काम गराउनका लागि
- खाडी देशहरुमा उँटको घाँटीमा बालबालिकाहरुलाई बाँधेर दौडाउने खेल खेलाउनको लागि
- माग्ने काममा लगाउनका लागि
- बाल सैनिकका रुपमा प्रयोग गर्नका लागि
- मनोरञ्जनात्मक उद्योगहरुमा कार्य गराउनका लागि
- साना होटल तथा रेस्टुँरामा कार्य गराउनका लागि
- लागू औषध, हात-हतियारको ओसारपसार गर्नका लागि
- देह व्यापार तथा यौन शोषणका लागि
- अपाङ्ग बनाई माग्ने कार्यमा लगाउनका लागि

**मानव बेचबिखन तथा ओसारपसार हुनुमा मुख्य रूपमा निम्न कारणहरू छन् :**

**कारणहरू**

| सामाजिक सांस्कृतिक कारणहरू : | आर्थिक र राजनीतिक कारणहरू : |
| --- | --- |
| • जन चेतना एवम् शिक्षाको कमी | • गरिबी |
| • लैङ्गिक भेदभाव | • बेरोजगारी |
| • महिला र बालबालिकालाई दिइएको न्यून सामाजिक मर्यादा | • कम आयश्रोत |
| • हिंसाको संस्कृति | • युद्धको अवस्था |
| • पारिवारिक बिचलन | • भूमिहिनता |
| • इच्छा विपरीत गरिने विवाह | • आन्तरिक द्वन्द्व |
| • धार्मिक, सांस्कृतिक कुरीतिहरू | • परनिर्भरता (अरूको आम्दानीमा बाच्नु पर्ने) |
| • सहरमुखी बसाइँसराइँ | • राजनैतिक प्रतिबद्धताको कमी |
| • बजारमा आएका नयाँ नयाँ सरसामानहरूको उपभोग गर्ने चाहनामा वृद्धि | • स्पष्ट र कडा कानुनको अभाव |
| • अरुको देखासीखि गर्ने संस्कृति | • भारतसँगको खुल्ला सिमाना |
| • धनीलाई मान सम्मान गर्ने आयस्रोत नहेरिने सामाजिक संस्कार | • सजिलो आय श्रोत |
| | • अन्तर सीमा र क्षेत्रीय कार्यक्रमहरूको कमी |

**माग पक्षका कारणहरू**

- यौनजन्य उद्योगको वृद्धि
- रोजगारदाताहरूद्वारा सस्तो श्रमको माग
- औद्योगीकरण र विश्व व्यापीकरणका कारण विदेशिने प्रवृत्तिमा वृद्धि
- बढ्दो मानव तस्करी तथा गैरकानुनी आप्रवाशन

**मानव बेचबिखन तथा ओसारपसारबाट पर्ने असरहरू**

मानव बेचबिखन तथा ओसारपसार एउटा गम्भीर समस्याको रूपमा देखा परेको छ । त्यसमा पनि महिला तथा बालबालिकाहरू यसबाट अझ बढी प्रभावित भएको देखिन्छ । यसमा परेका व्यक्तिहरू राजनैतिक, आर्थिक तथा सामाजिक अधिकारबाट समेत वञ्चित हुन सक्ने सम्भावना रहन्छ । बेचबिखनमा परेको व्यक्तिहरूको शारीरिक, मानसिक, मनोवैज्ञानिक स्थिति विक्षिप्त र आर्थिक तथा सामाजिक अवस्था दयनीय छ । यसले मानव बेचबिखन तथा ओसारपसारमा पर्ने व्यक्तिलाई मात्र नभई राष्ट्रलाई नै असर पर्दछ । मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिमा पर्ने असरहरू निम्न छन् :

### स्वतन्त्रताको हकको समाप्ति

मानव बेचबिखन तथा ओसारपसारमा पर्ने व्यक्तिले व्यक्तिगत स्वतन्त्रताको उपभोग गर्न पाएको हुँदैन । विचार र अभिव्यक्तिको स्वतन्त्रता, आवातजावत गर्ने स्वतन्त्रता र पेसा, रोजगार छान्न पाउने स्वतन्त्रताबाट वञ्चित भएका हुन्छन् । यसमा परेका व्यक्तिहरूलाई सामाजिक बहिष्कार गर्नुका साथै उनीहरूका सम्मानमा ह्रास पुर्‍याउने समेत गरिन्छ ।

- सम्मानपूर्वक इच्छा अनुसार बाँच्न पाउने अधिकार,
- इच्छा अनुसारको पेसा र व्यवसाय रोज्न पाउने अधिकार,
- प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार,

### यातना, क्रूरता र अमानवीय व्यवहारबाट पीडित

मानव बेचबिखन तथा ओसारपसारमा पर्ने व्यक्तिहरू विभिन्न हिंसाबाट पीडित भएका हुन्छन् । शारीरिक हिंसा (बलात्कार, कुटपिट), मानसिक यातना (खाना खान नदिनु, बेइज्जत गर्नु र हिंसाका धम्कीहरू दिनु, अँध्यारो कोठामा थुन्नु) आदि विभिन्न यातना, गालि गलोजका शिकार भएका हुन्छन् ।

### शारीरिक तथा मानसिक स्वास्थ्यमा असर

यौनजन्य रोग लाग्ने, कुपोषणको शिकार हुने, परिवार नियोजनका साधनहरू प्रयोग नगर्दा बारम्बार गर्भधारण गर्ने, त्यस्ता गर्भलाई जबर्जस्ती तुहाउने तथा एड्सजस्ता यौनसम्बन्धी सरुवा रोगको शिकार भई ज्यानै गुमाउन पनि पुग्छन् । साथै विभिन्न प्रकारका मानसिक यातनाबाट मानसिक स्वास्थ्यमा समेत असर पुग्न जान्छ ।

### बाध्यात्मक श्रम

बेचबिखनमा परेका व्यक्तिहरूले बाध्यात्मक श्रम गर्नुपर्ने हुन्छ । उनीहरूले आरामको समय नपाई लामो समयसम्म काम गर्नुपर्ने बाध्यता रहेको हुन्छ ।

### श्रम गर्दा ज्याला पाउने अधिकारको समाप्ति

बेचबिखन तथा ओसारपसारमा परेको व्यक्तिले आफ्नो इच्छा विरुद्धको पेसा गर्नुपर्ने जस्ता समस्या पनि भोग्नु परेको छ । जुनसुकै व्यक्तिले रोजगारी गर्दा ज्याला पाउनै पर्ने प्रावधान छ । तर कतिपय बेचिएका व्यक्तिले दिनरात काम गर्दा पनि निजले कमाएको रकम किनेको व्यक्तिले नै राख्ने र ज्याला नदिने गर्दछन् ।

### पीडित महिलाको न्यायमा पहुँच नहुनु

बेचबिखन तथा ओसारपसारमा परेको व्यक्तिहरूले कानुनमा भएका व्यवस्थाहरू निःशुल्क रूपमा मुद्दाको कारबाही गर्न पाउने बारेमा थाहा नपाउने वा न्यायमा पहुँच नपुग्ने हुनाले मुद्दाहरू दर्ता गर्ने गर्दैनन् । जसबाट पीडितहरूले न्याय पाउन सकिराखेका हुँदैनन् ।

### मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कानुनी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा रोकथामका लागि विभिन्न समयमा राज्यले कानुन बनाई कार्यान्वयन गर्दै आएको पाइन्छ । जस्तै : मुलुकी ऐन, २०२० मा जिउ मास्ने, बेच्ने महलको व्यबस्था, विशेष ऐन जिउ मास्ने, बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम

संविधान २०६३ मा मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने प्रयास भएका थिए । तर बदलिँदो परिप्रेक्ष्यमा उपरोक्त कानुनहरू नियन्त्रणका लागि पूर्ण प्रभावकारी हुन नसकेको महसुस गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागु गरिएको छ । यस ऐनमा मानव ओसारपसार तथा नियन्त्रणका लागि निम्न अनुसारको कानुनी व्यवस्था गरिएको छ :

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले मानव बेचबिखन र मानव ओसारपसार सम्बन्धमा भिन्ना भिन्नै परिभाषा गरेको छ :

**मानव बेचबिखनको सम्बन्धमा गरेको परिभाषा अनुसार**

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
- वेश्यागमन गर्ने । (परिच्छेद-२ दफा ४ उपदफा (१)

| |
|---|
| ***बालबालिका भन्नाले १६ वर्ष उमेर पुरा नभएको व्यक्तिलाई जनाउँदछ ।*** |

**मानव ओसारपसारको सम्बन्धमा गरेको परिभाषा अनुसार :**

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने । (परिच्छेद-२ दफा ४ उपदफा (२)

| |
|---|
| पीडित भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्तिलाई जनाउँदछ । |
| *शोषण भन्नाले दास तुल्याउने, बाँधा बनाउने तथा प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कामलाई समेत जनाउँदछ ।* |

**मानव बेचबिखन तथा ओसारपसारमा कस्तो सजायको व्यवस्था गरिएको छ ?**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ ले बेचबिखन तथा ओसारपसारको कसुर गर्ने व्यक्तिलाई निम्न बमोजिम सजाय हुने व्यवस्था गरेको छ :

- ➢ मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख रूपैयाँ जरिवाना हुने व्यवस्था छ ।
- ➢ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार १० वर्षदेखि १५

वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।

- प्रचलित कानुन बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ लाख रूपैयाँदेखि ५ लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।
- वेश्यागमन गर्नेलाई १ महिनादेखि ३ महिनासम्म कैद र २ हजार रूपैयाँदेखि ५ हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। (परिच्छेद-४ दफा १५ उपदफा (१) को क, ख, ग र घ)

### किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई, विदेश वा एक ठाउँबाट अर्को ठाउँमा लगेमा–

- विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए १५ वर्षदेखि २० वर्षसम्म कैद र १ लाख रूपैयाँदेखि २ लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।
- नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए १० वर्षदेखि १२ वर्षसम्म कैद र १ लाख रूपैयाँ जरिवाना हुने व्यवस्था छ।
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १ वर्षदेखि २ वर्षसम्म कैद र विदेश लगेको भए २ वर्षदेखि ५ वर्षसम्म कैद हुने व्यवस्था छ।
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कसुर गर्नेलाई ७ वर्षदेखि १० वर्षसम्म कैद हुने व्यवस्था छ।
- मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुने व्यवस्था छ। (परिच्छेद-४ दफा १५ उपदफा (१) को ङ, च, छ र ज)

### अन्य सजाय सम्बन्धी व्यवस्था

- किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय हुनेछ।
- किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने शोषण गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसुर गरे बापत छुट्टाछुट्टै सजाय, (परिच्छेद-४ दफा १५ उपदफा (२) को क, ख)
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसुर गरे बापत हुने सजायको अतिरिक्त सो सजायको २५ प्रतिशत थप सजाय हुनेछ।
- कसैले आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको र आफ्नो नाता सम्बन्धको व्यक्तिलाई मानव

बेचबिखन सम्बन्धी कसुर गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त हाडनाताको करणीको महल बमोजिमको सजायको १० प्रतिशत थप सजाय हुनेछ ।

- कसैले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर पुनः गरेमा प्रत्येक पटक कसुर गरे बापत सो कसुर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ ।
- उजुर गर्ने व्यक्तिले आफूले एक पटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई ३ महिनादेखि १ वर्षसम्म कैद हुनेछ। (परिच्छेद-४ दफा १५ उपदफा (३), (४), (५)र (६))
- कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर, विवरण छाप्ने वा प्रचारप्रसार गर्ने व्यक्तिलाई १० हजार रूपैयाँदेखि २५ हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ । (परिच्छेद-४ दफा २५ उपदफा (२))

**सजायको माग दाबीमा छुट :**

- यस ऐन बमोजिमको कसुर गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसुर स्वीकार गरी सो कसुरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसुर गरेको रहेछ भने त्यस्तो कसुरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा २५ प्रतिशतसम्म सजाय छुट दिन सक्ने छ ।
- निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ। (परिच्छेद-४ दफा २१ उपदफा (१))

**निम्न अवस्थामा सजायको माग दाबीमा छुट दिन नसकिने व्यवस्था गरिएको छ :**

- मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,
- बालबालिका बेचबिखन वा ओसारपसार गरेकोमा,
- एक पटक सजाय छुटको सुविधा पाइसकेको । (परिच्छेद-४ दफा २१ उपदफा (२))बाधा विरोध गर्नेलाई सजाय हुने :

  कसैले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीमा बाधा विरोध गरेमा निजलाई १० हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ। (परिच्छेद-४ दफा २४)

मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिलाई कानुनले कस्तो अधिकार दिएको छ ?

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ ले बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिलाई निम्न अनुसारको अधिकार दिएको छ :

### आत्मरक्षाको अधिकार

आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको अवस्थामा सोबाट बच्न कुनै कार्य गर्दा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय नहुने गरी आत्मरक्षाको अधिकार दिएको छ । (परिच्छेद-४ दफा १६)

### सुरक्षा व्यवस्थाको अधिकार

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरको उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई निम्न बमोजिमको कुनै वा सबै सुरक्षाको व्यवस्था गरिदिनु पर्नेछ :

- मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा, जाँदा सुरक्षा दिने,
- निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,
- केन्द्रमा राख्ने । (परिच्छेद-४ दफा २६)

### क्षतिपूर्ति सम्बन्धी अधिकार

- अदालतले कसुरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।
- अदालतद्वारा भराइएको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइने व्यवस्था छ । (परिच्छेद-४ दफा १७ उपदफा (१) र (२))

### गोपनीयताको अधिकार

उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुरी दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्ने व्यवस्था गरिएको छ । (परिच्छेद-४ दफा २० उपदफा (१))

- कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचारप्रसारमा रोक लगाउने व्यवस्था गरिएको छ । (परिच्छेद-४ दफा २५ उपदफा (१))
- मानव बेचबिखन तथा ओसारपसार मुद्दाको कारबाही र सुनुवाई बन्द इजलासमा हुने व्यवस्था गरिएको छ । (परिच्छेद-४ दफा २७ उपदफा (१))

## छुट्टै कानुन व्यवसायी राख्न पाउने अधिकार

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको सुनुवाई अदालतमा हुँदा पीडितले सरकारी वकिल लगायत छुट्टै कानुन व्यवसायी राख्न चाहेमा निजले त्यस्तो कानुन व्यवसायी राख्न सक्नेछ ।(परिच्छेद-२ दफा १०)

## दोभासे वा अनुवादक राख्न सक्ने अधिकार

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको काम कारबाहीमा अदालतमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले आफ्नो मातृभाषामा बोल्न सक्नेछ र उक्त भाषाका लागि दोभासे वा अनुवादक राख्न सक्नेछ । (परिच्छेद-२ दफा ११)

**पुरस्कार सम्बन्धी व्यवस्था :**
कसैले दिएको सूचनाको आधारमा कसैलाई उद्धार गरिएमा वा त्यस्तो कार्यमा संलग्न व्यक्ति पक्राउ परेमा त्यस्तो सूचना दिने व्यक्तिलाई दण्ड सजाय स्वरूप प्राप्त भएको जरिबानाको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरूप प्रदान गरिनेछ । (परिच्छेद-५ दफा १९ उपदफा (१))

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कस्तो कार्यविधि अपनाइन्छ ?

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ ले व्यवस्था गरे अनुसार मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणका लागि निम्न कार्यविधि अपनाइन्छ :

### उजुरी गर्ने सम्बन्धमा :

मानव बेचबिखन तथा ओसारपसार कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्नेछ । (परिच्छेद-२ दफा ५ उपदफा (१))

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दा सरकारवादी हुने फौजदारी मुद्दाको रूपमा कारबाही हुन्छ । पीडित पक्षले पैसा तिरेर वकिल राख्नु पर्दैन । निःशुल्क रूपमा सरकारको तर्फबाट सरकारी वकिलले मुद्दा हेरिदिन्छन् । (परिच्छेद-५ दफा २८)

### बयान प्रमाणित गराउने सम्बन्धमा :

पीडित आफैंले उजुरी दिएमा निजको तत्काल बयान गराई प्रहरी कार्यालयले बयान प्रमाणित गराउनको लागि पीडितलाई तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराई बयान प्रमाणित गराउनु पर्दछ ।

बयानसँग सम्बन्धित कसुरको मुद्दा सो जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान प्रमाणित गरिदिनु पर्दछ । मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा

उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ । (परिच्छेद-२ दफा ६ उपदफा (१), (२) र (३))

### पक्राउ गर्ने वा खानतलासी लिने सम्बन्धमा :

मानव बेचबिखन तथा ओसारपसारको कसुर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई कसुरदार भाग्ने उम्कने वा प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत निम्न कार्य गर्न सक्नेछ :

- त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,
- त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न,
- त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,
- त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन।
- स्थानीय प्रतिनिधिको रोहवरमा मुचुल्का तयार गरी सो को प्रतिलिपि त्यस्तो घर, जग्गा वा सवारी धनीलाई दिनु पर्नेछ।(परिच्छेद-२ दफा ७ उपदफा (१)को क, ख, ग, घ उपदफा(२))

### कसुरदारलाई कारबाही गर्ने सम्बन्धमा :

वेश्यागमन गर्ने बाहेकका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरमा अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्ने व्यवस्था गरिएको छ। (परिच्छेद-२ दफा ८)

**प्रमाणको भार** : कुनै व्यक्तिलाई मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निज आफैले नै पुऱ्याउनु पर्नेछ। (परिच्छेद-२ दफा ९)

### मानव बेचबिखन तथा ओसारपसारमा परेकाको लागि उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धमा कस्तो कानुनी व्यवस्था गरिएको छ ?

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिको लागि उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

### उद्धार सम्बन्धी व्यवस्था :

कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ। (परिच्छेद-३ दफा १२)

## पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी व्यवस्था :

मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिलाई पुनर्स्थापना तथा पुनर्मिलन गराउन निम्न व्यवस्था रहेको छ।

## पुनर्स्थापना केन्द्र स्थापना गर्ने :

मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ। (परिच्छेद-३ दफा १३ उपदफा (१))

- कसुर नियन्त्रण गर्ने तथा पीडितलाई पुनर्स्थापना गर्ने सम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबिच समन्वय समेत गर्नका लागि तोकिए बमोजिम नेपाल सरकारले एक राष्ट्रिय समिति र आवश्यकता अनुसार जिल्ला समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ। (परिच्छेद-४ दफा २३ उपदफा (१))
- कुनै संस्थाले पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्ने उद्देश्यको लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ र नेपाल सरकारले त्यस्तो संघ तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नुका साथै नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ। यसरी स्थापना भएका पुनर्स्थापना केन्द्रले निम्न कार्य गर्नु पर्नेछ :
- केन्द्रमा रहेको व्यक्तिलाई सामाजिक रूपमा पुनर्स्थापना र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था केन्द्रले गर्नु पर्नेछ।
- केन्द्रले पीडितलाई आवश्यकता अनुसार औषधी उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ।
- केन्द्रमा रहेका पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुँदैन।

  केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। (परिच्छेद-३ दफा १३ उपदफा (१), (२), (३), (४), (५) र (६))

## पुनर्स्थापन कोषको स्थापना :

पुनर्स्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ। सो कोषमा निम्न बमोजिमका रकम राख्ने व्यवस्था गरिएको छ :

- नेपाल सरकारबाट प्राप्त रकम,
- कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
- दण्ड, सजाय स्वरूप जरिबाना बापत प्राप्त हुने रकमको आधा रकम। (परिच्छेद-३ दफा १४ उपदफा (१), (२) र (३))

## सत्र १०: मानव बेचबिखन, मानव तस्करी, बसाइसराइ तथा देह व्यापार (वेश्यावृत्ति) सम्बन्धमा अवधारणागत स्पष्टता

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- मानव तस्करी भनेको के हो ? मानव बेचबिखन तथा मानव तस्करी बिचको फरकका बारेमा भन्न सक्नेछन् ।
- नेपालबाट मानव तस्करी हुने गरेका विभिन्न रुटहरू र वर्तमान अवस्थाका बारेमा भन्न सक्नेछन् ।
- मानव तस्करी र मानव बेचबिखन बिचको अन्तर सम्बन्ध (Nexus) का बारेमा बताउन सक्नेछन् ।
- मानव बेचबिखन तथा आप्रवासन/बसाइँसराइँ (Migration) बिचको अन्तर सम्बन्ध (Nexus) का बारेमा बताउन सक्नेछन् ।
- मानव बेचबिखन तथा देह व्यापार (वेश्यावृत्ति) बिचको फरक तथा अन्तर सम्बन्ध (Nexus) का बारेमा बताउन सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, घटना प्रस्तुति र छलफल, लघु प्रवचन, सामूहिक छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई कुनै घटना बताएर छलफल गर्न लगाई छलफल गरी बुँदाहरू टिपोट गर्ने ।
- सबैको विचार सुनी सकेपछि सहभागीहरूको भनाइको आधारमा सहजकर्ताले मानव तस्करी र मानव बेचबिखन बिचको फरक र अन्तर सम्बन्धको बारेमा प्रवचन गरी प्रस्तुत गर्दै प्रस्ट पार्ने ।
- मानव तस्करीको विश्वव्यापी अवस्था र यसको नेपालमा रहेको असर अनि रुटहरूको बारेमा प्रवचन गरी जानकारी गराउने ।
- सहभागीहरूलाई आप्रवासन/बसाइँसराइँ (Migration) भनेको के हो भन्ने बताएर यसको मानव बेचबिखनसँग के कसरी सम्बन्ध रहेको छ भन्ने विभिन्न उदाहरण सहित जानकारी गराउने ।
- देह व्यापार (वेश्यावृत्ति) के हो भन्ने प्रवचन गर्दै यसको मानव बेचबिखनमा के कस्तो सम्बन्ध रहेको छ सो बताउने र छलफल गर्ने ।
- सहभागीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले अन्तिममा मानव बेचबिखन, मानव तस्करी, बसाइँसराइँ र देह व्यापारको बिचको फरक र अन्तरसम्बन्ध बारेमा पुनः संक्षेपीकरण गरी जानकारी दिने ।

# सहजकर्ताहरूको लागि स्रोत सामग्री

## मानव तस्करीको परिभाषा

कसैले आर्थिक उपार्जन वा अन्य कुनै किसिमले फाइदा लिने उद्देश्यले, कुनै व्यक्तिलाई विधिवत् प्रवेशाज्ञा नभएको मुलुकमा गैरकानुनी रूपमा मानिसहरूको प्रवेश गराउने वा गैरकानुनी रूपमा व्यक्तिको इच्छा अनुरूप उसको सहमति र चाहना अनुसार एक देशबाट अर्को देशमा व्यक्तिलाई लगिदिने कार्य मानव तस्करीको कार्य हो । यो मानव बेचबिखन तथा ओसारपसारभन्दा फरक र भिन्न हुनुमा यस अपराधिक कार्यको लागि व्यक्तिको इच्छा र सहमतिमा दुवै हुने गर्दछ ।

यसका अलावा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीलाई हेर्दा के कुरा बुझ्न आवश्यक छ भने, बेचबिखन व्यक्तिको मानव अधिकारविरुद्धमा हुने जघन्य फौजदारी अपराध हो भने मानव तस्करी राष्ट्रको सिमाना र अध्यागमनका विरुद्धमा हुने अपराध हो । तस्करीले मानव बेचबिखनको जोखिम बढाउन सक्दछ, तर मानव तस्करी नै बेचबिखन हो भन्ने गलत सोचाई तथा अवधारणाबाट भने हामीहरू सबै मुक्त हुनु पर्दछ ।

यसरी हेर्दा संयुक्त राष्ट्रसंघको पर्मेलो प्रोटोकल अन्तर्गतको मानव तस्करी सम्बन्धी प्रोटोकलले मानव तस्करीको परिभाषा गरको पाइन्छ । उक्त प्रोटोकलले गरेको परिभाषालाई केलाएर हेर्ने हो भने मानव तस्करीमा आर्थिक वा अन्य भौतिक लाभको लागि सहमतिमा नै कुनै अर्को व्यक्तिको सहयोगमा अवैध सीमा प्रवेश गरी अर्को राष्ट्रको सीमा पार गर्ने गराउने जस्ता ३ वटा तत्वहरू समावेश हुनु पर्दछ भनी स्पष्ट रूपमा मानव तस्करीलाई बेचबिखनभन्दा फरकरूपमा परिभाषित गरेको देखिन्छ । यसरी गैरकानुनी रूपमा अन्य राष्ट्रमा प्रवेश गर्ने व्यक्ति त्यस्तो देशको नागरिक वा स्थायी बसोबास गर्ने व्यक्ति भने हुनु हुँदैन, अन्यथा उक्त कार्यलाई मानव तस्करी भन्न मिल्दैन । मानव तस्करीमा जहिले पनि कुनै पनि व्यक्तिले सीमाको कानूनलाई उल्लंघन गरी एक देशबाट अर्को देशमा प्रवेश गरेको हुन्छ ।

## मानव तस्करीको वर्तमान अवस्था तथा मानव तस्करी र मानव बेचबिखनबिचको अन्तरसम्बन्ध (Nexus)

मानव तस्करी हाल विश्वव्यापी रूपमा नै हुने गरेको छ । मुख्य रूपमा अफ्रिकी तथा एसियाली विभिन्न देशहरूबाट युरोप तथा उत्तर अमेरिकी देशहरूमा र दक्षिण अमेरिकी देशहरूबाट उत्तर अमेरिकी देशहरूमा संगठित रूपमा नै मानव तस्करी हुने गरेको विभिन्न समयमा छापामा आएको समाचारहरू तथा अन्य प्रतिवेदनहरूले स्पष्ट पारेको अवस्था छ । हाल हाम्रो देश नेपालबाट पनि बेलाबखत दक्षिण अमेरिकी राष्ट्रहरू कोलम्बिया, पानामा, ग्वाटेमाला लगायतका देशहरूमा मानव तस्करीका कारण पुगेका विभिन्न घटनाहरू सार्वजनिक भइरहेको अवस्था छ । यसरी तस्करका पछि लागेर अमेरिका छिर्ने आशमा ठुलै धनराशी खर्च गरेर चोर बाटो विभिन्न देशका सीमाभित्र गैरकानुनी रूपमा प्रवेश गर्दै जाने ठुला समूहहरू पक्राउ परेका घट्नाहरूले नेपालीहरू पनि मानव तस्करीका शिकार भइरहेको र अमेरिका छिर्ने आशमा ज्यानको समेत वास्ता नगरी यसरी स्वेच्छिक रूपमा भइरहेको कार्य नै वास्तविक रूपमा मानव तस्करी हो र नेपालमा पनि संगठित रूपमा मानव तस्कर गर्ने गराउने समूहहरू सक्रिय रहेको केही घटनाहरूले देखाउँछ । सन् २००४ देखि २०१३ सम्मको ९ वर्षको अवधिमा एक हजार ५ सय ४१ नेपाली मानव तस्करको सहायताबाट गैरकानुनी रूपमा अमेरिका प्रवेश गरेका थिए ।[1] बितेको एक वर्षमा यो संख्या कम्तीमा ५ सयले

1 http://www.onlinekhabar.com/2015/01/235288/

बढेको अनुमान छ। यो तथ्याङ्क अमेरिकी सरकारले नेपाल सरकारलाई उपलब्ध गराएको आधिकारिक दस्तावेजमा उल्लेख छ। दुई वर्षअघिको बोलिभियाली अध्यागमनको तथ्याङ्क अनुसार दुई महिनाको अवधिमा मात्रै ५०० नेपाली अबैध रूपमा अमेरिका प्रवेश गरेका थिए।

मानव बेचबिखन तथा मानव तस्करी फरक फरक अवधारणा र आपराधिक क्रियाकलापहरू भए पनि यी दुईबिचमा अन्तर सम्बन्ध भने रहेको छ। यी दुवै एक अर्कासँग सम्बन्धित र एक अर्काका पूरकको रूपमा रहेको पनि विभिन्न घटना अध्ययनहरूले देखाएको पाइन्छ। मानव तस्करीमा रहेको गैरकानुनी आप्रवासन तथा तेस्रो पक्षको आर्थिक लाभ लिने चाहनाले धेरैजसो अवस्थामा मानव बेचबिखनको अवस्था पनि विद्यमान रहन्छ, मानव तस्करीको अवस्थामा इच्छा, सहमति हुनुका साथै जाने व्यक्ति आफै रकम भुक्तानी गर्दै तस्करहरूबाट एक देशबाट अर्को देशको सीमापार गराउन आवश्यक सहयोग लिइरहेका हुन्छन्। यसरी विनाकागजात, गैरकानुनी रूपमा अन्तिम गन्तव्य पुग्न सफल भएमा पनि तत्कालै सहयोग प्राप्त गर्न नसकेमा त्यस्ता तस्करीको माध्यमबाट अमेरिका लगायतका अन्य गन्तव्यमा पुग्ने व्यक्तिहरू अत्यन्तै जोखिममा रहने भएको हुँदा सजिलै मानव बेचबिखनको शिकार भई, पूर्णतया आफ्नो जीवनमाथिको नियन्त्रण समेत गुमाएर शोषित भई दासत्वपूर्ण जीवन जिउन बाध्य पारिएको समेत पाइएको हुँदा यी दुवैको स्वरूप फरक रहे पनि पूरक, सहयोगी र अन्योन्याश्रित सम्बन्ध भने रहेको नै देखिन्छ। तथापि यी दुईका बिचमा रहेको केही फरक तथ्यलाई यसरी हेर्न सकिन्छ :

| मानव ओसारपसार तथा बेचबिखन | मानव तस्करी |
|---|---|
| ➢ बल प्रयोग, धोका वा करकाप (वास्तविक संवेदनात्मक वा गुप्त तत्वहरूको उपस्थिति हुनुपर्छ) तर १८ वर्षभन्दा मुनिका नाबालकहरूलाई यौन व्यवसायमा लगाइएको छ भने बल प्रयोग धोका वा करकाप जस्ता तत्वहरूको प्रयोग नभए पनि त्यो मानव ओसार पसार तथा बेचबिखन हुन्छ।<br>➢ मानव बेचबिखन तथा ओसारपसारमा परेका मानिसहरू पीडित हुन्।<br>➢ उनीहरूलाई दास बनाइएका हुन्छन्, सीमित हिँडडुल गर्न दिइएको हुन्छ, एकान्तमा राखिएको हुन्छ।<br>➢ बलजफत श्रम वा यौन शोषण भएको हुन्छ।<br>➢ पीडितको सहमति हुँदैन।<br>➢ देश बाहिर जान जरुरी छैन, देश भित्रै आन्तरिक रूपमा पनि हुन सक्दछ।<br>➢ व्यक्ति श्रम/सेवा वा यौन व्यवसायमा संलग्न गराई शोषित भएको हुन्छ।<br>➢ मानवीय अङ्ग व्यापार समेत भएको हुन सक्दछ।<br>➢ उनीहरूको आयमा अरुको नियन्त्रण हुन्छ। | ➢ तस्करीमा परेको मानिस आफैले सहयोग गरिरहेको हुन्छ।<br>➢ यसमा व्यक्ति स्वयम्लाई आफू गैरकानुनी कार्य गरिरहेको जानकारी हुने भएकोले सधैँ जोखिममा रहन्छ।<br>➢ त्यहाँ वास्तविक वा गुप्त बल प्रयोग हुँदैन् आर्थिक लाभ लिनका लागि मात्र तस्करले विभिन्न हत्कन्डा गरेको हुन सक्दछ।<br>➢ तस्करीमा परेका मानिसहरू पीडित नभएर कानुन उल्लङ्घनकर्ताहरू हुन्।<br>➢ उनीहरू आफूले नचाहेमा समूह छोडि हिँड्न सक्दछन् वा परिवर्तन गर्न स्वतन्त्र हुन्छन्।<br>➢ एक देशबाट अर्को देशमा मानिसहरूका अवैध प्रवेशलाई सघाउँछ र व्यक्तिको इच्छामा सम्पूर्ण कार्य हुन्छ।<br>➢ तस्करी जहिले पनि देशको सीमा नाघेर नै हुन्छ।<br>➢ व्यक्ति अनधीकृत रूपमा अन्य देश भित्र प्रवेश गरेको हुनुपर्छ वा प्रवेश गर्ने प्रयास गरेको हुनु |

## नेपालबाट मानव तस्करी हुने गरेको विभिन्न रुटहरू

नेपालबाट भइरहेका विभिन्न मानव तस्करीका घटनाहरूलाई हेर्दा यसमा विभिन्न मार्ग/रुटहरूको प्रयोग भएको देखिन्छ, तथापि पत्रपत्रिकाहरूमा भएको रिर्पोटिङका आधारमा हेर्दा नेपालबाट सबैजसो मानव तस्करीका घटनाहरू हालसम्म अमेरिका प्रवेश गर्नका लागि दक्षिण अमेरिकी विभिन्न देशहरू हुँदै हुने गरेको देखिन्छ । अमेरिका पुग्ने सपनामा एक नेपालीले ४० देखि ५० लाखसम्म बुझाउने गर्छन् । दलालहरूले नेपालदेखि ब्राजिलसम्म २२ लाख र ब्राजिल पुगे पछि मुलुकै पिच्छे फरक फरक रकम लिने गरेका छन् । २० लाखमै अमेरिका पुऱ्याउने सपना बाँड्ने र बिचमा अलपत्र पार्दै घरबाट फेरि रकम माग्न लगाउने दलालहरूको नियत र शैली रहेको पनि विभिन्न घटनाक्रमले स्पष्ट पारेको छ । काठमाडौँबाट हवाइजहाज मार्फत विभिन्न मुलुक हुँदै बोलिभियासम्म र बोलिभियादेखि मेक्सिको सम्म सडक मार्गबाट उनीहरूलाई पुऱ्याउने गरिन्छ ।

यसरी अमेरिका जाने नेपालीहरूलाई कम्तीमा एक दर्जन मुलुक पार गराएर मेक्सिको हुँदै अमेरिका छिराउने र यस क्रममा कतिपयको मृत्यु हुन्छ भने कतिपय जेलमा परेका छन् । यस्तो अवैध र खतरनाक बाटोबाट अमेरिका जान खोज्ने अधिकांश पढेलेखेका, बुझेका र पैसावाला नै हुन्छन् । ल्याटिन अमेरिका अहिले मानव तस्करीको डरलाग्दो केन्द्र भएकाले त्यहाँ धेरै नेपाली जेलमा रहेको र कतिपयको गुमनाम मृत्यु भएको समेत पाइन्छ। मेक्सिकोबाट अवैध रूपमा अमेरिका लैजाने तस्कर र अपराधीको गिरोह खतरनाक भएको र तस्करहरूले अमेरिका लैजाँदा बोलिभिया, पेरु, ग्वाटेमाला, कम्बोडियाजस्ता मुलुक हुँदै मेक्सिको पुऱ्याएर जङ्गलको बाटो अमेरिका छिराउने गरेको पाइएको छ। यसरी हेर्दा नेपालदेखि ल्याटिन अमेरिकासम्म फैलिएको मानव तस्कर र तिनका दलालहरूको संगठित जालोले काठमाडौँबाट दिल्ली, थाइल्यान्ड, कम्बोडिया, भियतनाम, दुबई, ब्राजिल, बोलिभिया, पेरु, इक्वेडर, कोलम्बिया, पानामा, कोस्टारिका, निकारागुवा, होन्डुरस, ग्वाटेमाला, मेक्सिको हुँदै अमेरिका पुऱ्याउने गरेका छन् ।

वर्षौं लगाएर नेपालीहरू लाखौं पैसा खर्चेर डुङ्गा, पानीजहाज, ट्रक, रेल, पैदल, तेलको टयाङ्कर, मालबाहक सवारीबाट विभिन्न मुलुक हुँदै अमेरिका जाने गरेका छन् । यात्राका क्रममा कतिपयको अमेरिका नपुग्दै मृत्यु समेत हुने गरेको छ । अमेरिका पुग्ने सपना बोकेर ल्याटिन अमेरिका हुँदै गैरकानुनी बाटोबाट तस्करीमा लगिएका धेरै नेपाली युवा विभिन्न देशका कारागारमा रहेको र बाटामै कतिपयको मृत्यु हुने गरेको सूचना पाएपछि उनीहरूको अवस्थाबारे स्पष्ट जानकारी गराउन र सत्य तथ्य खोज्न अहिले राज्य नै लागेको छ भने पछिल्लो समय मानव तस्कर समूहले वैदेशिक रोजगारीका लागि नेपालले प्रतिबन्ध लगाएका इराक, अफगानिस्तान, लिबिया लगायतका देशहरूमा मात्र होइन, युगान्डा, केन्या, मादाकास्का, मलेसिया, दुबई र कुबेतलगायतका देश पुऱ्याएर नेपाली महिलालाई जोखिमपूर्ण काममा लगाउन गैरकानुनी रूपमा भारतका हवाई रुट र विमान स्थल प्रयोग गरिरहेका छन् ।

तस्कर समूहले पर्यटक आवरणमा भिसा लगाएर नेपाली युवतीलाई डान्स बार लगायतमा काम गराउन मलेसिया, दुबई, कुवेतसँगै युगान्डा, केन्या, बहराइन पुऱ्याउने गरेको खुलेपछि नेपाली सुरक्षा अधिकारीले हाम्रो विमान स्थल कडाइ गरे लगत्तै मानव तस्कर समूहले स्थल मार्ग हुँदै भारत पुऱ्याएर त्यहाँको हवाइ रुट प्रयोग गरिरहेका छन् । भारतको केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) ले हालै सार्वजनिक गरेको प्रतिवेदनमा गत वर्षको जुलाइदेखि डिसेम्बरसम्म दिल्ली विमान स्थल हुँदै ८ हजार नेपाली युवतीको तस्करी भएको भन्ने उल्लेख छ । उक्त रिपोर्ट अनुसार यूएई लगायतका देशमा जोखिमपूर्ण काममा लैजान मानव तस्कर समूहले दिल्ली विमान स्थलको उपयोग गर्दै आएका छन् ।[2] गत जुलाइमा दिल्ली विमान स्थलमा छड्के जाँचका क्रममा दुबई हुँदै नैरोबीको डान्स बारमा

2 http://www.ekantipur.com/kantipur/2071/10/15/full-story/339037.html

काम गर्न लैजान विमान स्थल पुऱ्याइएका ७६ नेपाली युवती फेला पारेको घटनाले मानव तस्करको जालो अफ्रिकासम्म पनि नेपाली लैजान केन्द्रित हुन थालेको देखिन्छ ।

मानव अधिकारवादी संस्था नो मोर डेथको तथ्याङ्क अनुसार सन् २००० यता ब्राजिलदेखि मेक्सिकोसम्म अमेरिका हिँडेका तर पहिचान नखुलेका २ हजार ६ सय ४९ जनाको शव भेटिएको छ । यसरी भेटिएका शव एक महिना भित्र कसैले नबुझेमा त्यतै गाडिने प्रक्रिया भएकाले तीमध्ये कति नेपाली होलान् भन्ने पत्ता लगाउन गाह्रो हुने र कुनै एउटा देशको टुरिस्ट भिसा लगाएर हिँडेको नेपालीले विभिन्न बाटो हुँदै बोलिभिया पुगेपछि पासपोर्ट लगायत आवश्यक कागजात च्यातेर फाल्नुपर्ने तस्करका शर्तका कारण यथार्थ विवरण प्राप्त हुन भने सक्ने अवस्था छैन ।

## मानव बेचबिखन तथा बसाइँसराइँ (Migration) बीचको अन्तरसम्बन्ध (Nexus)

बसाइँसराइँ नयाँ कुरा होइन, यो परापूर्व कालदेखि हुँदै हालसम्म पनि निरन्तर भई आएको छ । आईओएम (IOM) का अनुसार विश्वव्यापी रूपमा यो हाल करिब २.९ प्रतिशत वृद्धि भइरहेको छ । बसाइँसराइँ स्वेच्छिक तथा बाध्यकारी दुवै हुन सक्दछ । प्राकृतिक प्रकोप, व्यापक मानव अधिकारको हनन, मानव संहार, जातिगत हिंसा, आन्तरिक द्वन्द्व, धार्मिक दङ्गा लगायतका विविध कारणहरूले व्यक्तिले बाध्यकारी रूपमा पनि बसाइँसराइँ गरिरहेको हुन सक्दछ । यसरी बाध्यकारी बसाइँसराइँ राष्ट्रभित्र हुँदा आन्तरिक विस्थापित व्यक्तिको रूपमा हुन्छ भने, बाह्य देशमा हुँदा शरणार्थीका रूपमा हुन्छ ।

बसाइँसराइँ व्यक्तिको मौलिक हक हो भने मानव बेचबिखन तथा ओसारपसार व्यक्तिको मानव अधिकारको उल्लङ्घन हो । बसाइँसराइँ गर्ने व्यक्तिको आत्म निर्णयको अधिकार सुरक्षित भएको हुन्छ भने ओसारपसार भएको व्यक्तिको आत्म निर्णयको अधिकार पूर्ण रूपमा समाप्त भएको हुन्छ । यो व्यक्तिको अधिकार हो, तसर्थ यो कुन्ठित हुने गरी नीति तथा व्यवस्था हुनु हुँदैन । किनकि यो व्यक्तिको व्यक्तित्व निर्माण विकाससँग पनि सम्बन्धित रहेको हुन्छ । बसाइँसराइँको क्रममा सावधानी नअपनाउँदा मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू हुन सक्दछन् तर बसाइँसराइँ आफैमा बेचबिखन भने होइन ।

व्यक्तिहरूले स्वेच्छिक बसाइँसराइँ व्यक्तिगत उन्नत जीवनयापनका लागि गर्ने गर्दछन्, जुन भित्र वैदेशिक रोजगारी समेत पर्दछ । यो व्यक्तिहरूको जीवनयापनका लागि र आवश्यक आर्थिक प्रगतिको लागि पनि हुने गर्दछ । तर, यस भित्र बेचबिखन पनि उही स्वरूपमा रहने भएकोले बेचबिखन ओसारपसार र बसाइँसराइँलाई छुट्याउन साह्रै गाह्रो छ । यी दुई भिन्ना भिन्नै तर अन्तरसम्बन्धित सवाल र मुद्दाहरू भएकाले यसलाई अलि विश्लेषणात्मक रूपमा बुझ्नु पर्ने हुन्छ । बसाइँसराइँ भनेको ज्यादै नै फराकिलो प्रक्रिया हो भने बेचबिखन र ओसारपसार भनेको त्यो फराकिलो प्रक्रियाभित्र हुने अपराध हो । बसाइँसराइँ भन्नाले कुनै व्यक्तिको एक ठाउँबाट अर्को ठाउँमा कामका लागि, पढ्नका लागि, बस्नका लागि या शरणार्थी बन्नका लागि जाने प्रक्रिया हो । यसका साथै अन्तर्राष्ट्रिय बसाइँसराइँलाई एउटा जटिल एवम् बहुपक्षीय प्रक्रिया हुनाले, यसलाई त्यसै गरी समग्रमा बुझ्नु आवश्यक हुन्छ ।

यहाँ चर्चा परिचर्चा गरिएको मानव बेचबिखन ओसारपसार तथा बसाइँसराइँ (खास गरी गैरकानुनी बसाइँसराइँ) अनियमित रूपले सिमाना पार गर्ने मानव तस्करी तथा मानिसहरूको अवैध व्यापारसँग पनि गाँसिएर आउँछ । यसका साथै मानव बेचबिखन ओसारपसारको छलफलमा जहिले पनि गैरकानुनी बसाइँसराइँले पनि स्थान ओगटेको हुन्छ र सबै कुराहरूलाई एकै पटक हेर्न खोज्दा मानव बेचबिखन ओसारपसार र बसाइँसराइँका बिचमा रहेको खास भिन्नताका बारेमा चर्चा हुँदैन, यिनीहरू दुईलाई छुट्याउने कोसिस गरिँदैन । जसले गर्दा कतिपय समयमा असजिलो अवस्था र द्विविधा सृजना हुन सक्दछ ।

परिभाषागत रूपमै मानव बेचबिखन ओसारपसार भनेको मानव अधिकारको निकृष्ट हनन हो जसमा डर, धाक, धम्की, हिंसा, शोषण, ओहदाको दुरूपयोग जस्ता तत्वहरूका साथ बलपूर्वक श्रम शोषण वा दासतापूर्ण व्यवहारहरू समावेश भएका हुन्छन् जब कि बसाइँसराइँ भनेको मानिसले आफ्नो इच्छाले वा पूर्ण रूपले सूचित भई लिने निर्णय हो । यो हरेक व्यक्तिको मानव अधिकार हो । बेचबिखन ओसारपसार र बसाइँसराइँका बारेमा धारणागत रूपमा स्पष्ट हुने सन्दर्भमा के बुझ्नु पर्दछ भने बसाइँसराइँ गरेको व्यक्ति बेचबिखन ओसारपसारबाट पीडित होइन तर हरेक बेचबिखन र ओसारपसारसँग गाँसिएको व्यक्ति बसाइँसराइँ गरेको व्यक्ति हो । यी दुईमा भएको समानता एवम् भिन्नता यही नै हो ।

मानव बेचबिखन ओसारपसारलाई परिभाषित गर्दा मुख्य रूपमा आत्मसात् गर्नुपर्ने कुरा भनेको बेचबिखन र ओसारपसार कहिले पनि आफ्नो इच्छाले हुँदैन । इच्छा विपरीत बलपूर्वक गरिने स्थानागमन जस्तो तत्वले नै बेचबिखन ओसारपसारलाई अन्य किसिमका बसाइँसराइँबाट छुट्ट्याउन सकिन्छ । बेचबिखन ओसारपसार भित्र समाविष्ट इच्छाविपरीत (Lack of informed consent) लाई कुनै पनि प्रकारको बसाइँसराइँमा रहेको अवैधता र गैरकानुनी कार्यहरूसँग मिसाउनु हुँदैन । सबै प्रकारको बेचबिखन ओसारपसार गैरकानुनी हो । तर सबै प्रकारका बसाइँसराइँ (गैरकानुनी बसाइँसराइँ समेत) बेचबिखन ओसारपसार होइन । यसकारण बेचबिखन ओसारपसार र गैरकानुनी बसाइँसराइँका अवधारणाहरूलाई एउटै दायरामा राखेर हेर्नु हुँदैन र मिसाउनु पनि हुँदैन भन्ने गरिएको छ ।

### मानव बेचबिखन तथा देह व्यापार (वेश्यावृति) बीचको फरक तथा अन्तरसम्बन्ध (Nexus)

देह व्यापार मानव शरीरलाई यौन साधनको रूपमा प्रयोग गरेर आर्थिक लाभ लिने कार्य हो । आफ्नो इच्छा अनुसार देह व्यापार गर्न पाउनु अधिकार हो वा होइन अथवा देह व्यापार शारीरिक शोषण हो वा होइन भन्ने सवालमा विभिन्न महिलावादी सिद्धान्तहरूबिच भिन्नभिन्न मत रहेको पाइन्छ । तर, इच्छा विपरीत कसैले आर्थिक वा अन्य फाइदा लिने हिसाबले गर्ने गराउने अरूको देह व्यापार भने सधैँ नै गैरकानुनी नै हुन्छ । देह व्यापारलाई उमेर पुगेका व्यक्तिले स्वेच्छाले राख्ने यौन सम्पर्कभन्दा अलग गरेर हेर्नुपर्छ । देह व्यापारमा एउटाको शरीरको पैसा तिरेर अर्कोले यौन चाहना पुरा गर्दछ जहाँ शरीरलाई एउटा वस्तुको रूपमा हेरिन्छ ।

मानव बेचबिखन देह व्यापारको लागि मात्र हुँदैन । स्वेच्छाले देह व्यापार गर्नु अन्य कानुनको दायरामा आउन सक्छ तर मानव बेचबिखन तथा ओसारपसार ऐनले कसैलाई इच्छा विपरित वेश्यावृत्तिमा लगाउन नहुने र त्यसरी लगाएमा दण्डनीय हुने कुरा उल्लेख गर्नुका साथै वेश्यागमन गरेमा पनि दण्डनीय मानेको छ । देह व्यापारमा पीडितको आफ्नै रोजाइ पनि हुन सक्छ तर मानव बेचबिखनमा पीडितको रोजाई भन्ने कुरालाई मान्यता दिँदैन वा पीडितको रोजाइ भन्ने हुँदैन ।

मानव बेचबिखन तथा देह व्यापारबिचको अर्को सम्बन्ध भनेको मानव बेचबिखनबाट अधिकांश महिलाहरूलाई जबर्जस्ती रूपमा देह व्यापारमा लगाउने विश्वव्यापी प्रक्रियासँग पनि रहेको देखिन्छ । मानव बेचबिखनको शिकारमा परेको अधिकांश महिला तथा बालबालिकाहरूको जबर्जस्ती रूपमा हुने गरेको यौन शोषणले नै देह व्यापारको ठुलो हिस्सा ओगटेको अहिलेको अवस्थालाई हेर्दा पक्कै पनि यी दुईबिच अन्तर सम्बन्ध रहेको देखाउँछ । साथै, देह व्यापारमा माग वृद्धि हुँदा हुने मानव बेचबिखनको अपराध बढ्ने माग र पूर्तिको सिद्धान्तले पनि यो कुरा प्रस्ट्याउँछ । मानव बेचबिखन गर्दा वा पीडितलाई शोषण गरेर किनबेचबाट हुने फाइदाको कारणले पनि विश्वव्यापी रूपमा देह व्यापारका लागि मानव बेचबिखन हुने गरेको देखिन्छ । तसर्थ, देह व्यापार मानव बेचबिखनलाई बढाउने र यस्का पीडितहरूलाई शोषण गर्ने पुरानो पद्धतिभित्रको आपराधिक कार्य नै हो भनी हामी भन्न सक्दछौं र देह

व्यापार मानव बेचबिखनको लागि कारक तत्वको रूपमा रहेको छ तर उमेर पुगेको व्यक्तिले गर्ने इच्छित यौन सम्पर्कलाई पनि देह व्यापारमा जोडी त्यसलाई बेचबिखन जस्तो कार्यसँग सधैँ जोडेर भने हेर्न मिल्दैन ।

## सत्र ११ः मानव बेचबिखन तथा वैदेशिक रोजगारीबीचको अन्तर सम्बन्ध र भिन्नता

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- वैदेशिक रोजगारीको परिभाषा तथा अवधारणका बारेमा जानकारी हासिल गरी भन्न सक्ने छन् ।
- नेपालमा वैदेशिक रोजगारीको वर्तमान अवस्था र अपरिहार्यताका सम्बन्धमा जानकारी हासिल गर्ने छन् ।
- नेपालमा वैदेशिक रोजगारीमा महिलाको अवस्था र सम्भाव्य जोखिम तथा शोषणको बारेमा बताउन सक्ने छन् ।
- वैदेशिक रोजगारीको र मानव बेचबिखनबिचको अन्तर सम्बन्ध (Nexus) का बारेमा बताउन सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल, न्युज कटिङ

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई विभिन्न पत्रपत्रिकाहरूमा हालसालै प्रकाशित कुनै वैदेशिक रोजगारी सम्बन्धी समाचारहरू देखाई वा सुनाई सामूहिक रूपमा छलफल गर्ने र न्यूजप्रिन्टमा बुँदाहरू टिपोट गर्ने ।
- सबैको विचार आई सकेपछि सहभागीहरूको भनाइको आधारमा सहजकर्ताले वैदेशिक रोजगारीको कानुनी परिभाषा तथा यसको अर्थको बारेमा जानकारी दिँदै स्पष्ट पार्न प्रवचन दिने ।
- सहजकर्ताले वैदेशिक रोजगारीको नेपालको अर्थतन्त्रमा परेको सकारात्मक असर तथा यसको योगदानहरूको बारेमा स्पष्ट पार्दै छलफल गर्ने ।
- सहभागीहरूलाई वैदेशिक रोजगार विभागको तथ्याङ्कहरू देखाउँदै वैदेशिक रोजगारीमा महिलाहरूको सहभागिता र शोषणको सम्बन्धमा के कस्तो अवस्था छ जानकारी गराएर सकारात्मक रूपमा महिलाहरूको वैदेशिक रोजगारीमा के कसरी सुरक्षा प्रदान गर्न सकिन्छ भनी प्रवचन तथा छलफल गराउने ।
- वैदेशिक रोजगारी र मानव बेचबिखन कसरी अन्तर सम्बन्धित हुन सक्दछ र अधिकार कसरी अपराधमा परिणत हुन सक्दछ भन्ने कुरा शोषण, दासत्व र इच्छा विपरीतका विभिन्न बुँदाहरू उल्लेख गर्दै प्रवचनको माध्यमबाट स्पष्ट पार्ने ।
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले पितृ सत्तात्मक सामाजिक संरचनाको सङ्क्षेपमा पुनः जानकारी दिने ।

# सहजकर्ताहरूको लागि स्रोत सामग्री

## वैदेशिक रोजगारीको अवधारण तथा यसको परिभाषा

नेपालबाट रोजगारको लागि विदेशमा जाने थालनी करिब २०० वर्षअघि देखि भई आएको देखिन्छ। वैदेशिक रोजगारको अधिकारिक सुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको भए तापनि पछि विस्तारै अन्यत्र पनि जाने क्रम सुरु भएको र विगत २० वर्षयतादेखि नेपाली कामदारहरू मुख्य रूपमा खाडी मुलुक तथा मलेसियामा संस्थागत रूपमा वैदेशिक रोजगारको लागि जाने गरेको पाइन्छ।

पहिलो विश्वयुद्ध र अझ त्यसभन्दा पहिलेदेखि नै नेपालबाट भारतमा रोजगारीको लागि जाने क्रम सुरु भएको देखिन्छ। तत्कालीन समयमा पन्जाबको लाहोरमा जाने भएकाले विदेश काम गर्न जानेहरू बिस्तारै "लाहुरे" नामले बोलीचालीमा परिचित हुन थालेको र सो क्रमसँगै बिस्तारै दार्जिलिङमा बिस्तारित चिया उद्यानहरूमा काम गर्न पनि नेपाली जान थालेको पाइन्छ। वैदेशिक रोजगारीको अवस्था १९५० र १९६० को दशकसम्म आइपुग्दा अझ बढ्न गएको देखिन्छ। भारत स्वतन्त्र भए पश्चात् लाहुरेहरू ब्रिटेन तथा बिस्तारै मलेसिया र सिङ्गापुर अनि ब्रुनाईसम्म पुगेको पाइन्छ। भारतमा भने सेनामा पुरुष जाने क्रमसँगै चिया बगानमा काम गर्न महिला जाने क्रमको सुरुवातले बिस्तारै सपरिवार महिलाहरूको पनि वैदेशिक रोजगारीमा जाने र स्थायी बसाइँसराइँको सुरुवात भएको देखिन्छ तर वैदेशिक रोजगारीको परिभाषाभित्र अहिलेसम्म पनि भारतमा काम गर्ने ठुलो समूह भने पर्न नसकेको अवस्था छ। यसरी बढ्दै गएको वैदेशिक रोजगारी भारतबाट बिस्तारै खाडी तथा विभिन्न अरेबियन मुलुक हुँदै इजरायल, हङकङ, जापान, दक्षिण कोरिया लगायतका पछिल्लो समयमा चीन तथा अफ्रिकी तथा युरोपेली मुलुकहरूमा समेत त्यो प्रक्रिया बढ्दै गएको छ। हाल खाडी तथा अरब मुलुकमा मात्र लगभग २९ लाखभन्दा बढी नेपाली कार्यरत रहेको अहिलेको तथ्याङ्क छ।

सामान्य अर्थमा भन्दा कुनै व्यक्ति विदेशमा वा अर्काको देशमा गएर काम गर्नुलाई वैदेशिक रोजगार भनिन्छ। हाम्रो देशबाट पनि रोजगारीका लागि विदेशिने युवाहरूको जमात दिन प्रतिदिन बढी रहेको छ। यसरी रोजगारीको सिलसिलामा आफ्नो देश छोडी अन्य देशमा गएर रोजगारीमा संलग्न हुनु अगाडि आफू जान लागेको देशको बारेमा जति सक्दो धेरै जानकारी लिएर जानु पर्दछ। त्यति मात्र होइन, वैदेशिक रोजगारीको लागि आफ्नो देश छोडेर अन्य देशमा जानको लागि आफ्नो देशको कानुनले कस्तो व्यवस्था गरेको छ त्यसको बारेमा समेत जानकारी हुनु जरुरी हुन्छ। यसका अतिरिक्त रोजगारी दिने देश, कम्पनी, कामको प्रकृति, तलब, भत्ता, सुविधा आदि जस्ता कुरा थाहा पाएर वैदेशिक रोजगारीमा जाँदा बढी प्रभावकारी र भरपर्दो हुन्छ।

कानुनी रूपमा हेर्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा २ (क) को परिभाषा अनुसार वैदेशिक रोजगार भनेको कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्छ भनी उल्लेख गरेको पाइन्छ। सामान्यतया रोजगारीका लागि आफू जन्मेको मुलुक छोडेर कानुनले तोकेको निश्चित प्रक्रिया पुरा गरी अन्य कुनै मुलुकमा गई त्यस मुलुकको श्रम ऐन तथा कानुनको अधीनमा रही आफ्नो योग्यता, क्षमता र सीपको आधारमा कुनै काममा संलग्न रही आय आर्जन वा आम्दानी गर्ने कामलाई जनाउँदछ। सङ्क्षिप्तमा भन्ने हो भने आफ्नो देश छाडेर अन्यत्र देशमा गई कुनै काममा संलग्न भई आय आर्जन गर्ने कार्य नै वैदेशिक रोजगार हो।

वैदेशिक रोजगारीमा प्रत्यक्ष रूपमा कामदार पठाउने देश र रोजगार उपलब्ध गराउने देशको सहभागिता रहेको हुन्छ।

कस्ता कस्ता देशमा र कस्तो कस्तो काममा आफ्ना नागरिकलाई रोजगारीको लागि विदेश वा अन्य देश पठाउने भन्ने कुरा हाम्रो देशको सरोकारको विषय हो भने कुन दर्जाका कामदारलाई कुन काम गरे बापतको पारिश्रमिक तथा अन्य सुविधा कति उपलब्ध गराउने भन्ने कुरा रोजगारदाता देशको सरोकारको विषय हो । त्यसैले रोजगार वा कामदार उपलब्ध गराउने हाम्रो देश र रोजगारी उपलब्ध गराउने रोजगारदाता देशबिचको सम्झौताका आधारमा नेपालका म्यान पावर कम्पनी र रोजगारी उपलब्ध गराउने देशका रोजगारदाता कम्पनीबिच सम्झौता भई वैदेशिक रोजगारीको प्रक्रियाको सुरुवात गरिन्छ ।

यसरी सुरु गरिएको वैदेशिक रोजगारीको लागि पुरा गर्नुपर्ने कार्यविधि दुवै देशका सम्बन्धित व्यक्तिहरू/ सरोकारवालाहरू बिचमा भएको करारद्वारा तय गरिन्छ । उक्त करारमा कामदारको न्यूनतम् पारिश्रमिक तथा सुविधा, करार अवधि, काम गर्ने समयावधि, ओभर टाइम सुविधा, कामदारको जीवन बिमा, रोजगारदाता देशलाई बुझाउनु पर्ने लेबि तथा रेमिट्यान्स आदि जस्ता कुराहरू उल्लेख भएका हुन्छन् । तर वैदेशिक रोजगारीको नाममा स्वदेशी तथा विदेशी दलालहरू मार्फत विभिन्न अवैध तथा गैरकानुनी तरिका अपनाएर आफ्नो देश छोडी रोजगारीको लागि विदेश पुग्ने हजारौं नेपाली नागरिकहरू अलपत्र पर्ने, विभिन्न किसिमका शारीरिक मानसिक तथा यौन शोषणमा पर्ने र अकालमा ज्यान समेत गुमाएका दुखद् समाचारहरू बेलाबेलामा सार्वजनिक भइरहेका छन् । कतिपय वैदेशिक रोजगारीको नाममा गरिने बेइमानी र ठगीको कार्य केवल ठगी मात्र नभएर मानव बेचबिखन तथा ओसारपसार अपराधको दायराभित्र समेत पर्ने गरेका छन् ।

## वैदेशिक रोजगारीको वर्तमान अवस्था

नेपालबाट वैदेशिक रोजगारीमा जानेको संख्या कति छ ? भन्ने सम्बन्धमा यकीन गरेर भन्न सकिने अवस्था छैन । हाल सरकारले विभिन्न १०९ वटा देशमा नेपालीले वैदेशिक रोजगारीका लागि जान पाउने भनी व्यवस्था गरेको कुरालाई मध्य नजर गरेर हेर्ने हो भने नेपालको वैदेशिक रोजगारी र यसबाट देशलाई प्राप्त हुने आर्थिक योगदान ठुलो रूपमा रहेको छ ।

नेपालमा राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक रोजगार र त्यसबाट भित्रने विप्रेषणको भूमिका बढ्दै गएको देखिन्छ । मेरुदण्डको रूपमा स्थापित भई सकेको छ । सन् १९९५/९६ को तथ्याङ्क अनुसार नेपालमा गरिबीको रेखामुनि रहेका जनसंख्या ४२% थियो भने सन् २००३/०४ मा आएर ३१% मा झरेको देखिन्छ र यसरी ११% गरिबी घट्नुमा विप्रेषणको अहम् भूमिका रहेको र हाल आएर हाम्रो गरिबी करिब १९.३% कायम हुनुमा पनि वैदेशिक रोजगारी र त्यसबाट प्राप्त विप्रेषणको अहम् भूमिका छ । नेपालले वैदेशिक रोजगारका निमित्त खुल्ला गरेको देशमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने नेपालीको संख्या २०७१ असार सम्ममा २८ लाख ८४ हजार नाघिसकेको तथ्याङ्कहरूले देखाएकाले देखाएको छ ।

वैदेशिक रोजगारी हाल अत्यधिक नेपाली परिवारहरूको जीविकोपार्जनको आधार भएको कुरा सर्वविदितै छ । सन् २०१२ को नोभेम्बर महिनामा प्रकाशित राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा जनाइए अनुसार सन् २०११ मा कुल गार्हस्थ्य उत्पादनमा २३.५ % वैदेशिक रोजगारको योगदान थियो जुन हाल अझैं बढ्दै गएको कुरामा कुनै पनि द्विविधा हुन सक्दैन । त्यस्तै सन् २०११ को नेपाल जीवन स्तर सर्वेक्षणको तथ्याङ्क अनुसार वैदेशिक रोजगारबाट नेपालमा भित्रिने विप्रेषण विगत १५ वर्षमा ३० गुणाले वृद्धि भएको उल्लेख भएबाट अहिले यो हाम्रो अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित भइसकेको अवस्था हो, किनकि एक तथ्याङ्क अनुसार यदि अहिले

नेपालमा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणलाई रोकिदिने हो हाम्रो गरिबीको प्रतिशत हालको १९.३% बाट ह्वातै बढेर ३५.५% पुग्ने सरकारी तथ्याङ्कहरूले स्पष्ट पारेको छ ।[3]

## वैदेशिक रोजगारीमा महिलाको अवस्था

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अनुमान अनुसार संसारमा मुलुक बाहिर जाने मानिसको संख्या लगभग १७ करोड ५० लाख छन् । त्यसमध्ये वैदेशिक रोजगारीमा १२ करोड रहेको अनुमान छ । वैदेशिक रोजगारीमा जानेमध्ये ५६% भन्दा बढी महिला रहेको देखिन्छ । एशियाबाट मात्र ४ करोड ९० लाख आप्रवासीहरू विभिन्न देशमा रहेका छन् । वैदेशिक रोजगारीमा श्रीलङ्काबाट ६८%, फिलिपिन्सबाट ७०% र इन्डोनेसियाबाट ७०% महिलाको सहभागिता हुन्छ ।

नेपालको आधिकारिक तथ्याङ्कको आधारमा हेर्दा आ.ब. २०६८/०६९ सम्ममा करिब ५७०९९ महिलाको वैदेशिक रोजगारीमा सहभागिता भएको देखिन्छ, तर यो संख्यामा लुकेर र भारतीय विमान स्थल प्रयोग गरेर जाने महिलाहरूको संख्या उल्लेख नभएकाले यो संख्या सरकारी स्वीकृति प्राप्त महिलाको मात्र रहेको देखिन्छ । यहाँ पनि यथार्थ तथ्याङ्कको अभाव भएकोले वैदेशिक रोजगारमा जाने महिलाको यकीन गरेर भन्न सकिने अवस्था भने छैन । निड्स र युनिफेमको एक अनुसन्धानले २०६३ मा नै करिब ७८ हजार ३०८ महिला विदेशमा रहेको अनुमान गरेको अवस्थालाई हेर्दा हाम्रो परिप्रेक्ष्यमा वैदेशिक रोजगारीमा जाने महिलाको संख्या ठुलो रहेको स्पष्ट नै छ ।

युनिफेम तथा पिपल्स फोरमको तथ्याङ्क अनुसार वैदेशिक रोजगारका क्रममा विदेश पुगेका मध्ये ८०% महिला, घरेलु कामदार रहेका छन् र यसरी घरेलु काममा लागि गएका महिलामध्ये ९० प्रतिशतभन्दा बढी अभिलेखबद्ध नभएका नेपाली महिला कामदार छन् । विदेश पुगेका नेपाली महिला कामदारमध्ये १६% महिला कुनै कमाई गर्न नसकेर स्वदेश फर्कन्छन् । तिनीहरू प्रायः सबै घरेलु कामसँग सम्बन्धित र अभिलेखबद्ध समेत नभएका कारण उनीहरूलाई वैदेशिक रोजगार बोर्ड र सरकारी संयन्त्रबाट कुनै सहयोग प्राप्त गर्दैनन् । यसका साथै यस सन्दर्भमा अझै गहिरिएर हेर्ने हो भने गन्तव्य मुलुकमा पुगेका नेपाली महिला कामदार मध्ये २२% महिलाले कार्य स्थलमा कुनै न कुनै किसिमको हिंसा बेहोरेको र वैदेशिक रोजगारमा जाने कामदारमध्ये २६% महिलाले विमान स्थलमा कुनै न कुनै प्रकारको समस्या बेहोर्नुका साथै करिब ७७% नेपाली महिला कुनै पनि प्रकारको अधिकारबारे थाहा नै नपाई वैदेशिक रोजगारमा जाने गरेको पाइएको कारणले महिलाको वैदेशिक रोजगारीमा जाने अवस्था नाजुक र अझै पनि अव्यवस्थित रहेको देखिन्छ, जसले गर्दा उनीहरू सजिलै मानव बेचबिखनको जालोमा फस्ने सम्भावना पनि उत्तिकै रहन्छ ।

वैदेशिक रोजगारको सम्पूर्ण प्रक्रियाको जानकारी, कामको अवसर, गन्तव्य मुलुकको अवस्था, सेवा तथा अधिकार बारे महिला कामदारलाई पर्याप्त मात्रामा जानकारी सम्प्रेषणको अभाव रहेको छ । अपूर्ण पूर्व प्रस्थान तालिम, अपर्याप्त सीप तालिमका कारण वैदेशिक रोजगारले केही महिलालाई बेचबिखनको तहमा पुऱ्याएको छ । तालिम कार्यक्रम शहरी इलाकामा सीमित गरिएकाले अधिकांश ग्रामीण महिला यसबाट वञ्चित हुन्छन् भने उनीहरू सहभागी भए पनि आर्थिक बोझ हुने र तालिमकै क्रममा शारीरिक, मानसिक र यौन हिंसाको शिकार हुनु पर्ने अवस्था पनि छ ।

फेरि विश्व श्रम बजारमा महिलालाई थोरै मात्र दक्ष कानुनी र राम्रा कामको अवसर दिइन्छ । धेरै महिलालाई घरेलु कामदारको मात्र अवसर दिइन्छ, जुन कामलाई श्रम कानुनहरूले पूर्ण रूपमा संरक्षण गर्दैन । केही देशमा वैदेशिक

3 Labour Migration for Employmen, A status Report for Nepal: 2013/2014

रोजगारीमा गएका महिलालाई जातीय र रङभेदी भेदभाव गरिन्छ । त्यसले कम ज्याला र खराब वातावरणमा काम गर्न महिलालाई बाध्य पारिन्छ । वैदेशिक रोजगारीमा गएका महिला कामदारलाई अनैतिक र यौनजन्य वस्तुको रूपमा धार्मिक तथा सांस्कृतिक पूर्वाग्रह राखी व्यवहार गर्दा उनीहरू पटक पटक शोषित भई बाँच्न बाध्य बनाईएका हुन्छन् । यसरी हेर्दा हालको अवस्थामा नेपाली महिलाहरूले गन्तव्य देशहरूमा भोग्नु परेको समस्याहरू निम्न रूपमा पाइएको छ ।

- नेपालबाट वैदेशिक रोजगारमा जानेहरूले गन्तव्य मुलुकमा आवश्यक पर्ने तालिम नलिई जाँदा जोखिमयुक्त कामहरूमा मात्र अवसर पाउने गरेको पाइन्छ ।
- श्रम शोषण, कुटाई पिटाई, दुर्व्यवहार, बढी समय सम्म काम गर्नै पर्ने बाध्यात्मक अवस्था, समयमा तलब नदिने, तलब नै नदिने, खान नदिने, परिवारसँग सम्पर्क गर्न नदिने वा सम्पर्कमा नै आउन नदिने, दूतावास तथा अन्य सहयोगी संघ सस्थासँग सम्पर्कमा आउन नदिने आदि ।
- समस्या परेपछि जाने ठाँउबारेमा जानकारी नहुनु र भागेपछि जाने ठाउँ नै नहुनु पनि अर्को गम्भीर अवस्था देखिन्छ ।
- अधिकांश नेपाली महिला कामदारहरूले आफ्नो कामको बारे जानकारी नै पाएका हुँदैनन् र हिंसाको शिकार बन्न पुग्दछन् भने केही महिला कामदारहरू यौन हिंसा एवम् शोषणको शिकार समेत भएको पाइन्छ ।

## वैदेशिक रोजगारीको र मानव बेचबिखनबिचको अन्तरसम्बन्ध (Nexus)

वैदेशिक रोजगारीमा गएको प्रवासी श्रमिक (Migrant Worker) भन्नाले त्यो व्यक्ति भन्ने बुझिन्छ जो आफ्नो मुलुकभन्दा बाहिर ज्याला पाउने काममा संलग्न हुन्छन् र यिनीहरूका आफ्ना अधिकारहरू हुन्छन् । यो परिभाषाभित्र दर्ता नगरिएका प्रवासी श्रमिकहरू पनि पर्दछन् र उनीहरूका पनि आफ्नै केही अधिकारहरू हुन्छन् । यसरी वैदेशिक रोजगारीमा गएको प्रवासी श्रमिकको राष्ट्रिय विकास र अर्थतन्त्रमा उल्लेखनीय भूमिका रहने भएकाले देश तथा विदेशमा नै उनीहरूका हुन सक्ने मानव बेचबिखनको सम्भावनालाई अन्त्य गर्न उनीहरूको अधिकारहरूलाई संरक्षण गर्न आवश्यक देखिन्छ ।

वैदेशिक रोजगारी तथा मानव बेचबिखन फरक र भिन्न प्रक्रियाका भए तापनि एक अर्कासँग जोडिएका हुन्छन् । मानव बेचबिखन शोषण र मानव अधिकारको हननसँग सम्बन्धित हुन्छ भने वैदेशिक रोजगारी विकास र आर्थिक प्रगतिसँग सम्बन्धित हुन्छ । वैदेशिक रोजगारीमा जाने व्यक्ति त्यस्तो व्यक्ति हो, जो विदेशमा काम गरी आर्थिक उपार्जन गर्नका लागि विविधत् रूपमा कार्यरत रहेको हुन्छ र यो सधैँ नै स्वेच्छिक हुन्छ । बेचबिखन र वैदेशिक रोजगारी दुवै सामान्य आप्रवाशनको एक प्रक्रिया हो । यी दुवै बिचको फरक खिच्न पनि गाह्रो नै हुन्छ र फरक गर्न खोज्दा झन धेरै बल्झिँदै जाने देखिन्छ । अधिकार र अपराधबिचको रेखा धेरै नै पातलो छ र छुट्ट्याउन समेत गाह्रो हुन्छ । यो कार्यमा सधैँ नै समुदायका अगुवा, अनुसन्धानकर्ता तथा अभियोजनकर्ताहरूको भूमिका उल्लेखनीय हुन्छ ।

मानव बेचबिखनमा पीडितमाथि धोका, जबर्जस्ती, शोषण र दुरूपयोग हुनुका साथै निजको आफ्नै जीवनमाथिको आफ्नो नियन्त्रण कायम रहेको हुँदैन र यही आधारहरू यसलाई वैदेशिक रोजगारीभन्दा फरक र भिन्न प्रक्रियाका रूपमा स्थापित गर्दछ । मानव बेचबिखन र शोषण पर्यायवाची हुन्छ भने वैदेशिक रोजगारी र स्वतन्त्र आर्थिक विकास पर्यायवाची हुन्छ जसलाई गहिरिएर हेर्दा स्वतन्त्र सहमति र शोषण भएको नभएको भन्ने जस्ता केही

तत्वहरूले पनि यी दुईलाई छुट्याउन हामीलाई मद्दत गर्ने गर्दछ । मानव बेचबिखनमा सहमति कदापि रहेको हुँदैन र सक्दैन भने वैदेशिक रोजगारीमा शोषण कदापि रहन र हुन सक्दैन भन्ने मान्यता राखिन्छ । शोषण, नाफा तथा गैरकानुनी कार्य बेचबिखनको आधार हो, तर यो वैदेशिक रोजगारीमा हुनु हुँदैन, नत्र, त्यस्तो वैदेशिक रोजगारी पनि बेचबिखनमा परिणत हुन पुग्दछ र पुगेको पाइन्छ ।

विश्वव्यापीकरणले गर्दा श्रम बजार दिन प्रतिदिन फैलिँदै गइरहेको छ । तर सहज, सुरक्षित र कानुनी रुपमा आलेखबद्ध भई श्रम आप्रवासनको बाटो नअपनाउँदा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको जोखिम बढेको देखिन्छ । अवसरले श्रम बजारमा माग बढाउँदै जान्छ, तर माग बमोजिम पूर्ति गर्न जस्तोसुकै प्रकारले गैरकानुनी रूपमा कार्य गर्दा मानव बेचबिखन भइरहेको छ र मानव बेचबिखनमा नपरे पनि गैरकानुनी रूपमा वैदेशिक रोजगारीमा जाँदा उच्च जोखिम भने सधैँ नै बढी नै रहन्छ । जसले गर्दा ठगीमा पर्ने सम्भावना पनि उत्तिकै रहन्छ ।

वैदेशिक रोजगारी व्यक्तिको अधिकार तथा राष्ट्रको आर्थिक मेरुदण्डको रूपमा हेरिएको छ तर, मानव बेचबिखन यस प्रक्रियामा हुने केही प्रतिशत शोषण तथा दासत्वको अवस्था हो । जसले व्यक्तिका सबै अधिकारहरूको उल्लङ्घन गर्ने भएकाले अत्यन्त निकृष्ट अपराधको रूपमा लिइन्छ । असुरक्षित र गैरकानुनी रूपमा वैदेशिक रोजगारीमा जाने वा मानव तस्करको सहयोगमा विदेश जाने प्रवृत्तिले गर्दा व्यक्तिले अधिकारको उपयोग गर्दा गर्दै कति वेला अपराधको शिकार हुन पुग्दछ भन्ने कुरा थाहा पाउनै सक्दैन । वैदेशिक रोजगारी अपरिहार्य हुँदाहुँदै पनि "अधिकार अपराध" मा परिणत भएको छुट्याउन धेरै नै गाह्रो तथा जटिल हुँदै गएको छ ।

नेपालको अर्थतन्त्रको लागि वैदेशिक रोजगारी अपरिहार्य भइसकेको छ । आम्दानीलाई मात्र गणना गर्ने प्रवृत्तिले वैदेशिक रोजगारीमा झन धेरै असुरक्षित अवस्थाहरूको सृजना भएको छ। वैदेशिक रोजगारीलाई मानव बेचबिखनसँग जोडेर हेर्नुपर्ने अवस्थामा कमी ल्याउनका लागि सुरक्षित वैदेशिक रोजगारी नै एक मात्र उपाय हो । तसर्थ स्वदेशमा रोजगारीको अवसर सृजना गर्दै जानु र वैदेशिक रोजगारलाई सुरक्षित बनाउनु आजको आवश्यकता हो ।

## सत्र १२ : सुरक्षित वैदेशिक रोजगार र वैदेशिक रोजगार सम्बन्धी कानुनी व्यवस्था

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- वैदेशिक रोजगारमा अपनाउनु पर्ने सावधानी र सुरक्षित रहने अवस्थाहरूका बारे भन्न सक्नेछन् ।
- वैदेशिक रोजगारीबाट फर्केपछि के के गर्न सकिन्छ भन्ने सम्बन्धमा जानकारी हासिल गरी बताउन सक्नेछन् ।
- वैदेशिक रोजगारी अन्तर्गत घरेलु कामदारको रूपमा महिलाको अवस्था र यसका प्रक्रियाहरूका बारेमा भन्न सक्नेछन् ।
- वैदेशिक रोजगारको कानुनी प्रावधानहरूसँग परिचित हुनेछन् ।

**समय :** २ घण्टा

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, घटना, अध्ययन, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीहरूलाई वैदेशिक रोजगारमा आफ्नो परिवारको सदस्य वा चिनेजानेका व्यक्तिहरू गएका छ छैन ? प्रश्न गर्ने ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले भोग्नु परेको समस्यालाई छलफलमा ल्याउने जसमा महिलाहरू किन सुरक्षित हुँदैनन् सोबारे छलफल चलाउने र छलफलबाट निस्केको निष्कर्षलाई बुँदागत रूपमा थप प्रस्टाउने ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले जान्नै पर्ने कुराहरूलाई उदाहरण सहित बुँदागत रूपमा प्रस्टाउने ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले जानु पूर्व, रोजगारमा रहँदा र स्वदेश फर्केर आएपछि ध्यान दिनुपर्ने कुराहरू बुँदागत रूपमा प्रस्टयाउने ।
- सहभागीहरूलाई वैदेशिक रोजगारी अन्तर्गत घरेलु कामदारको रूपमा जाने सम्बन्धी व्यवस्था र अन्य वैदेशिक रोजगार सम्बन्धमा भएका कानुनी व्यवस्थाका बारेमा प्रस्तुत गर्ने ।
- सहभागीहरूलाई ३ समूहमा विभाजन गर्ने र वैदेशिक रोजगार सम्बन्धी महिलाहरूसँग सम्बन्धित घटना अध्ययन (case study) माथि छलफल गर्न लगाउने र समूहमा छलफलपछि आएका बुँदाहरू प्रस्तुत गर्न लगाउने ।
- प्रस्तुतिपछि घटना अध्ययनले वैदेशिक रोजगारको सिलसिलामा महिला उपर भएका घटना क्रमले दिएको सन्देशलाई प्रस्ट्याउने ।
- यस सत्रको अन्त्यमा सहजकर्ताले वैदेशिक रोजगार भन्नाले र यसलाई सुरक्षित बनाउन भइरहेका व्यवस्थाबारे के कति बुझे सो बारे प्रश्न गर्ने र यस सम्बन्धमा सहजकर्ताले यस सत्रको विषय, छलफल तथा प्रस्तुतिलाई सङ्क्षेपमा बताई यस सत्रको अन्त्य गर्ने ।

## सहजकर्ताहरूको लागि स्रोत सामग्री

### वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- आफन्त र जान्ने सुन्नेसँग वैदेशिक रोजगारमा जाँदा हुने फाइदा र बेफाइदाबारे परामर्श गर्ने तथा सम्बन्धित जिल्लामा जिल्ला प्रशासन कार्यालय र अन्य सरोकारवाला संस्थाबाट आवश्यक जानकारी लिने ।
- कम्पनी वा एजेन्टका बारेमा सूचना प्राप्त गर्ने । यस्तो सूचना सञ्चार माध्यम र वैदेशिक रोजगार विभागबाट प्राप्त गर्न सकिन्छ ।
- आम सञ्चार माध्यमले प्रकाशन गरेको वैदेशिक रोजगारको सूचना/विज्ञापन सही भए नभएको बुझ्नु पर्दछ । गलत विज्ञापन गरी पैसा उठाई ठगी गर्न सक्दछन् ।
- दर्ता भएको र राम्रो रेकर्ड भएको कालो सूचीमा परेको तथा खारेजीमा नपरेको कम्पनीको छनौट गर्ने ।
- कम्पनी वा एजेन्टको बारेमा सूचना प्राप्ति गर्ने । यस्तो सूचना सञ्चार माध्यम र वैदेशिक रोजगार विभागबाट प्राप्त गर्न सकिन्छ ।

- श्रम स्वीकृति विना काम गर्न विदेश जानु हुँदैन । श्रम स्वीकृति नलिई गएमा कुनै पनि सुविधा पाइँदैन र गएको मुलुकमा अलपत्र पर्न सकिन्छ ।
- नेपालकै विमानस्थलको प्रयोग गर्नुपर्ने कानूनी व्यवस्थालाई ध्यानमा राख्ने, टिकटको प्रबन्ध र घर व्यवहार मिलाउने ।
- नागरिकता र पासपोर्ट नेपालमा नै र आफ्नो जिल्लामा बन्ने भएकाले यदि कसैले यस बाहेक अन्यत्र नै बन्ने आश्वासन दिई बनाएमा ती कागजातहरू नक्कली हुनेछन् ।
- आफूसँग रहेका सबै कागजातहरूका प्रतिलिपि सधैँ आफूसँग राख्ने र एक प्रति घर परिवारमा पनि छाड्नु पर्दछ ।
- आफू जाने मुलुकबारे आवश्यक जानकारी लिने, जानुअघि अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गर्ने ।
- वैदेशिक रोजगारमा जानु पूर्व अभिमुखीकरण, भाषा र त्यहाँ आफूले गर्ने काम सम्बधी सीप वा तालिम लिने ।
- विदेश प्रस्थान गर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको मार्ग मात्र प्रयोग गर्ने । (विदेश पठाउने बहानामा कतिले बसबाट भारत हुँदै लाने गरेका छन् । यस्तो यात्रा असुरक्षित र अनिश्चित हुन्छ)
- राहदानी, भिसा, सम्झौता पत्र, स्वास्थ्य परीक्षणका कागजात साथमा छन् कि छैनन् हेर्ने ।
- विदेशमा कुन कम्पनीमा जाने हो, एयरपोर्टमा को लिन आउने हो, त्यसबारे पूर्व जानकारी लिएर नाम, ठेगाना, सम्पर्क नम्बर, सम्पर्क व्यक्तिको विवरण भएको नोटबुक साथमा राख्ने ।
- गन्तव्य देशको नक्सा पनि साथमा बोकेर त्यसको कुन सहर र त्यहाँ जाने बाटो निश्चित गर्ने तथा त्यहाँ बोलिने भाषाको शब्द र वाक्यांश भएको कागज र किताब साथमा राख्ने । सकेसम्म त्यहाँको भाषा सिक्ने ।
- गन्तव्य मुलुकको नेपाली राजदूतावास, नेपालीहरूको सङ्गठन, संघ संस्थाको ठेगाना स्वदेशका सहयोगी निकायहरू (जस्तै श्रम विभाग, श्रम मन्त्रालय) को ठेगाना र सम्पर्क व्यक्तिको नाम, फोन नम्बर राख्ने आफूलाई पठाउने म्यानपावरको सर्म्पक व्यक्तिको नाम, नम्बर राख्ने ।
- वैदेशिक रोजगारको क्रममा ठगीमा परे तुरुन्तै स्वदेशमा रहेको टोल फ्रि नम्बरमा सम्पर्क गरी उजुरी गर्ने यो निःशुल्क र २४ घण्टा खुला सेवा हो ।
- वैदेशिक रोजगारमा जानु पूर्व वैदेशिक रोजगार विभागको सम्पर्क नम्बर, जाने देशको दूतावासको नम्बर र सम्पर्क व्यक्ति तथा ठेगाना लिएर जाने ।
- वैदेशिक रोजगारको क्रममा ठगीमा परे वैदेशिक रोजगार विभागमा उजुरी गर्नु पर्दछ ।
- वैदेशिक रोजगारसम्बन्धी कुनै पनि सूचना जानकारीका बारेमा बुझ्नु परेमा वैदेशिक रोजगार प्रबर्द्धन बोर्डको सचिवालयको ठेगानामा सम्पर्क गरी बुझ्न सकिन्छ ।
- वैदेशिक रोजगारको क्रममा मानव बेचबिखनमा परेमा स्वदेश फर्किएपछि नेपला प्रहरीमा उजुरी गर्ने वा आफन्त बेचबिखनमा परेको जानकारी भएमा जो कसैले पनि नजिकको प्रहरमिा उजुरी गर्न सकिन्छ ।

## वैदेशिक रोजगारीमा रहँदा ध्यान दिनुपर्ने कुराहरू

- काम गर्न जाने मुलुकको नेपाली राजदूतावास, श्रम सहचारी, गैरआवासीय नेपाली एवम् संघ, संस्था आदिको सम्पर्क ठेगाना, फोन आफ्नो साथमा राख्नु पर्छ, अप्ठ्यारो र कठिनाई पर्दा सम्पर्क

गर्न सजिलो हुन्छ ।

- विदेशमा रहँदा नेपाली राजदूतावास, नेपाली संघ, संस्था र आफ्नो घर परिवारको नियमित सम्पर्कमा रहनु पर्दछ । यसो गरेमा अप्ठ्यारो र कठिनाइ पर्दा उद्धार गर्न सजिलो हुन्छ । मानसिक तनाब न्यून गर्न सकिन्छ ।
- काम गरिरहेको वा काम गर्न गएको कम्पनी करार समय अगावै छोडी अन्यत्र काम गर्न जानु हुँदैन । कतिपय देशमा यस्तो गरेमा गैरकानुनी भइन्छ, जेल सजाय पनि हुन सक्दछ ।
- सम्बन्धित मुलुकको कम्पनीको नियमको पालना गर्नु पर्छ । अरूको धर्म संस्कृतिको सम्मान गर्नु पर्दछ । अनावश्यक झैझगडा, अरूको उक्साहटमा हड्तालमा उत्रनु हुँदैन ।
- सम्बन्धित देशको ट्राफिक नियम बुझ्ने र पालना गर्नु पर्दछ ।
- करार अवधि सकिएपछि स्वदेश फर्किएर पुन बिमा गराई श्रम स्वीकृति लिएर जानु पर्छ, अन्यथा दुर्घटना पर्दा बिमा र अन्य आर्थिक सहायताको सुविधा पाइँदैन ।
- सम्झौता गरेको भन्दा फरक कम्पनीमा फरक काममा कम पारिश्रमिकमा काम लगाएको छ भने तुरुन्त नेपाली दूतावास, वैदेशिक रोजगार विभागमा उजुरी गर्नु पर्छ । आफूखुसी अन्यत्र काममा जानु हुँदैन ।
- कोठामा बस्दा वा सुत्दा एयर कन्डिसनिङ्ग (Air Conditioning) को सही किसिमबाट प्रयोग गर्नु पर्दछ । थाहा नभएको काम कुरा सिकेर जानेर मात्र गर्नु पर्दछ ।
- कमाएको पैसा फजुल खर्च गर्नु हुँदैन, बचाएको पैसा बैङ्किङ्ग च्यानलबाट पठाउनु पर्छ, व्यक्तिगत तबरबाट र हुन्डीबाट पठाउँदा जोखिम (खतरा) हुन्छ ।
- आफ्नो स्वास्थ्य र क्षमताको ख्याल गरेर काम गर्नुपर्छ, पाएँ भन्दैमा क्षमताभन्दा बढी ओभर टाइम काम गर्नु हुँदैन ।
- परिचय पत्र सधैं आफैसँग राख्ने तथा पासपोर्ट र भिसाको म्यादबारे सचेत रहने र समयमा नै रिन्यु वा नवीकरण गर्ने ।
- काम गरिरहेको कम्पनीको नाम, ठेगाना र त्यसको जिम्मेवारी व्यक्तिको विवरण र दूतावासको ठेगाना लिएर मात्र हिँड्ने ।
- स्वदेशमा सूचना र सम्पर्क गर्नका लागि टेलिफोन, फ्याक्स गर्ने ठाउँ, हुलाक कार्यालय जानी राख्ने, सकिन्छ भने इमेल चलाउन सिक्ने र त्यस मार्फत स्वदेशका आफन्तसँग सम्पर्कमा रहने ।

### वैदेशिक रोजगार सकिएर स्वदेश फर्केपछि ध्यान दिनुपर्ने कुराहरू

- स्वदेश फिर्ता हुने समयमा ल्याउन हुने/नहुने समानबारे जानकारी राख्ने र सुरक्षाका लागि कमाएको पैसा बैंक मार्फत् पठाउने ।
- आफूले ल्याएको पैसा उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्दछ । आफूले सिकेको सीप अनुसारको व्यवसाय सञ्चालन गर्नु पर्दछ ।
- व्यवसायको लागि वैदेशिक रोजगारी प्रबर्द्धन बोर्डबाट स्किम लिन र सिकेको सीप अनुरूप व्यवसाय सञ्चालनको लागि सहुलियतमा ऋणको सुविधा पाउन सकिनेछ ।

- वैदेशिक रोजगारीको सन्दर्भमा अगाडि बढ्दा प्रत्येक पाइलामा ठगी भएमा स्वदेश वा विदेशमा पाइने क्षतिपूर्ति बारे जानकारी राख्नु पर्दछ ।
- विदेशमा सिकेको सीपको सदुपयोग स्वदेशमा पनि गर्ने र पुँजीको दीर्घकालीन विकासमा तथा आय आर्जन हुने कार्यमा सदुपयोग गर्ने ।

## घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जाने महिलाका लागि गरिएको व्यवस्था

नेपाल सरकारले मिति २०६९/४/२४ को निर्णय अनुसार वैदेशिक रोजगारमा घरेलु कामदारका रूपमा जाने महिलाहरूको लागि ३० वर्ष उमेरको हद ६ वटा देशहरू जसमा साउदी अरब, कतार, यू.ए.ई, कुबेत, ओमान र बहराइनको लागि तोकेको छ र ३० वर्ष उमेर नपुगेकोलाई प्रवेशाज्ञा (Visa) नदिने व्यवस्था गरेको छ । २०७२/१/८ देखि उक्त उमेरलाई घटाएर २४ वर्ष पुऱ्याएको छ । सो प्रावधान छ वटा खाँडी मुलुक र मलेसियामा जाने महिला कामदारहरूको लागि लागू हुनेछ ।

- विदेशमा गएर अधिकांश घरेलु महिला कामदारले लामो समयसम्म (१८/२० घण्टा) काम गर्नु पर्ने बाध्यता रहेको बुझिन आएको, कलिलो उमेरका महिलाहरू उमेर बढाइ वैदेशिक रोजगारमा जाँदा घन्टौं सम्म काम गर्न नसक्ने, शारीरिक एवम् मानसिक हिंसामा पर्ने र त्यसको प्रतिरक्षा र सामना गर्ने क्षमता पनि नरहने हुँदा नेपाल सरकारले महिलाहरूको हितमा यस्तो विशेष व्यवस्था गर्नु आवश्यक भएको हो ।
- घरेलु कामदारमा जाने कामदारले एजेन्ट वा कम्पनीलाई कुनै पैसा (खर्च) बुझाउनु पर्दैन । सबै खर्च रोजगारदाताले नै बेहोर्दछन् । तसर्थ एक पटक घरेलु कामदारमा गइसकेपछि स्वदेश फर्कन रोजगारदाताको अनुमति आवश्यक पर्छ, सामन्यतया २ वर्षसम्म स्वदेश फर्कन पाइँदैन ।
- घरेलु कामदारमा जानको लागि २१ दिनको कामदार सीप विकास अनिवार्य रूपमा लिनु पर्दछ ।
- स्वास्थ्य परीक्षण गरेर, बिमा गराएर, अभिमुखीकरण तालिम र २१ दिन सीप विकास तालिम तथा वैदेशिक रोजगार विभागबाट अनिवार्य रूपमा श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारमा जानु पर्दछ ।
- घरेलु कामदारमा जानेले कुनै पनि हालतमा रोजगारदाता परिवर्तन गर्नु हुँदैन ।
- स्वदेशी विमान स्थल मार्फत् जानु पर्दछ, उमेर बढाएर, गलत कागज बनाएर र भारतको बाटो गरेर अन्य देश जानु हुँदैन ।
- महिला कामदारका अभिभावकहरूले पनि आफ्ना छोरीहरूको उमेर बढाई वैदेशिक रोजगारमा पठाउनु हुँदैन ।
- घरेलु कामदारमा जाँदा सधैं म्यानपावर मार्फत् मात्र जानु पर्दछ ।

## वैदेशिक रोजगारको लागि आवश्यक कागज पत्रहरू

### १. आवश्यक प्रमाण पत्रहरू :

- नेपाली नागरिकताको प्रमाण पत्र ।
- राहदानी (पासपोर्ट)

- प्रमाण पत्रहरू (आफूले तालिम लिएका जुनसुकै प्रमाण पत्रहरू)
- निरोगिताको प्रमाण पत्र (स्वास्थ्य परीक्षण)
- वैदेशिक रोजगारी प्रबर्द्धन बोर्डको नगदी रसिद (रु.१००० को)
- रकम भुक्तानी रसिद (एजेन्सीलाई बुझाएको)
- बिमा गरेको कागज

२. **प्रवेशाज्ञा (जान चाहेको देशको अनुमति प्राप्त भिसा)**

३. **श्रम स्वीकृति (वैदेशिक रोजगार विभागबाट)**

४. **अभिमुखीकरण प्रमाण पत्र**

५. **सम्पर्क फोन नं.**

६. **हवाइ टिकट ।**

## वैदेशिक रोजगारको लागि सहयोगी निकायहरुको सम्पर्क नम्बरहरु

**गैरआवासीय संघ राष्ट्रिय समन्वय परिषद्, कतार**
फोन नं : + ९७४ ५०२२७५५
प्रहरी ९९९ एम्बुलेन्स

**श्रम तथा रोजगार मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोन नं : + ९७७ -१-४२११८८९/४२११९९१

**परराष्ट्र मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोन नं : + ९७७ -१-४४१६०११/४४६१२९५

**वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड**
अनामनगर, काठमाडौं
फोन नं : + ९७७ -१-४१०२६०७/४१०२७११
टोल फ्रि नं : १६६००१५०००५

**अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (IOM)**
बालुवाटार, काठमाडौं
फोन नं : + ९७७ -१-४४२६२५०

**अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO)**
धोबीघाट नयाँ बाटो, ललितपुर
फोन नं : + ९७७ -१-५५५५७७७/५५५०६९१

**UN WOMEN**
थापाथली, काठमाडौं
फोन नं : + ९७७ -१-४२५५११०/४२५४८९९

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
लाजिम्पाट, काठमाडौं
फोन नं : + ९७७ -१-४४२६७२०

**वैदेशिक रोजगार विभाग**
तिनकुने, काठमाडौं
फोन नं : + ९७७ -१-४११७९९९

**राष्ट्रिय महिला आयोग**
भद्रकाली, काठमाडौं
फोन नं : + ९७७ -१-४२५६७०१/
४२५७५८२/४२५९४११

**राष्ट्रिय मानव अधिकार आयोग**
हरिहरभवन, ललितपुर
फोन नं : + ९७७ -१-५०१००१५
फोन नं : + ९७७ -१-४१०२६०७
टोल फ्रि नं : १६६००१५०००५

**आप्रवासी श्रोत केन्द्र**
अनामनगर, काठमाडौँ

**पौरखी चुनदेवी**
गणेश बस्ती, महाराजगन्ज, काठमाडौँ
फोन नं : + ९७७ -१-४७७०७७५

## सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी व्यवस्था

वैदेशिक रोजगारलाई सुरक्षित बनाउन राज्यले वैदेशिक रोजगार ऐन २०६४ बनाइ कार्यान्वयन गर्दै आएको छ। ऐनमा वैदेशिक रोजगारलाई सुरक्षित बनाउन लागि निम्न अनुसारको कानुनी व्यवस्था गरिएको छ :

### परिभाषा

वैदेशिक रोजगार ऐन २०६४ ले "वैदेशिक रोजगार" भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्छ भनी परिभाषा गरेको छ।

### उमेर

अठार वर्ष उमेर पुरा नगरेको कुनै पनि नाबालिगलाई वैदेशिक रोजगारमा पठाउन नपाउने व्यवस्था गरेको छ।

### लैङ्गिक समानता तथा विशेष सुविधा

- वैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक भेद नगरिने तर रोजगारदाता संस्थाबाट पुरुष वा महिला कामदारमध्ये कुनै एकको मात्र माग भई आएकोमा प्राप्त मागपत्र बमोजिमका कामदार वैदेशिक रोजगारमा पठाउन बाधा नपर्ने व्यवस्था गरिएको छ।
- वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिको हकमा नेपाल सरकारले तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नु पर्ने विशेष सुविधाको प्रावधान छ।

### सामाजिक सुरक्षा तथा कल्याणकारी कोषको व्यवस्था

- वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्कि आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणका लागि वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड मातहत रहने गरी एक वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना गरेको छ।
- वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग देहायको प्रयोजनका लागि गरिनेछ :

  (क) वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न,

  (ख) कामदारको अङ्गभङ्ग भई वा करार बमोजिमको सुविधा नपाएको कारणबाट कामदार अलपत्र

परी त्यस्तो कामदार स्वदेश फिर्ता हुनु पर्ने स्थितिको कारणबाट कामदारलाई स्वदेश फिर्ता गराउन क्षतिपूर्ति दिन र त्यसरी फिर्ता आएका कामदार वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्ने,

(ग) वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने,

(घ) वैदेशिक रोजगारका लागि विदेश गएको अवस्थामा कामदारको मृत्यु भई शव अलपत्र परी नेपाल ल्याउन र निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्ने,

(ङ) वैदेशिक रोजगार प्रबर्द्धन सम्बन्धी कार्य गर्ने,

### उजुरी गर्ने हदम्याद र क्षतिपूर्तिको व्यवस्था

- वैदेशिक रोजगारमा गएको कामदार स्वदेश आइपुगेको मितिले एक वर्षभित्र उजुर दिने हदम्याद तोकेको छ
- विभागबाट सजाय हुने भनी लेखिएको बाहेक अन्य मुद्दाको सुरु कारबाही र किनारा गर्नको लागि नेपाल सरकारले तीन सदस्यीय वैदेशिक रोजगार न्यायाधीकरणको गठन गर्ने व्यवस्था गरेको छ ।
- रोजगारदाता संस्थाले सम्झौतामा तोकिए बमोजिमको शर्त अनुसार रोजगार उपलब्ध नगराएमा सोको प्रमाण सहित कामदार वा निजको प्रतिनिधिले विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी गर्न सक्नेछ। परेको उजुरीउपर आवश्यक जाँचबुझ गर्दा बेहोरा मनासिब देखिएमा विभागले इजाजत पत्रवालालाई वैदेशिक रोजगारमा जान लागेको सम्पूर्ण खर्चको क्षतिपूर्ति भराई दिने आदेश दिन सक्नेछ ।
- विभागले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैँतीस दिनभित्र नेपाल सरकार समक्ष पुनरावेदन गर्न सक्नेछ ।
- वैदेशिक रोजगार न्यायाधीकरणले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैँतीस दिनभित्र सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

### कसुर र दण्ड सजाय

- इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइ दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइ दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जना बापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्च समेत भराई निजलाई तिन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ । विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुनेछ ।
- इजाजत पत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा वा कुनै इजाजत पत्रवालाले कसैलाई वैदेशिक रोजगारमा लगाई दिनेछु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम भराई त्यस्तो इजाजत पत्रवालालाई तिन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ र त्यस्तो इजाजत पत्रवालाको इजाजत पत्र समेत रद्द हुनेछ ।

- नाबालिगलाई वैदेशिक रोजगारमा पठाएमा त्यस्तो इजाजत पत्रवालालाई तिन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ।

- वैदेशिक रोजगारका लागि कामदार पठाउन नेपाल सरकारले खुला नगरेको मुलुकमा कुनै इजाजत पत्रवालाले कुनै कामदार पठाएमा वा खुला गरेको मुलुकको प्रवेशाज्ञा लिई खुला नगरेको मुलुकमा पठाएमा त्यसरी कामदार पठाउने इजाजत पत्रवालालाई तीन लाख रूपैयाँदेखि सात लाख रूपैयाँसम्म जरिबाना र तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ। कामदार पठाउन रकम असुल गरिसकेको तर कामदार पठाइ नसकेको भए आधा सजाय हुनेछ।

- कुनै इजाजत पत्रवालाले कामदारको छनौट सूची प्रकाशन नगरेमा वा प्रकाशन गरे पनि विभागलाई जानकारी नदिएमा त्यस्तो इजाजत पत्रवालालाई विभागले पचास हजार रूपैयाँ जरिबाना गरी पुनः छनौट सूची प्रकाशन गर्ने आदेश दिन सक्नेछ।

- कुनै इजाजत पत्रवालाले समयभित्र उल्लिखित रकम फिर्ता नगरेमा वा क्षतिपूर्ति दिन इन्कार गरेमा विभागले इजाजत पत्रवालाले राखेको नगद धरौटीबाट सम्बन्धित कामदारलाई त्यस्तो रकम फिर्ता गराई वा क्षतिपूर्ति भराई एक लाख रूपैयाँ जरिबाना गर्न र इजाजत पत्र रद्द गर्न सक्नेछ।

- रकम फिर्ता गराइएको वा क्षतिपूर्ति भराइएकोमा इजाजत पत्रवालाले राखेको नगद धरौटी रकमबाट सम्बन्धित कामदारलाई रकम फिर्ता गर्दा वा क्षतिपूर्ति भराउँदा नपुग भएमा विभागले त्यस्तो नपुग हुन गएको रकम बुझाउनको लागि इजाजत पत्रवालालाई साठी दिनको म्याद दिनेछ र सो म्यादभित्र रकम नबुझाएमा इजाजत पत्रवालाको जायजेथाबाट सो रकम असुलउपर गरिनेछ।

- कुनै इजाजत पत्रवालाले निःशुल्क प्रवेशाज्ञा प्राप्त भएकोमा सो बापतको शुल्क लिएमा वा तोकिएभन्दा बढी शुल्क वा खर्च लिएमा सो नलाग्ने वा बढी लिएको शुल्क वा खर्च विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाई त्यस्तो इजाज पत्रवालालाई एक लाख रूपैयाँ जरिबाना गर्नेछ।

- कुनै इजाजत पत्रवालाले कुनै कामदारसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सोभन्दा कम पारिश्रमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा काम लगाएमा विभागले इजाजत पत्रवालालाई एक लाख रूपैयाँ जरिबाना गर्नेछ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजत पत्रवालाबाट कामदारलाई भराईदिनु पर्नेछ।

## वैदेशिक रोजगार सम्बन्धी सेवा प्रदान

- वैदेशिक रोजगार व्यवसायलाई प्रबर्द्धन गर्ने र सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्न आवश्यक कार्य गर्ने प्रयोजन समेतको लागि वैदेशिक रोजगार प्रबर्द्धन बोर्डको व्यवस्था गरेको छ।

- श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत एक वैदेशिक रोजगार विभाग छ।

- नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा श्रम सहचारीको व्यवस्था छ ।
- वैदेशिक रोजगारमा जान लागेको कामदार कानुन बमोजिम जान लागेको हो होइन भन्ने सम्बन्धमा जाँच गर्न नेपाल सरकारले अन्तरराष्ट्रिय विमान स्थलमा र आवश्यकता अनुसार अन्य स्थानमा श्रम डेस्क राखी कामदारसँग श्रम स्वीकृति, अभिमुखीकरणको प्रमाण पत्र, पैसा तिरेको रसिद वा भौचर लगायतका आवश्यक कागजात भए नभएको जाँच गर्दछ ।
- करार बमोजिमको सुविधा नपाएको कारणबाट कामदार अलपत्र परी त्यस्तो कामदार स्वदेश फिर्ता हुनु पर्ने स्थिति आएमा सम्बन्धित इजाजत पत्रवालाले त्यस्तो कामदारलाई स्वदेश फिर्ता गर्नु पर्ने व्यवस्था छ ।
- नेपाली कामदार रहेको मुलुकमा युद्ध, महामारी, प्राकृतिक विपत्ति परी कामदारलाई तत्काल फिर्ता गर्नु पर्ने भएमा नेपाल सरकारले कुटनैतिक नियोग वा श्रम सहचारी मार्फत कामदार फिर्ता गर्ने व्यवस्था मिलाउने छ ।

## सत्र १३ : मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जाहेरी दर्ता, अनुसन्धान प्रक्रिया र यसका चुनौतीहरू तथा समुदायको भूमिका

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जाहेरी दर्ताको प्रक्रिया के कस्तो छ भन्ने बारेमा जान्ने छन् र यस बारेमा भन्न सक्नेछन् ।
- मानव बेचबिखन तथा ओसारपसार अनुसन्धान प्रक्रियाका चुनौतीहरू के के हुन भन्ने बारेमा जानकारी राखी बताउन सक्नेछन् ।
- मानव बेचबिखन तथा ओसारपसार अनुसन्धान गर्दा ध्यान दिनुपर्ने कुराहरू र यसमा समुदायले खेल्नु पर्ने भूमिकाका बारेमा जानकारी हासिल गर्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई मानव बेचबिखन विरुद्ध के कसरी जाहेरी दर्ता गर्न सकिन्छ भन्ने कुरा प्रवचनद्वारा स्पष्ट पारि सामूहिक छलफल गर्ने ।
- जाहेरी दरखास्त दर्ता गर्न हाल भएका समस्याहरूको बारेमा प्रश्न, उत्तर विधि मार्फत जानकारी लिई बुँदाहरू उपर छलफल गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार अनुसन्धान गर्दा ध्यान दिनुपर्ने कुराहरू र यसमा समुदायले खेल्नु पर्ने

भूमिकाका बारेमा प्रवचन गर्ने, गाविस समितिहरूले खेल्नसक्ने भूमिकाहरूको बारेमा छलफल गर्ने ।

- मानव बेचबिखन तथा ओसारपसार अनुसन्धान प्रक्रियाका चुनौतीहरू के के हुन भन्ने बारेमा सहभागीहरूले भोगेका स्थानीय समस्याहरूको बारेमा भन्न लगाई सोही आधारमा छलफल गराई स्पष्ट पार्ने ।
- उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले अनुसान्धानको प्रक्रियामा प्रहरी, समुदाय र अगुवा कार्यकर्ताहरूले खेल्नु पर्ने र खेल्न सक्ने भूमिकाहरूको बारेमा सङ्क्षेपमा पुनः जानकारी दिने ।

## मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जाहेरी दर्ताको प्रक्रिया

मानव बेचबिखनविरुद्धको अपराधको उजुरीसम्बन्धित पीडित व्यक्तिको परिवार वा अन्य सामाजिक संघ, संस्थाहरूबाट नियमित रूपले पर्न सकिरहेको छैन भने यस विषयमा अनुसन्धान गर्ने जिम्मेवारी प्रहरी निकायका कर्मचारीहरू समेत संवेदनशील हुन सकिरहेको पाइँदैन, जसले गर्दा घटित अपराधको अनुपातमा जाहेरी वा उजुरी नआई यस अपराधसँग सम्बन्धित शङ्कित व्यक्ति वा गिरोहलाई कानुन बमोजिम कारबाही हुन सकिरहेको देखिँदैन ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको आपराधिक कार्यको उजुरी दिने प्रक्रिया यस प्रकार रहेको छ ।

(१) मानव वेचखिन तथा ओसारपसारको कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

(२) उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ ।

मानव बेचबिखन तथा ओसारपसार अपराधमा जाहेरी वा उजुरीको ठुलो महत्व छ । सामान्यतया यस्ता अपराधमा स्वयम् पीडितले भोगेका अनुभवहरू सूचनाको रूपमा अङ्कित भएका हुन्छन् ।

## जाहेरी दर्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू

मानव बेचबिखन तथा ओसारपसारविरुद्धको उजुरी दिँदा खुलाउनु पर्ने कुराहरूलाई समेत दृष्टिगत गरी उजुरी लिनु पर्दछ । यस्तो अपराधमा पीडित हुने वर्ग अशिक्षित र नेपाली भाषा समेत बुझ्न नसक्ने पनि हुन सक्दछन् । सो समेत विचार गरी आवश्यक परेको खण्डमा दोभासे समेतको सहयोग लिई उजरी लिनु पर्दछ र यस बखत ध्यान दिइनु पर्ने कुराहरू निम्न हुन सक्दछन् :

- कानुन बमोजिम रितपूर्वकको दरखास्त छ कि छैन ।
- जाहेरी दरखास्त कुनै व्यक्ति मार्फत पठाइएको खण्डमा त्यस्ता व्यक्तिलाई भर्पाइ दिनु पर्दछ ।
- जाहेरी दिन आउने पीडित पक्षलाई प्रोत्साहित गरिनुको सट्टा दुरुत्साहित, उच्छृङ्खल भएर प्रश्नहरू सोध्ने वा सिधै आँखा जुधाएर कुरा गर्ने गर्नु हुँदैन ।
- पुरुष कर्मचारीहरूले अस्वाभाविक हाउभाउ गर्नु हुँदैन ।
- पीडित पक्षलाई विभिन्न समस्याहरू परिरहेको हुन सक्छ जस्तै खाना नखाएर भोकै हुन सक्छ, बस्नको

निमित्त समस्या हुन सक्छ, मनोविमर्शको वा तत्काल स्वास्थ्य उपचारको अवश्यकता हुन सक्छ त्यस्तो अवस्थामा सम्बन्धित संघ, संस्थामा पठाएर पुनर्स्थापनाका निमित्त सहयोग गर्ने प्रयास गर्नुपर्छ ।

- उजुरी दिने वातावरण बनाउन मुख्य प्रवेशद्वार देखि नै कर्मचारीलाई सचेत गराउनु पर्दछ ।
- कर्मचारीहरूलाई लैङ्गिक (जेन्डर) सचेतना तालिम प्रदान गरिएको, लैङ्गिक संवेदनशील हुनु पर्दछ ।
- उजुरी लिइ सकेपछि दर्ता गरेर दर्ता नं. तुरुन्तै दिनु पर्दछ र कहिले, कहाँ कोसँग सम्पर्क राख्न आउने भन्ने कुरा स्पष्ट भनी दिनु पर्दछ ।
- जाहेरी दरखास्त लेख्न पीडित पक्षलाई समस्या भएकाले वा नजान्ने भएकाले प्रहरीबाट लेखिदिने व्यवस्था मिलाउनु पर्दछ ।
- प्रहरी कार्यालयबाट एकै खालको ढाँचा (Format) बनाएर जाहेरी दरखास्त सम्बन्धी सूचनाहरू राख्ने व्यवस्था मिलाउन सकिन्छ ।
- मुद्दा दर्ता प्रहरी आफैले गर्न सक्दछ ।
- मानव बेचबिखन तथा ओसारपसार अपराधमा प्रमाण स्वयम् बेचिने मानिस नै भएकाले सो प्रमाण प्रहरीले अनुसन्धानबाट जुटाउने प्रयास गर्नुपर्नेमा सुरुमा जाहेरी लिँदामा नै प्रमाण छैन, किन मुद्दा दर्ता गर्ने भन्ने प्रश्न गर्नु हुँदैन ।

१) प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई पठाउनु पर्ने व्यवस्था

- सरकारी मुद्दा सम्बन्धी ऐन अनुसार प्रहरी अधिकृतले अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई बुझाएपछि अनुसन्धानको प्रक्रिया अगाडि बढ्छ । सामान्यतः जाहेरी दर्ता भएपछि सो प्रतिवेदन पेस गर्ने गरिन्छ ।

२) प्रारम्भिक प्रतिवेदनको आधारमा अनुसन्धान सम्बद्ध अधिकारीलाई निर्देशन दिने ।

- प्रारम्भिक प्रतिवेदनको आधारमा सो अपराधका सम्बन्धमा कसरी अनुसन्धान गर्नु पर्दछ भन्ने सम्बन्धमा सरकारी वकिलले सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्दछ । उक्त निर्देशनको पालना गर्नु अनुसन्धान अधिकारीको कानुनी कर्तव्य हुन्छ ।
- यस मुद्दामा अभियुक्त पक्राउ गर्न विशेष जोड दिनु पर्दछ ।
- पीडितको राहतको निमित्त व्यवस्था मिलाउने सम्बन्धी ज्ञान सम्बद्ध अधिकारीलाई जानकारी हुनु पर्दछ । सोही अनुसार पीडितको पुनर्स्थापनाको निमित्त आवश्यक व्यवस्था मिलाउन सक्दछ ।

### समुदायको भूमिका

- पीडितलाई बयान दिँदा यथार्थ कुरा सबै प्रहरीसमक्ष भनेमा अपराधीलाई सजाय दिन सहजा हुने कुराको सहजिकरण गर्ने ।
- बन्द इजलास (Camera Court) मा सुनुवाईको व्यवस्थालाई प्रभावकारी ढङ्गबाट लागू गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- जाहेरी दर्त्ता प्रक्रिया वा कानूनी व्यवस्थामा यस्ता सुविधा प्रहरीबाट प्राप्त नभएको खण्डमा महिला तथा बालवालिका कार्यालयमा सम्पर्क राख्ने ।

- पीडित सहयोग पद्धतिको विकास गर्नको लागि स्थानीय उपस्थित हुने व्यवस्था गर्ने ।
- पीडितसँग बयान लिँदा उसैले रोजेको व्यक्तिसँग उपस्थित हुने व्यवस्था गर्ने ।
- पीडित तथा साक्षीहरूको सुरक्षाको जिम्मा राज्यले लिनुपर्ने र समुदायभित्र नै पीडितलाई सुरक्षित राख्नका लागि समुदायका विभिन्न समूहसँग सल्लाह गर्ने । पुनर्स्थापना केन्द्र वा अन्य सुरक्षित स्थानमा राख्न लगाउने ।
- मानव बेचबिखन तथा ओसारपासर मुद्दाको अनुसन्धान तहकिकात महिला प्रहरी अधिकृतबाट नै हुनुपर्ने महिला प्रहरी अधिकृत सम्भव नभएमा महिला प्रहरी कर्मचारीबाट बयान लिनको लागि समन्वय गर्ने ।
- निरन्तर सुनवाइको प्रक्रियाको लागि मुद्दाको किनारा छिटोछरितो पार्न र यसका लागि समुदायले साक्षी प्रमाण संकलन गर्न तथा अभियोग पत्रसँगै सम्पूर्ण प्रमाणका कागजातहरू समेत पेस गर्नका लागि प्रहरी र सरकारी वकिलहरूसँग समन्वयमा काम गर्ने ।
- पीडित र साक्षीले नियमानुसार पाउनु पर्ने दैनिक भ्रमण भत्ता सजिलै उपलब्ध हुने व्यवस्थाको समन्वय गर्ने र समुदायका सहयोगी व्यक्तिहरूलाई पनि यो व्यवस्थाका बारेमा जानकारी गराएर उनीहरूले पाउनु पर्ने सुविधा प्राप्त गर्नका लागि सहयोग माग्ने ।
- राज्यले स्थापना गरेको पुनर्स्थापना गृहको सञ्चालन व्यवस्थाका बारेमा आवश्यक रेखदेख समुदायले गर्न सक्ने भएकाले सोको लागि समन्वयात्मक र सहयोगी भूमिका निर्वाह गर्ने ।
- बेचिएर फर्किएका पीडितहरूले क्षतिपूर्ति पाउने व्यवस्थालाई व्यावहारिक रूपमा लागु गर्नका लागि समुदायले प्रहरी र सरकारी वकिलसँग मिलि अभियुक्तको सम्पत्ति खोजी गर्ने र रोक्का राख्नका लागि सुरुमा नै प्रहरीसँग समन्वय गर्ने ।

मानव बेचबिखन तथा ओसारपसार अपराधको अनुसन्धान कार्यविधि अन्तर्गत निम्न कार्यहरू गरिन्छन् :

क) खानतलासी

ख) सबुद प्रमाण संकलन

ग) शङ्कास्पद व्यक्तिको खोजी तथा पक्राउ

घ) शङ्कास्पद व्यक्तिसँग बयान

ङ) हिरासतमा लिने र म्याद थप

**खानतलासी, शङ्कास्पद व्यक्तिको खोजी तथा पक्राउ कार्यहरूका सम्बन्धमा निम्न कानुनी व्यवस्थाहरू सम्बद्ध छन् :**

- सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ दफा ४(२), १० (१), (२), (३), र दफा १६
- प्रहरी ऐन २०१२ को दफा १५(१), (ञ) र (ट)
- मुलुकी ऐन अ.बं. को १७२(१), ११६, १७२ नंको देहाय ५, १७२(४), (७)

उपरोक्त कानुनहरूमा निम्न कुराहरू उल्लेख गरिएका छन् । कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दसी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शङ्का

गर्नु पर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाँउको तोकिए बमोजिम खानतलासी लिन सक्ने अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी वा सुराक पाइ लिन गएका बखत वा आफ्नो उपस्थितिमा त्यस्तो अपराध भएको देखेमा तुरुन्त अभियुक्तलाई पक्री र अभियुक्त पक्राउ हुन नसकेको अवस्थामा अपराधसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण लाग्ने चीज वा वस्तु फेला परेमा ती सामानहरू समेत घटना स्थलमा अपराध भएको देख्ने व्यक्तिहरू कोही भए निजहरूको रोहबरमा आफ्नो कब्जामा लिई आवश्यकता अनुसार ठाडो मुचुल्का खडा गर्नु पर्नेछ र त्यस्तो तहकिकातको कार्य सम्पन्न नभएसम्म त्यस्तो स्थानलाई यथास्थितिमा सुरक्षित राख्नु पर्ने।

कुनै महिलाको जिउको तलासी लिनुपर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्ने महिलालाई पक्रन पठाउनु पर्दा महिला सिपाही भएका अड्डाले महिला सिपाही र नभएका अड्डाले दुई जना सिपाही पठाई डाकी ल्याउनु पर्छ। पुरुषले हात हाली पक्रन हुँदैन। नआइ अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ। अनुसन्धान अधिकृतले अनुसन्धान गतिविधि सम्बन्धी प्रगति विवरण समय समयमा सरकारी वकिलकलाई पठाई निरन्तर रूपमा सहयोग र निर्देशन प्राप्त गरी सोही अनुसार काम अगाडि बढाउने।

- घटनासँग सम्बन्धित पीडित पक्ष, साक्षी, गवाह तथा कानुन बमोजिम रोहबरमा राख्नु पर्ने व्यक्तिहरूसँग सर्म्पक र समन्वय राख्ने।
- अनुसन्धान समूह गठन भई यसमा कुनै विशेषज्ञ व्यक्ति संलग्न छ भने उसको राय, सल्लाह र सुझावलाई ध्यानमा राख्ने।
- अनुसन्धान समूहमा विशेषज्ञ नभए तापनि तहकिकातको क्रममा कुनै विशेषज्ञको राय आवश्यक लिनुपर्ने देखिएमा सो समेत लिने।
- घटना वा अपराधसँग सम्बन्धित वा प्रकृति अनुसारको कानुन र तत्सम्बन्धी नजिरहरूको अध्ययन गर्ने।
- आवश्यकता अनुसार सरकारी वकिलसँग कानुनी परामर्श लिने।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको सम्बन्धमा अनुसन्धान गर्दा आवश्यक पर्ने सामग्रीहरूको विषयगत फेहरिस्त तयार गरी साथमा राख्ने।
- अपराधी वा शंका गरेको  व्यक्ति पक्राउ परि नसकेको अवस्थामा सो कार्य गर्नको लागि कारबाही अगाडि बढाउने।
- समान प्रकृतिका अन्य सफल मुद्दाहरूको अध्ययन गर्ने र सो मुद्दाको सम्बद्ध पक्षहरूसँग सर्म्पक राखी आवश्यक राय सल्लाह लिने।
- पीडित व्यक्तिलाई पीडक पक्षले अनुचित प्रभाव पार्न नसकोस् भन्ने कुरालाई ध्यानमा राखी सो को उचित प्रबन्ध मिलाउने। यसको लागि विभिन्न संघ संस्थाहरूसँग समन्वय राख्ने।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको सम्बन्धमा भौतिक सबुतको सम्भावना नभए तापनि शङ्कास्पद वा उसको घरबाट बेचबिखनबाट प्राप्त नगद बरामद प्राप्त हुन सक्छ।
- पीडितबाट अभियुक्तको सनाखत प्रहरीमा भएकोमा उक्त व्यक्तिको सनाखत गर्नको निमित्त अदालतले आदेश गरेका बखत पीडितलाई अभियुक्तको सनाखतको लागि अदालतमा उपस्थित गराउनु पनि अत्यावश्यक हुन्छ र यो कार्य अनुसन्धान अधिकृतले बढी तत्परताका साथ गर्नु पर्दछ।
- खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने।

- कुनै घर वा ठाउँको तलासी लिनुपर्ने भएमा सो घर वा ठाउँमा बसोबास गरी आएका वा सो घर वा ठाउँको धनी वा जिम्मा लिएको मानिसलाई तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्छ
- वारेन्ट जारी गरी पक्रनु पर्ने मानिसलाई र हतियार खरखजाना सम्बन्धी मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रन पर्दा जुनसुकै बखत भए पनि पक्रन सक्ने ।
- अरू मानिसलाई पक्रनु पर्दा घरको चोक आँगनसम्म गई पक्रन हुन्छ । सो ठाउँसम्म जाँदा पक्राउ हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्म घरभित्र पसेर पनि पक्राउ गर्ने, खानतलासी लिँदा अपराधसँग सम्बन्धित वस्तु फेला परेमा खानतलासी लिने प्रहरी कर्मचारीले मुचुल्का तयार गर्नुपर्छ र त्यस्तो कुनै वस्तु लैजान चाहेमा सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को अनुसूची ५ वा ६ बमोजिमको भर्पाइ दिएर मात्र लिनु पर्ने ।
- खानतलासी लिँदा त्यस ठाउँको स्थानीय निकायको सदस्य वा प्रतिनिधि, कम्तीमा दुई जना भलादमी घरधनी वा उसको एक जना प्रतिनिधि र पाएसम्म जिमिदार, तालुकदार समेत साक्षी राखी ती सबैको अगाडि आङ खोली केही वस्तु नलिई सो घर वा ठाउँ भित्र पसी तलासी लिनुपर्ने ।

## सबुद प्रमाण संकलन सम्बन्धी व्यवस्था

- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधको सम्बन्धमा अपराध प्रमाणित गर्न शङ्कास्पद व्यक्तिबाट नगद रकम, बस, रेल वा प्लेनको टिकट बरामद गर्न सक्ने सम्भावना हुन्छ । तसर्थ नगद प्राप्त भएमा त्यसलाई अनुसन्धान अधिकृतले आफ्नो कब्जामा लिई आवश्यकता अनुसार ठाडो मुचुल्का खडा गर्नु पर्दछ ।
- यस अपराधको उपर्युक्त तथ्यहरूलाई प्रमाणित गर्ने प्रमाणको रूपमा कुनै लिखित दसी नहुन सक्दछ । तसर्थ यस्ता अपराधको सबैभन्दा भरपर्दो प्रमाण भनेको पीडित व्यक्ति नै हो । तसर्थ, यो अपराध ठहर गर्न सर्वप्रथम उक्त किटानी पोल उजुरी परेको व्यक्ति अन्यथा प्रमाणित नभएसम्म अपराधी ठहर्दछ । त्यस्ता पीडितको बयान जिल्ला अदालतबाट प्रमाणित गरेपछि त्यो भरपर्दो प्रमाण बन्दछ । किटानी जाहेरी रहेको अवस्थामा निर्दोषिता प्रमाणित गर्नुपर्ने दायित्व प्रतिवादीमा सर्दछ । अतः जाहेरीमा पीडितको बेहोरालाई स्पष्ट ढङ्गबाट उल्लेख गर्न सक्नु सफल अनुसन्धानकै एक पक्ष मानिन्छ ।
- पीडितबाट पक्राउ परेको अभियुक्तको सनाखत गराएपछि त्यो दोस्रो प्रमाण बन्दछ ।
- पीडितको उजुरवालाको किटानी बमोजिम अभियुक्तहरूको पक्राउ गरी सरकारी वकिल समक्ष बयान गराई सकेपछि त्यो तेस्रो भरपर्दो प्रमाण बन्दछ ।
- पीडितको तथा अभियुक्तको घरगाउँ भएको स्थानमा गई सर्जमिन गरेपछि त्यसले पीडित वा अभियुक्त सो अवधिमा घरगाउँमा थिए, थिएनन् भन्ने कुरा खुल्दछ र त्यो एउटा परिस्थितिजन्य प्रमाण बन्दछ ।
- पीडित र अभियुक्त कहीं कतै सँगै हिँडेको देख्ने व्यक्ति रहेछ भने तिनको ठाडो कागज बयान गरी राखेमा त्यसले पनि परिस्थितिजन्य प्रमाणको स्थान लिन्छ ।

### अभियुक्तलाई हिरासतमा लिने र म्याद थप सम्बन्धी व्यवस्था

- मानव बेचबिखन तथा ओसारपसार मुद्दाका अभियुक्तहरूलाई थुनामा राखेर कारबाही गर्नु पर्ने व्यवस्था छ । थुनाले व्यक्तिको वैयक्तिक स्वतन्त्रता प्रत्यक्ष रूपमा बन्देज लगाउँछ । अतः कुनै पनि व्यक्तिलाई थुनामा राख्दा अनुसन्धानकर्ताको चाहना वा स्वविवेक भएर मात्रै पुग्दैन, थुनामा राख्ने आधार हुनु पर्दछ र त्यस्तो थुना कानुनद्वारा तोकिएका कार्यविधिद्वारा निर्देशित रहेको हुनु पर्दछ । अतः कुनै व्यक्तिलाई थुनामा राख्नु पर्ने भएमा नेपालको अन्तरिम संविधान तथा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरू प्रति गम्भीर भएर ध्यान दिनु पर्छ ।
- कुनै पनि अभियुक्तलाई पक्राउ पुर्जी दिएर पक्राउ गरेपछि सकेसम्म छिटो बाटाको म्याद बाहेक २४ घण्टा नबढाइ मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्दछ ।
- हिरासतमा लिइएको व्यक्तिलाई हिरासत अभिलेख फारम भरी विवरण तयार गरी राख्नु पर्दछ ।
- पक्राउ गरिएको व्यक्तिलाई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्दछ ।
- थुनामा राखिएको व्यक्तिको शारीरिक जाँच गराउनु पर्छ । हिरासतमा यातना र बल प्रयोग गरिनु हुँदैन ।

## सत्र १४ : मानव बेचबिखन तथा ओसारपसार अपराधको सफल अभियोजनमा साक्षी तथा पीडितको भूमिका

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- मानव बेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनमा साक्षी तथा पीडितको के कस्तो भूमिका रहन्छ भन्न सक्नेछन् ।
- मानव बेचबिखन तथा ओसारपसार मुद्दाका साक्षी तथा पीडितहरूको सुरक्षासँग सम्बन्धित कानुनी व्यवस्था र सफल अभियोजनका लागि यसको महत्वका बारेमा अवधारणा स्पष्ट पारी भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, घटना अध्ययन, छलफल, लघु प्रवचन, समूह छलफल

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड

**प्रक्रिया :**

- सहभागीलाई हाल मानव बेचबिखन तथा ओसारपसार मुद्दाहरू असफल हुनुका कारणहरू मध्ये साक्षी र पीडितहरूको सही रूपमा सुरक्षा प्रत्याभूत गर्न नसक्नु पनि एक हो भन्ने कुरा विभिन्न मुद्दाहरूमा भएको Hostility को अवस्थालाई भन्दै स्पष्ट पार्न छोटो प्रवचन गर्ने ।
- दुई समूहमा विभाजन गरी समूह कार्य गर्न लगाई पीडित र साक्षीहरूको सुरक्षाका लागि के के हुन जरुरी छ भन्ने कुरामा प्रत्येक समूहलाई न्यूजप्रिन्टमा लेख्न लगाई आफ्नो विचार व्यक्त गर्न लगाउने ।

- सबैको विचार सुनी सकेपछि सहभागीहरूको भनाइको आधारमा सहजकर्ताले पीडित र साक्षीहरूको सुरक्षा किन आवश्यक छ भनी उदाहरण र घटना अध्ययन सहित जानकारी गराउने ।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनी व्यवस्था अनुसार पीडित र साक्षिहरूको सुरक्षा सम्बन्धमा भएको व्यवस्थाको जानकारी गराउँदै साक्षी भत्ता, प्रहरी सुरक्षा, गोपनीयता लगायतका कुराहरूमा जानकारी गराउने ।
- सहभागीहरूलाई उनीहरूको जिज्ञासा वा प्रश्नहरूमा केहीबेर छलफल चलाउने र सहजकर्ताले अन्त्यमा पीडित र साक्षीहरूको सुरक्षाको बारेमा सङ्क्षेपमा पुन जानकारी दिने ।

### राज्यको पीडित पक्षप्रति दायित्व

राज्य एक संगठित संस्था हो । यसले आन्तरिक सुरक्षाको निमित्त प्रहरी र बाह्य सुरक्षाको निमित्त सेना तैनाथ गरेको हुन्छ । राज्य नागरिकहरूकै शक्ति र सहयोगले चलेको हुन्छ । सामाजिक सम्झौताको सिद्धान्तका हिमायतीहरू राज्यलाई नागरिकले आफ्नो मौलिक हकको केही अंश सुम्पेर यो संस्था संगठित हुन पुगेको बताउँछन् । प्रत्येक नागरिकले सुम्पेको शक्ति नै सङ्गठनात्मक रूपमा सम्प्रभु हो । अतः राज्यको प्रमुख कर्तव्य नागरिकलाई शान्ति सुव्यवस्था प्रदान गर्नु हो । अपराध हुन गएका अवस्थामा राज्यले पीडित पक्षलाई राहत दिनु उसको नैतिक जिम्मेवारी भित्र पर्दछ ।

आधुनिक राज्यलाई लोक कल्याणकारी संस्था पनि मानिन्छ । अर्थात् राज्यले गरिब, अनाथ, अपाङ्ग, पिछडिएका व्यक्तिको उत्थान गर्ने लक्ष्य राखेको हुन्छ । सामाजिक उन्नतिको निमित्त हुनेबाट लिएर नहुनेमाथि वितरण गर्नु उसको अर्को प्रमुख कार्य पद्धति हुन आउँछ । अपराधमा कसुरदारले कानुन पालना गरी बसेका निर्दोष नागरिकमाथि अत्याचार गर्न पुगेको हुन्छ । यस्ता स्थितिमा कसुरदारलाई दण्डका अतिरिक्त क्षतिपूर्ति गर्न बाध्य गराउनु र कसुरदारले क्षतिपूर्ति दिन नसकेमा आफ्नो तर्फबाट क्षतिपूर्ति दिलाउनु राज्यको जिम्मेवारी भित्रै पर्न जाने कुरा हुन् ।

नागरिकले राज्यलाई कर तिरेको हुन्छ । राज्यको खर्च त्यही करका माध्यमबाट चलेको हुन्छ । राज्यबाट शान्ति, सुरक्षाकै अपेक्षामा नागरिकले राज्यलाई आफ्नो मिहिनेतको केही अंश करका रूपमा तिर्ने प्रक्रियामा बिमा कम्पनीलाई आफ्नो जिउ, ज्यानको सुरक्षाका निमित्त तिरिने प्रिमियमभन्दा कुनै रूपमा फरक छैन । अतः अपराध भएपछि राज्यबाट पीडित पक्षले क्षतिपूर्ति या राहतको अपेक्षा गर्नु स्वाभाविक देखिन्छ ।

आधुनिक राज्यले कसुरदारलाई दण्ड दिँदा उसको सुधारलाई प्रमुख लक्ष्य मान्न थालेको छ । दण्डमा काठोरताले मात्र अपराध नघट्ने र कसुरदारको सुधार प्रक्रिया अरू जटिल हुने अनुभव आधुनिक राज्यले गर्न थालेका छन् । अतः आधुनिक दण्ड प्रणाली नरम लचिलो सहयोगात्मक बन्दै गएको छ । यो प्रक्रियालाई प्रभावशाली र भय योग्य बनाउन पीडित पक्षलाई राहत दिने प्रक्रियासँगसँगै जोडेर हेर्नुपर्ने भएको छ । उपर्युक्त अवधारणालाई इन्कार गर्न सकिने कुनै ठाउँ छैन । सिङ्गो समाजको हितको परिकल्पना गर्दा कसुरदारप्रति नरम नीति र पीडित पक्षप्रति उपेक्षाको भावना लिन मिल्ने पनि देखिँदैन । यसमा जति राम्रो सन्तुलन कायम गर्न सक्यो उति नै राम्रो नागरिकको राज्यप्रति र राज्यको नागरिकप्रति जिम्मेवारी कायम हुन सक्ला ।

नेपाली फौजदारी न्याय प्रणालीमा पीडितको भूमिका मुद्दाको जाहेरीसम्म मात्रै हुने गरेको छ । आवश्यकता अनुसार प्रहरी र अदालतले बयान, सर्जीमन र अभियुक्तको पहिचानको लागि बोलाउने गर्दछ । त्योभन्दा बाहेक मुद्दाको पुर्पक्षको क्रममा पीडितको भूमिका न्यून छ । अझै केही समय अघिसम्म फौजदारी मुद्दाको प्रतिनिधित्व सरकारी

वकिलबाट हुने र पीडितको तर्फबाट आफ्नै वकिल राख्न पाउने वा नपाइने कुनै स्पष्टता थिएन । जाहेरवालाले गैरसरकारी वकिल राख्न पाउने सम्बन्धमा "ज्यान मुद्दामा जाहेरवालाले गैरसरकारी वकिल राखी बहस गराउन पाउने' भनी सर्वोच्च अदालतबाट बाटो खुलाइ दिएका कारणले प्रतिनिधित्व सम्बन्धमा एक नयाँ आयाम थपिएको पाइन्छ। यसै प्रतिपादित मार्ग निर्देशनले गर्दा आजसम्म पीडितको तर्फबाट बेग्लै गैरसरकारी कानुन व्यवसायी मुकरर गर्न पाउने कानुनी सुविधा प्राप्त हुँदै आएको छ ।

यस सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनले दफा १० मा स्पष्ट रूपमा व्यवस्था गरेको छ। शङ्कर कुमार श्रेष्ठ आफ्नो पुस्तक 'पीडित विधि शास्त्र'मा पीडितले आफूले जाहेरी दिए बमोजिम अभियुक्तमाथि अभियोग लागेको छ कि छैन भन्ने जान्न पाउनु पर्छ भनी लेख्नु भएको छ। संसारभरिकै प्रचलन हेर्ने हो भने पहिला पहिला अपराधका पीडितहरूले अपराधीसँग बलदा लिन सक्थ्यो । अझ कतिपय अपराधमा त अपराधीको पुरै परिवार र समुदायसँग पनि बदला लिन पाइन्थ्यो । पछि कानुनी प्रणालीको विकाससँगै अपराधको अनुसन्धान, मुद्दा निरोपण र सजाय निर्धारणमा प्रहरी र अदालतको भूमिका प्रमुख भएर आयो । फौजदारी न्यायमा पीडितको हक सिर्फ क्षतिपूर्ति पाउनेसम्म हुन गयो ।

वि.सं. १९१० को मुलुकी ऐन अन्तर्गत नेपालमा अन्वेषणात्मक फौजदारी न्याय प्रणाली थियो । जुन अनुसार न्यायाधीश पीडितसँगको सहकार्यमा मुद्दाको निचोडसम्म पुग्ने सम्भावना थियो। सरकारी मुद्दा सम्बन्धी ऐनको लागु सँगसँगै फौजदारी मुद्दामा प्रहरी र सरकारी वकिलको भूमिका प्रमुख हुन आयो र मुद्दाको अनुसन्धान र निचोडमा पुग्न पीडितको भूमिका गौण हुन पुग्यो । अपराध तथा अख्तियार दुरूपयोगका पीडितहरूको न्याय सम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणा पत्र १९८५ को धारा ६(बी) ले न्यायिक कारबाहीको सिलसिलामा पीडितहरूका सरोकार र विचारलाई उपर्युक्त चरणहरूमा व्यक्त गर्ने अवसर दिइनु पर्छ भनी उल्लेख गरेको छ । कतिपय विज्ञहरूले फौजदारी न्यायिक कारबाहीको सिलसिलामा पीडितलाई सहभागी गराउँदा अभियुक्त वा शङ्कितको अधिकार खतरामा पर्नसक्ने कुरलाई औंल्याउँदा स्वच्छ र छरितो न्यायमा खलल नपर्ने गरी पीडितलाई सामेल गराउन सक्ने कुरा व्यक्त गरेका छन् ।

## मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडित तथा साक्षी सुरक्षाको वर्तमान अवस्था र सम्बन्धित व्यवस्था तथा महत्व

पीडित, न्याय सम्बन्धी सिद्धान्तहरूमध्ये पीडितको सुरक्षाको सिद्धान्त एउटा महत्वपूर्ण सिद्धान्त हो । जब पीडित र साक्षीमाथि सुरक्षाको प्रत्याभूति गर्न सकिँदैन स्भाविकै रूपमा ती व्यक्तिहरू प्रहरी समक्ष आउन हिचकिचाउँछन् । पीडित असहाय, कमजोर र एक्लै हुन सक्छ भने अभियुक्तहरू संगठित रूपमा हुन्छन् । नेपालको भौगोलिक विकटताका कारण पनि प्रहरी र अदालत आउने क्रममा वा आफ्नै घरमा पनि पीडितहरू माथि सधैँ खतरा भइरहन्छ ।

अपराध तथा अख्तियार दुरूपयोगका पीडितहरूका न्यायसम्बन्धी आधारभूत सिद्धान्तहरूको घोषणा पत्र १९८५ को धारा ६ ले न्यायिक तथा प्रशासकीय कारबाही र कार्यविधिको क्रममा पीडितहरूलाई न्यायमा पहुँच पुऱ्याउन र स्वच्छ पुर्पक्षका लागि राष्ट्रहरूले पुरा गर्नुपर्ने दायित्वहरू उल्लेख गरेको छ । जस अन्तर्गत धारा ६(डी) मा राष्ट्रहरू पीडितलाई हुने असुविधालाई सकेसम्म न्यून गर्न पहल गर्नुपर्ने, गापनीयताको रक्षा गर्नुपर्ने अवाश्यकता अनुसार सुरक्षा गर्नुपर्ने त्यसै गरी पीडितको परिवार र साक्षीमाथि हुने आक्रमण र दुर्व्यवहारलाई न्यून गर्नुपर्ने व्यवस्था गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४ को दफा २५ ले सुरक्षाको व्यवस्था शीर्षकमा उजुर गर्ने व्यक्तिले आफूले प्रहरीमा उजुर गरेको कारण वा अड्डा अदालतमा बयान वा साक्षीको रूपमा गरेको बकपत्रको आधारमा कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई देहाय बमोजिम कुनै वा सबै व्यवस्था गरिदिनु पर्नेछ :

(क) मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा, जाँदा सुरक्षा दिने,

(ख) निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने,

(ग) केन्द्रमा राख्ने भनी व्यवस्था गरेको छ ।

त्यस्तै गरी उक्त ऐनले पीडितको गोपनीयताको सुरक्षाका लागि दफा २५(१) मा "कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नु हुँदैन ।" भनी व्यवस्था गरेको छ । दफा २७ मा यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गर्नुपर्ने व्यवस्था गरेको छ ।

यस ऐनले पीडितको सुरक्षाका लागि गरेको व्यवस्थाहरूमध्ये दफा १६ पनि महत्वपूर्ण छ । जस अन्तर्गत "आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाइ वा विश्वास गर्नु पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन, भाग्न मद्दत माग्दा मद्दत प्राप्त नभएको र उम्कन भाग्न खोज्दा कसैले बाधा विरोध गरेमा वा रोकेमा वा पक्रेमा वा जोरजुलुम गरेमा बल प्रयोग नगरी त्यस्तो बाधा विरोध वा जोरजुलुमबाट वा पक्राउबाट भाग्न उम्कन सकिँदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने वा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।" भनी व्यवस्था गरी आत्मरक्षा समेतको प्रत्याभूति गरेको पाइन्छ ।

## पीडितको सुरक्षा, उपचार र अन्य सहयोग सम्बन्धी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा महिला तथा बालबालिका वा पुरुष जोसुकै पीडित भए पनि यस्तो जघन्य अपराध भएर उनीहरू शारीरिक, मानसिक तथा सामाजिक रूपमा आघातीत वा असक्त बनेका हुन्छन् । यसै गरी, तत्काल उनीहरूलाई भौतिक सुरक्षाको पनि आवश्यकता पर्दछ । शारीरिक उपचार, मनोसामाजिक विमर्श (Counseling) जस्ता कुराहरूको आवश्यकता पर्दछ । यस्ता मुद्दामा पीडितलाई शारीरिक तथा मानसिक रूपमा उपचार गराउने कार्य सरकारको हो र पीडित व्यक्ति प्रहरीको सम्पर्कमा रहने बेलासम्म सो कार्य प्रहरीले नै गर्नु पर्दछ ।

यसको लागि प्रहरीले आवश्यकता अनुसार स्थानीय सरकारी स्वास्थ्य निकायका साथसाथै स्थानीय संघ संस्था, डाक्टर, समाजसेवी समेतको सहयोग लिन सक्दछ । यसैगरी पीडितको सुरक्षा गर्ने जिम्मेवारी पनि प्रहरीकै रहने हुँदा पीडित व्यक्ति लगायत कुनै पनि व्यक्तिले मुद्दाको अनुसन्धानमा सहयोग गरेको कारणले कुनै प्रतिशोधात्मक कारबाहीमा पर्न सक्ने मनासिब कारण देखाई सुरक्षाको कुनै पनि प्रहरी कार्यालयमा अनुरोध गरेमा प्रहरी कार्यालयले

निजलाई सुरक्षाको पुर्ण प्रत्याभूति दिनुपर्दछ । साथै मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा, जाँदा सुरक्षा दिने वा निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने वा निश्चित केन्द्रमा राख्ने व्यवस्था गर्नुपर्दछ । कतिपय अवस्थामा पीडितहरू पुनर्स्थापना केन्द्रमा पनि रहन्छन् र यस्ता केन्द्रहरू सरकारी नीति र निर्देशनमा नै सञ्चालित भएका हुन्छन् ।

## सत्र १५ : मानव बेचबिखन विरुद्धको स्थानीय समिति गठन तथा परिचालन) निर्देशिका २०७०

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- मानव बेचबिखन विरुद्धको स्थानीय समिति गठन प्रक्रिया, काम, कर्तव्य र अधिकारबारे परिचित भई भन्न सक्नेछन् ।
- मानव बेचबिखन विरुद्धको स्थानीय समितिले पेस गर्ने प्रतिवेदन तयार गर्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, छलफल, लघु प्रवचन, भूमिका अभिनय, अभ्यास

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड, साइन पेन मानव बेचबिखन विरुद्धका स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०७० को प्रतिलिपि, प्रतिवेदन फाराम ।

**प्रक्रियाः**

- मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०७० मा उल्लिखित निम्न प्रावधानहरूलाई बुँदागत रूपमा प्रस्ट हुने गरी न्यूजप्रिन्टमा लेखेर सुरुमा सहभागीहरूबिच प्रस्तुत गर्ने ।
  - क. समितिको गठन प्रक्रिया,
  - ख. समितिको काम, कर्तव्य र अधिकार,
  - ग. बैठक सम्बन्धी कार्यविधि ।
- स्थानीय समितिको निर्देशिकामा उल्लेखित प्रत्येक संघ, संस्थाको नाम र उल्लिखित पदलाई छुट्टाछुट्टै मेटाकार्डमा लेख्ने ।
- स्थानीय समितिको निर्देशिकामा उल्लिखित प्रत्येक संघ, संस्थाको नाम लेखिएको मेटाकार्ड सहभागीहरूलाई सो कार्ड स्वेच्छाले एक एक वटा लिन लगाउने । बाँकी सहभागीहरूलाई अवलोकनकर्ताको रूपमा राख्ने ।
- मेटाकार्ड लिएका सहभागीहरूलाई समितिको गठनको भूमिका अभिनयको लागि अभ्यास गर्ने ५ मिनेट समय दिने र भूमिका अभिनयको लागि १० मिनेट समय दिई अभिनय गर्न लगाउने । बाँकी सहभागीहरूलाई अभिनय अवलोकन गर्न लगाउने ।
- भूमिका अभिनय सकेपछि अवलोकन गर्ने सहभागीहरूले गठन प्रक्रियामा के अवलोकन गरे सो व्यक्त गर्न लगाउने । उनीहरूको प्रतिक्रिया सकेपछि सहजकर्ताले स्थानीय समिति (गठन तथा परिचालन)

निर्देशिका २०७० मा उल्लिखित समितिको गठन प्रक्रियालाई प्रस्तुत गर्दै प्रस्टाउँदै जाने ।

- सोही अनुरूप सहजकर्ताले स्थानीय समिति बैठक सम्बन्धी कार्यविधिलाई प्रस्तुत गर्दै प्रस्टाउँदै जाने ।

  यस सत्रको अन्त्यमा सहजकर्ताले मानव बेचबिखन विरुद्धको स्थानीय समितिको गठन प्रक्रिया, समितिको काम कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि के कति बुझे सोबारे प्रश्न गर्ने र स्थानीय समितिले पेस गर्ने प्रतिवेदन तयार दोस्रो दिन अभ्यास गर्नेबारे जानकारी दिई सो दिनको अन्त्य गर्ने ।

### प्रतिवेदन अभिलेखन (अभ्यास) तथा पेस गर्ने प्रक्रिया :

**समयः ३० मिनेट**

- मानव बेचबिखन विरुद्धको स्थानीय समितिले प्रतिवेदन कहाँ कहाँ पेस गर्नु पर्दछ जानकारी दिने ।
- प्रतिवेदन फाराम प्रस्तुत गर्ने र प्रस्टाउँदै जाने ।
- सहभागीहरूलाई सो प्रतिवेदन फाराम एक एकप्रति दिई प्रतिवेदन लेख्ने अभ्यास गराउने र अभ्यास पश्चात् एक आपसमा लेखिएको प्रतिवेदनलाई एक एक गरी सहभागीहरूमा अदानप्रदान गरी हेर्न लगाउने ।
- लेखिएको प्रतिवेदनमा सहभागीहरूको केही जिज्ञासा भएमा सोबारे स्पष्टता गर्ने ।
- सत्रको अन्त्यमा सहजकर्ताले सहभागीहरूलाई मानव बेचबिखन विरुद्धको स्थानीय समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार, बैठक सम्बन्धी कार्यविधिबारे र प्रतिवेदन लेखनमा के बुझेका छन् प्रश्न गरी सोध्ने र सत्रको विषय, छलफल तथा प्रस्तुतिलाई सङ्क्षेपमा बताई मानव बेचबिखन विरुद्धका स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०७० को प्रतिलिपि कपी प्रत्येक सहभागीलाई वितरण गर्ने र यस सत्रको अन्त्य गर्ने ।

## सहजकर्ताहरूको लागि स्रोत सामग्री

## मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिको मिति २०७२।०२।२१ बसेको ३३ औं बैठकबाट पारित

### मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०७०

**परिचयः**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को नियम ६ अनुसार मानव बेचबिखन विरूद्धको जिल्ला समिति गठन भएको छ । सोही नियमावलीको नियम ७ (जिल्ला समितिको काम, कर्तव्य र अधिकार) उपनियम १ (ख) मा व्यवस्था भए अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि निर्देशिकाको आवश्यकतालाई मनन गर्दै **स्थानीय समितिको** गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो निर्देशिका तयार पारिएको हो ।

**समितिको गठन प्रक्रियाः**

**मानव बेचबिखन विरूद्धको स्थानीय समितिको गठन यस प्रकार हुनेछ ,**

१. गाउँ विकास समिति वा वडा समितिको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, गाउँ बाल सन्जाल, गाउँ बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम्‌सेविका आदिको गाउँ स्तरीय भेला गर्ने ।

२. सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी स्थानीय समिति गठन गर्नेछ ।

३. विगतमा गाँउ स्तरीय समिति गंठन भै सकेको अवस्थामा साविकको गा.वि.स.मा परेका वडा समेट्ने गरी वडा समितिको रुपमा स्थानीय समिति गंठन गर्ने । वडाको संख्या र संयोजक जिल्ला समितिले तोक्ने ।

४. निर्देशिकामा उल्लेख गरिएका स्थायी सदस्यहरू गा.वि.स.वा नगरमा नभएमा महिला सहकारी संस्थाका अध्यक्ष/ नागरिक सचेतना केन्द्रले तोकेको व्यक्ति/गा.वि.स.का समाजसेवी महिलालाई स्थानीय समितिमा सदस्यको रुपमा तोक्ने ।

५. मानव बेचबिखन तथा ओसारपसार बिरुद्धको स्थानीय समितिको संयोजकले समितिको सदस्यहरू मध्ये बाट एक जना सदस्य सचिव तोक्ने ।

६. सम्वन्धित नगरक्षेत्रको नगरप्रमुखलाई स्थानीय समितिको बैठकमा आमन्त्रित गर्नुपर्ने ।

७. भेलामा मानव बेचबिखन विरूद्धको जिल्ला समितिबाट तोकिएका प्रतिनिधिको उपस्थिति रहने छ ।

| | |
|---|---|
| क.गाउं विकास समिति अध्यक्ष /नगरपालिकाको बडा अध्यक्ष<br>तर स्थानीय निकायको निर्वाचन नभएको अवस्थामा गा.वि.स सचिव/नगरको हकमा सम्बन्धित वडा सचिवले स्थानीय समितिको संयोजको कार्य गर्ने छ । | संयोजक |
| ख. गा.वि.स./नगरपालिका को निर्वाचित महिला प्रतिनिधि | सदस्य |
| ग. स्थानीय महिला सञ्जाल, प्रतिनिधि | सदस्य |
| घ. लैङ्गिग हिंसा निवारणको लागि निगरानी समूह, प्रतिनिधि | सदस्य |
| ङ. स्थानीय वाल संरक्षण समिति | सदस्य |
| च. स्थानीय बाल सञ्जाल | सदस्य |
| छ. स्थानीय पत्रकार | सदस्य |
| ज. स्थानीय प्रहरी प्रमुख | सदस्य |
| झ. स्वास्थ्य स्वयंसेविका/प्रतिनिधि | सदस्य |
| ञ. महिला तथा बालबालिका कार्यालय/जि.वि.स.को सामाजिक परिचालक | सदस्य |
| ट. नागरिक वडामंञ्चको संयोजक वा प्रतिनिधि | सदस्य |
| ठ. मानव बेचबिखन विरूद्ध कार्यरत स्थानीय संघ संस्था वा व्यक्तिहरू मध्येबाट समावेशी सिद्धान्तका आधार मा (मानव बेचबिखन तथा ओसारपसारबाट पीडित वा प्रभावितभएका व्यक्ति भएमा निजलाई अनिवार्य रुपमा राख्ने)संयोजकले मनोनित गरेका | २ जना सदस्य |
| | जम्मा १३ जना |

## समितिको काम, कर्तव्य र अधिकार:

### समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ

क. ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ,

ख. जिल्ला समितिले दिएको निर्देशन बमोजिम स्थानीय स्तरमा कुनै पुनर्स्थापना केन्द्र भएमा सोको अनुगमन गर्न सहयोग गर्ने,

ग. मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

घ. जिल्ला समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने ,

ङ. आफ्नो क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने,

च. मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरूबीच समन्वय गर्ने ,

छ. मानव बेचबिखन तथा ओसारपसारसंग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३ महिनामा सो सम्वन्धी प्रतिवेदन जिल्ला समितिमा पठाउने,

ज. स्थानीय निकायसंग समन्वय गरी बेचबिखन प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने ।

### बैठक सम्बन्धी कार्यविधी

१. स्थानीय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

२. कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा स्थानीय समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. बैठकको अध्यक्षता गाउं समितिको संयोजकले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

४. बैठक सम्वन्धी अन्य कार्यविधि स्थानीय  समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

### बैठक सम्बन्धी कार्यविधी

अन्य निर्देशिकामा उल्लेख भए देखि बाहेक अन्य विषय ऐन, नियमावलीमा व्यवस्था भए बमोजिम हुने छ ।

### (क) विवरण फाराम नं. १

**मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा कार्यरत संस्थाहरूको विवरण**

**जिल्ला .............................. मिति ....../....../......**

| क्र.सं. | संस्थाको नाम | कार्यक्षेत्र | ठेगाना | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |

पुनश्च : कार्यक्षेत्रको विवरणमा संस्थाले दिने प्रमुख सेवाहरू उल्लेख गर्ने (जस्तै : कानुनी सेवा, उद्धार, पुनर्स्थापना, आर्थिक सशक्तीकरण, सचेतना आदि)

### (घ) विवरण फाराम नं. ४

| वार्षिक कार्यक्रम अन्तर्गत रहेका कार्यक्रमको प्रगति विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम विवरण | इकाइ | संख्या | विवरण/विषय/ गा.वि.स | सहभागी संख्या | |
| | | | | | महिला | पुरुष |
| १ | सचेतना कार्यक्रम | पटक | | | | |
| २ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक | पटक | | | | |
| ३ | गा.वि.स स्तर समिति गठन | संख्या | | | | |
| ४ | गा.वि.स स्तर समिति बैठक | पटक | | | | |
| ५ | महत्वपूर्ण निर्णयहरू | वटा | | | | |
| ६ | लगायत अन्य कार्यक्रमहरू दिवस, सचेतना कार्यक्रम, गोष्ठी | पटक | | | | |
| | अन्य | | | | | |

(पुनश्च : माथि उल्लिखित कार्यक्रम विवरण उदाहरण मात्र हुन यसै अनुसार अन्य कार्यक्रम पनि उल्लेख गर्नु होला)

## (ग) विवरण फाराम नं. ३

| मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको उद्धार तथा संरक्षण सम्बन्धी प्रगति विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | क्रियाकलाप विवरण | प्राप्त बजेट | खर्च रकम | बाँकी बजेट | गत महिनासम्मको राहत तथा उद्धार संख्या | | यस महिनामा राहत तथा उद्धार संख्या | | जम्मा राहत तथा उद्धार संख्या | | हाल पुनर्स्थापना गृहमा रहेकाको संख्या | कैफियत |
| | | | | | महिला | बालबालिका | महिला | बालबालिका | महिला | बालबालिका | | |
| १ | जिल्ला उद्धार कोष | | | | | | | | | | | |
| २ | केन्द्रबाट प्राप्त पुनर्स्थापना गृह सञ्चालन कोष | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

पुनश्च : कैफियतमा प्रदान गरिएको सेवाको प्रकार खुलाउने (जस्तै : मनोसामाजिक सेवा, कानुनी सेवा, तालिम, स्वास्थ्य सेवा अदि)

## (ङ) विवरण फाराम न : ५

### जिल्ला अनुगमन एवम् कारबाही समितिबाट भएका अनुगमन विवरण

| क्र.स | डान्स बार अनुगमन गरिएको संख्या | कारबाहीको प्रकार | कारबाहीमा परेकाको संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालबालिका | संख्या |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सम्पर्क : फ्याक्स र फोन नं.-४२००२१६
इमेल- NCCHT.nepal@gmail.com

(ख) विवरण फाराम नं. २ (दफा४ सँग सम्बन्धित)

आर्थिक वर्ष............. मा सञ्चालित केन्द्रको लागत

ऐनको दफा १३ को उपदफा ( १) बमोजिम केन्द्र

| सि नं | संस्थाको नाम र ठेगाना | व्यवस्थापन करारमा दिएको भए | | | जम्मा शैया | चालु आर्थिक वर्षको हालसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संस्थाको नाम र ठेगाना | सम्झौता मिति | सम्झौत अवधि | | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्ति | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्तिमध्ये | | |
| | | | | | | | पारिवारिक पुर्नमिलन गराइएका | सीप तालिम तथा बिउ पुँजी लिई पुनर्स्थापित | हाल केन्द्रमा रहेका |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

ऐनको दफा १३ को उपदफा ( १) बमोजिम केन्द्र

| सि.न. | स्थान | सञ्चालक संस्था | स्वीकृति मिति | स्थापना मिति | जम्मा शैया | चालु आर्थिक वर्षको हालसम्मको प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | उद्धार गरी केन्द्रमा राखिएका प्रभावित व्यक्ति | उद्धार गरी केन्द्रमा राखिएकाप्रभावितव्यक्तिमध्ये | | | |
| | | | | | | | पारिवाक पुर्नमिलन गराईएका | सीप तालिम तथा बीउ पुँजीलिई पुन स्थापित | हाल केन्द्रमा रहेका | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

तयार पार्ने : प्रमाणित गर्ने :

दस्तखत : दस्तखत :

नाम : नाम :

पद : पद :

## सत्र १६. सिफारिस प्रणाली (Refferal Mechanism)

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितलाई सेवा र सहयोग प्रदान गर्ने संस्था र सिफारिस प्रणालीका बारे भन्न सक्नेछन् ।
- पीडित तथा प्रभावितलाई सेवा र सहयोग प्रदान गर्ने जिल्लाहरू साथै सेवा प्रदानका लागि स्थापित व्यवस्थाबारे भन्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, मस्तिष्क मन्थन, छलफल, लघु प्रवचन, नक्साङ्कन, समूह छलफल ।

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड, साइन पेन ।

**प्रक्रिया:**

- सहभागीहरूलाई सिफारिस प्रणाली भनेको के हो भनी प्रश्न गर्ने । प्रत्येकका विचार सुनेपछि सिफारिस प्रणालीको परिभाषा प्रस्तुत गर्ने र प्रस्टाउने ।
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितलाई कस्तो सहयोग र सेवा आवश्यक पर्दछ सोबारे सहभागीहरूलाई दुई दुई जोडीमा केही समय छलफल गर्न समय दिई नोट कपीमा टिप्न लगाउने र दुई दुई जोडीलाई सानो समूहमा विभाजन गरी सोही विषयमा आफूले गरेको छलफलको बुँदामा पुन छलफल गरी साझा बुँदाहरूलाई कपीमा टिप्न लगाई प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाउने ।
- प्रत्येक समूहको प्रस्तुतिपछि प्रस्तुत बुँदाको आधारमा पीडित तथा प्रभावितलाई कस्तो सहयोग र सेवा आवश्यक पर्दछ सोबारे प्रस्तुति गर्ने ।
- सहभागीहरूलाई साना समूहहरूमा विभाजन गरी गा.वि.स, जिल्ला र राष्ट्रियस्तरमा पीडित तथा प्रभावितलाई सहयोग र सेवा प्रदान गर्ने संस्थाहरूको नक्साङ्कन गर्न केही समय दिने ।
- नक्साङ्कन गर्ने कार्य सकेपछि प्रत्येक समूहलाई नक्साङ्कन प्रस्तुत गर्न लगाउने ।
- सहभागीहरूको प्रस्तुतिपछि पीडित तथा प्रभावितलाई सेवा, सहयोग प्रदान गर्ने जिल्लाहरूको जानकारी र सेवा प्रदानका लागि स्थापित व्यवस्था अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र यसले पुऱ्याउने सेवा र सहयोगहरूबारे जानकारी दिने ।

## सहजकर्ताको लागि स्रोत सामग्री

### सिफारिस प्रणाली भनेको के हो ?

सिफारिस प्रणाली भनेको त्यस्तो व्यवस्था हो जहाँ धेरै संस्थाहरूको सञ्जाल हुन्छ । जसले कुनै पनि व्यक्ति जो जोखिममा परेका छन् उनीहरूलाई आवश्यक सहयोग तथा सेवाहरू प्रदान गर्दछन् । नेटवर्कले कुनै पनि जोखिममा परेका व्यक्तिहरूका आवश्यकतालाई हेरी सेवा तथा सुविधाहरू प्रदान गर्दछ । त्यस्ता संस्थाहरू वा व्यक्तिहरू जसले नेटवर्क मार्फत सेवा प्रदान गर्दछन् उनीहरूलाई सम्पर्क गरे मात्र पुग्दछ । यसर्थ नेटवर्क केवल विभिन्न संस्था तथा व्यक्तिहरूको समूह मात्र नभई विभिन्न प्रकारका पृथक सेवाहरू प्रदान गर्ने थलो पनि हो, तथापि यस नेटवर्कबिच आवश्यकता

अनुसार पीडितको सेवाको लागि तत्कालै सञ्चार तथा सूचना एक अर्कामा प्रवाह गर्ने सीप तथा दक्षता पनि हुन्छ ।

यो प्रणाली अन्तर्गत प्रभावित व्यक्तिहरूले विशेष अवस्थामा उसको सुरक्षाको लागि सेवा तथा सुविधा आवश्यकता अनुसार सुविधा प्राप्त गर्न सक्दछ । यस्तो प्रणालीले प्रभावित व्यक्तिहरूले वा प्रभावित व्यक्तिहरूलाई सकेसम्म चाँडो सूचना तथा सञ्चार आदान प्रदान गर्न मद्दत पुऱ्याउँदछ ।

सिफारिस प्रणालीको मुख्य उद्देश्य भनेको बेचिएका व्यक्तिहरूको मानव अधिकारको प्रत्याभूति गराउनुका साथै प्रभावकारी ढङ्गबाट उनीहरूको सेवा तथा सुविधाहरू प्राप्त गर्न सकुन भनेर अरू निकायहरूमा सिफारिस गर्ने कार्यलाई बुझाउँछ । मानव बेचबिखन एउटा यस्तो जटिल समस्या हो जसले प्रभावित व्यक्तिहरूका थुप्रै आवश्यकता जस्तै स्वास्थ्य सेवा, मनोसामाजिक सेवा, कानुनी सेवा, आवास गृह, दैनिक आवश्यक कुराहरू, उनीहरूको आप्रवासनको अवस्था आदि, यी सबै आवश्यक कुराहरू पुरा गर्न केवल एक निकायबाट मात्र सम्भव हुँदेन । यी सबै दायित्वहरू सजिलो तरिकाबाट सम्पन्न गर्न मानव बेचबिखन अन्तर्गत कार्यरत निकायहरूबिच सहयोगी र प्रतिबद्धताको भावना आवश्यकता पर्दछ । कुन निकायले के कार्य गर्ने, कस्तो खालको सुविधा प्रभावित व्यक्तिलाई प्रदान गर्ने भन्ने कुरा सेवा उपलव्ध गराउने निकायहरू आफैमा स्पष्ट हुन जरुरी छ ।

**सिफारिस प्रणाली अन्तर्गत सेवा प्रदान गर्ने निकायहरूले निम्न कुराहरूलाई आत्मसात् गर्न आवश्यक छ ।**

- बेचिएका व्यक्तिहरूको मानव अधिकारको सम्मान गर्नु,
- बेचिएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण गर्नु,
- प्रभावित व्यक्तिको हकमा कुनै पनि कार्य गर्दा प्रभावित व्यक्तिको स्वीकृति लिनुपर्ने,
- भेदभाव रहित सेवा तथा सुविधा उपलब्ध गराउनु पर्ने,
- निजको गोपनीयता कायम राख्नु पर्ने,
- बेचिएका व्यक्तिको आत्म निर्णय तथा सहभागितालाई स्वीकार्नु पर्ने,
- बेचिएका व्यक्तिलाई सेवा तथा उपचार प्रदान गर्नु,
- बालबालिकाको सर्वोत्तम हितको ख्याल राख्नु पर्ने ।

सिफारिस प्रणाली सकेसम्म सरल र सबैले बुझ्ने किसिमको हुनुपर्छ । मानव बेचबिखन अन्तर्गत परेका व्यक्तिहरूलाई सहयोग पुऱ्याउने सरकारी तथा गैरसरकारी संस्थाहरूको समूहलाई औपचारिकता प्रदान गर्नु नै सिफारिस प्रणालीको मुख्य उद्देश्य हो । यो सिफारिस प्रणाली विषेश गरेर सिफारिस प्रणालीमा रहने संस्थाहरूबिच एक प्रकारको सहमति पत्र हुन आवश्यक मानिन्छ, जसले गर्दा सेवा प्रदान गर्ने निकायहरूको भूमिका कर्तव्यको बारेमा स्पष्ट रूपमा उल्लेख गरेको हुन्छ । जुन निकायले तत्काल पीडितको आवश्यकता पुरा गर्न सक्दछ त्यस्ता सरकारी तथा गैरसरकारी संस्था, अन्तरराष्ट्रिय गैरसरकारी संस्था, इच्छुक सरोकारवाला निकायहरू यो सिफारिस प्रणाली अन्तर्गत रहन सक्दछन् ।

# मानव बेचबिखनमा परेका पीडित/प्रभावित वा सम्भावितहरूका लागि सिफारिस प्रणाली आवश्यक पर्ने सहयोग र सेवा

## सेवाहरू

मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावितहरूलाई विभिन्न प्रकारका सेवाहरूको जरुरत पर्दछ :

**क. स्वास्थ्य सेवाः** मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावितहरूलाई तत्कालै आपतकालीन मेडिकल सेवा प्रदान गर्नुपर्ने अवस्था आएमा त्यस जिल्लामा रहेको हेल्थपोस्ट, स्वास्थ्य सेवा प्रदान गर्ने अन्य संस्थाहरूसँग समन्वय गरी सेवा प्रदान गरिनु पर्दछ ।

**ख. कानुनी सेवा**

कानुनी सेवाका लागि त्यस जिल्लामा कार्यरत संस्थाहरूसँग समन्वय गरी कानुनी सेवा तथा परामर्शका लागि सिफारिस गरी पठाउनु पर्दछ । प्रत्येक जिल्लामा नेपाल सरकारले कानून सहायता समिति गठन गरेको छ । सिफारीस प्रणाली मार्फत पीडितलाई सेवा प्रदान गर्न प्रहरी, अदालत लगायतका सरकारी निकायमा जान साथै जिल्लामा भएका विभिन्न संघ, संस्थाहरूमा उजुरी गर्न समेत सहयोग गर्दछ ।

**ग. मनोसामाजिक सेवा**

मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावितहरूलाई मनोसामाजिक असर पर्ने हुंदा उनीहरूलाई मनोसामाजिक परामर्शको आवश्यक पर्ने भएकाले त्यस जिल्लामा रहेको सरकारी तथा गैरसरकारी संघ, संस्थाहरूमा जसले मनोसामाजिक सेवा प्रदान गर्दछ त्यस्ता संस्थाहरूमा सिफारिस गरी पठाउनु पर्दछ ।

**घ. आयमूलक सीप**

मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावितहरू जो कुनै पुनर्स्थापना वा सुरक्षा गृहमा रहेका छन् भने उनीहरूको दक्षता अभिवृद्धिका लागि सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । जसले उनीहरूलाई जीविकोपार्जन तथा जीवनयापनका लागि सहज हुनेछ । यदि कुनै पनि सरकारी तथा गैरसरकारी संस्थाहरूले दक्षता अभिवृद्धि तथा सीपमूलक कार्यक्रम सञ्चालन गरेका छन् भने ती संस्थाहरूमा सिफारिस गरी यस्तो सेवा उपलब्ध गराउनु पर्दछ ।

**ङ. बिउ, पुँजी**

सीपमूलक तालिम प्राप्त गरिसकेपछि पीडित/प्रभावितहरूलाई स्वरोजगारका लागि प्रोत्साहन गर्नु पर्नेछ । यदि रोजगारी प्राप्त हुने अवस्था नभएमा वा आफ्नै कुनै व्यवसाय सुरु गर्न इच्छुक भएमा पीडित/प्रभावित व्यक्तिहरूलाई बिउ, पुँजी उपलब्ध गराउनु पर्नेछ । सेवा प्रदान गर्ने सरोकारवालाहरूले सकेसम्म पुनर्स्थापना कोषबाट बिउ, पुँजी उपलब्ध गराउनु पर्नेछ ।

पुनर्स्थापना कोषबाट चालु कोष (Revolving Fund) का रूपमा बिउ, पुँजी उपलब्ध गराउने सम्बन्धमा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका अनुसार गर्नु पर्नेछ । यसरी पुनर्स्थापना कोषबाट चालु कोष (Revolving Fund) का रूपमा उपलब्ध गराइने बिउ, पुँजी पीडित/प्रभावितहरूको हैसियत र अवस्थालाई हेरी फिर्ता गर्न नपर्ने, निर्ब्याजी वा सहुलियत दरमा ऋण स्वरूप उपलब्ध गराउनु पर्नेछ । पुनर्स्थापना कोषमा रकम पर्याप्त नरहेको अवस्थामा सेवा प्रदायक संस्थाले आफ्नो बजेट मार्फत वा अन्य बैङ्क तथा वित्तीय संस्थासँग समन्वय गरी त्यस्तो निर्ब्याजी वा सहुलियत दरमा बिउ, पुँजी उपलब्ध गराउन सक्ने छ ।

### च. अन्य सेवा

मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावितहररुको हक अधिकारका लागि अदालत वा सरकारी निकायमा जानु पर्दा आवश्यक पर्ने सामाजिक कार्यकर्ता, भाषा अनुवादक र सुरक्षाको आवश्यकता परेमा सम्बन्धित निकायसँग सेवाका लागि अनुरोध गर्नुपर्दछ । साथै यस्ता सेवा प्रदान गर्ने संस्थाहरूमा सिफारिस गरी अन्य आवश्यक सेवाहरू उपलब्ध गराउनु पर्दछ ।

## पुनर्स्थापना केन्द्रमा राख्ने व्यवस्था

नेपाल सरकारले पीडित (प्रभावित) लाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्ने उद्देश्यले संस्थाद्वारा पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ । मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावितहरूलाई पीडकबाट छुटाई ल्याएपछि उनीहरूको अवस्थालाई हेरी के कस्ता सेवाहरू आवश्यक छन् भन्ने बारेमा जानकारी लिई कुन कुन संस्थासँग सम्पर्क गर्नुपर्ने हो सम्पर्क गरी सेवा प्रदायकहरूलाई जानकारी दिनु पर्दछ । दीर्घकालीन समयको लागि पीडितलाई बस्ने खाने व्यवस्थाका सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित/प्रभावितहरूलाई आफ्नो जिल्लामा पुनर्स्थापना गृह वा सुरक्षित गृहमा कस्तो प्रकारको सेवा सुविधा प्रदान गरिन्छ, त्यस्ता गृहमा शान्तिपूर्ण वातावरण उपलब्ध हुन सक्छ कि सक्दैन, सुरक्षा व्यवस्था कस्तो छ भन्ने सम्बन्धमा विश्वस्त भई सिफारिस गर्नु पर्दछ ।

नेपाल सरकारले बेचबिखनबाट पीडित तथा प्रभावितहरूको पुनर्स्थापनाको लागि हाल निम्न ८ जिल्लाहरूमा निम्न संस्थाहरू मार्फत सञ्चालित पुनर्स्थापना केन्द्रहरूमा बजेट विनियोजित गरेको छ ।

१. काठमाडौँ – ए.बी.सी. नेपाल
२. कैलाली – सृजनशील नेपाल
३. बाँके – साथी
४. चितवन – आर्दश नारी विकास केन्द्र
५. झापा – माइती नेपाल
६. सिन्धुपाल्चोक – शक्ति समुह
७. पर्सा – माइती नेपाल
८. रूपन्देही – माइती नेपाल

यस्तै गरी निम्न १७ जिल्लाहरूमा लैङ्गिक हिंसाबाट प्रभावित महिलाको लागि संरक्षित अल्पकालीन आश्रय र काठमाडौंमा दीर्घकालीन आश्रयसहितको सेवा केन्द्र सञ्चालनमा ल्याएको छ ।

| | |
|---|---|
| १ पाँचथर | २ सुनसरी |
| ३ सोलुखुम्बू | ४ सप्तरी |
| ५ सर्लाही | ६ मकवानपुर |

| | |
|---|---|
| ७ नवलपरासी | ८ तनुँह |
| ९ काभ्रे | १० बाग्लुङ्ग |
| ११ जुम्ला | १२ दाङ्ग |
| १३ बर्दिया | १४ डोटी |
| १५ कञ्चनपुर | १६ रौतहट |
| १७ प्यूठान | १८ काठमाडौं |

**पीडित/प्रभावितहरूलाई प्रदान गरिने दीर्घकालीन सेवाहरूमध्ये निम्न प्रकारका सेवाहरूमा ध्यान दिनु पर्दछ**

- उक्त आवास गृहमा कानुनी सेवा प्रदान गरिन्छ कि गरिँदैन, यदि गरिँदैन भने कानुनी सेवा प्रदान गर्ने संस्थासँग सम्पर्क गरी कानुनी सेवाको व्यवस्था गरिनु पर्दछ।
- पीडित अदालत आउँदा, जाँदा उनको सुरक्षाको लागि प्रहरी तथा सम्बन्धित निकायसँग सहयोग र वजेट व्यवस्था भएको हुँदा प्रहरी संग समन्वय गर्नु पर्छ।
- पीडित/प्रभावितहरूलाई के के सेवा आवश्यक पर्दछ र कुन संस्थाले के कस्ता सेवा प्रदान गर्दछन् त्यस संस्थाको कुन विषयको विशेषज्ञता छ भन्ने बारेमा जिल्लामा कार्यरत सबै संस्थाहरूले जानकारी प्राप्त गरेपछि एक संस्थाले अर्को संस्थामा पीडित/प्रभावित व्यक्तिलाई सिफारिस गरी सेवा पाउने अवसर र पहुँच बढाउन सिफारिस प्रणाली उपयोगी हुनेछ।
- यस्ता विषयहरूमा जिल्ला समिति वा महिला तथा बालबालिका कार्यालयबाट जानकारी लिनु पर्दछ।

## पुनर्मिलन (Reintegration)

पीडित/प्रभावितहरूलाई पीडकबाट छुटाएर ल्याई आत्मनिर्भर बनाएपछि आफ्नो परिवारमा पुनर्स्थापना गराउन निम्न कुराहरूमा ध्यान पऱ्याउनु पर्दछ :

- ○ परिवारमा पुनर्स्थापना तथा परिवारको खोजी सम्बन्धमा सूक्ष्म जानकारी लिने संयन्त्रको विकास गरी परिवारलाई पीडित/प्रभावितहरूको बारेमा यथार्थ कुरा सबिस्तार गरी परामर्श गरिनु पर्दछ अनि मात्र पीडित/प्रभावितहरूलाई परिवारमा पुर्नमिलन गराउनु पर्दछ।
- ○ पीडित/प्रभावितहरूको तर्फबाट परिवारमा पुनर्स्थापना गर्ने सम्बन्धमा तथा परिवारको खोजी गर्ने सम्बन्धमा उनीहरूको राय बुझेर उनीहरूको सूचनाको आधारबाट उनीहरूको बस्दै आएको ठाउँ पत्ता लगाउनु पर्दछ।
- ○ पीडित/प्रभावितहरूलाई परिवारमा पुनर्स्थापना तथा पुर्नमिलन गराउनुभन्दा पहिले समुदायमा सचेतना कार्यक्रम सञ्चालन गरिनु पर्दछ। जसले गर्दा पीडित/प्रभावितहरूलाई समाज र परिवारमा बस्न सहज हुन्छ।
- ○ पीडित/प्रभावितहरू परिवारमा पुनर्स्थापना भएपछि उनीहरूको गाँउमा रोजगारीका अवसरका लागि केही योजनाहरू बनाउनु पर्दछ। जसले उनीहरूलाई समाजमा स्थापित हुन मद्दत पुग्दछ।
- ○ पीडित/प्रभावितहरू पुनर्स्थापन गर्नु अघि र भए पश्चात Followup योजना बनाईनु पर्दछ।जसले उनीहरू पुनः जोखिममा पर्न सक्ने सम्भावनालाई निमिट्यान बनाउन सहयोग गर्दछ।

### स्वदेशफिर्ती (Repatriation)

पीडित/प्रभावितहरूलाई स्वदेश फर्काएपछि निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछ बेचबिखनमा परेका पीडितहरूलाई सुरक्षित साथ स्वदेशफिर्तिका लागि सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय संस्थासँग सञ्जालको स्थापना गरी सहकार्यमामात्र गर्न सकिने हुँदा यसमा कार्य गर्ने संस्थाहरूले सहकार्य र सञ्जालको स्थापना गर्नु पर्दछ ।

- ○ स्वदेश फिर्ती गर्ने कार्यका लागि अधिकारीक सूचना सहित स्थानीय समितिले जिल्ला समितिलाई उद्धारको लागि पहल गर्न अनुरोध गर्नु पर्दछ ।
- ○ परिवारको खोजी गर्न र स्वदेशफिर्तिको प्रक्रियाको लागि लामो समय लाग्ने हुँदा यसका लागि सहकार्य र सञ्जाल मार्फत पीडित/प्रभावितहरूलाई सहयोग गर्नु पर्दछ ।
- ○ पीडित/प्रभावितहरूलाई स्वदेशफिर्तिका लागि चाहिने यातायात खर्च तथा व्यवस्थापनका लागि सञ्जाल र सहकार्यद्वारा सरकारी तथा दातृसंस्था मार्फत स्रोत जुटाउनु पर्दछ ।
- ○ पीडित/प्रभावितहरू स्वदेश फर्किएपछि उनीहरू मानव बेचबिखनमा परेका पीडितको रूपमा वा गैरकानुनी रूपमा आएका व्यक्तिको रूपमा लिइनु हुँदैन, निजको आम नागरिक सरह बाच्न पाउने अधिकारको संरक्षण गरिनु पर्दछ ।
- ○ स्वदेश/आफ्नो घर फर्किएका पीडितहरूका लागि पुनर्स्थापना र पुनर्मिलनका लागि सञ्जाल तथा सहकार्यद्वारा सेवा प्रदायक संस्था मार्फत सेवा प्रदान गरिनु पर्दछ ।
- ○ पीडित/प्रभावितहरू जो घर फर्केका छन् उनीहरूको सुरक्षाका लागि विशेष व्यवस्थाका लागि सञ्जाल मार्फत सेवा प्रदानका लागि व्यवस्था गरिनु पर्दछ ।
- ○ एक पटक स्वदेश फर्किएका पीडितको पुनः बेचबिखनमा पर्ने सम्भावना रहने हुँदा उनीहरूका लागि विशेष कार्यक्रम तथा अवलोकन तथा पटक पटक उनीहरूको अवस्थाका बारेमा बुझ्ने गर्नु पर्दछ ।

### अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सिफारिस प्रणाली

लैङ्गिक भेदमा आधारित हिंसाबाट पीडित/प्रभावित व्यक्तिहरूलाई सुरक्षित तबरले न्याय, उपचार र मनोविमर्श लगायतका आवश्यक सेवाहरू सरल र सहज तरिकाले प्राप्त गर्न सकुन र पीडित/प्रभावित महिलाहरूले सरोकारवालाहरूलाई त्यसै थलोबाट समन्वय गरी प्रभावितले आवश्यक स्वास्थ्य उपचार र आफूमाथि भएको हिंसाका घटनाहरूको जानकारी एउटै थलोमा दिने तथा त्यस घटनासँग सम्बन्धित स्वास्थ्य उपचार, सुरक्षा, न्याय, मनोविमर्श, सुरक्षा आवास जस्ता सेवाहरू पाउन सहज होस भन्ने उद्देश्यले नेपाल सरकार ले अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन गरी काम भई रहेको अवस्था छ । हाल निम्न केन्द्र तथा अस्पतालहरूबाट सेवा प्रदान गर्दै आइरहेको छ ।

### सामुदायिक अस्पताल

- धुलिखेल, काभ्रेपलान्चोक

### जिल्ला अस्पतालहरू

- सुनसरी, पाँचथर, सोलुखुम्बू, सर्लाही, तनहुँ, नवलपरासी, बर्दिया, डोटी, प्यूठान,

### अञ्चल अस्पतालहरू

- धौलागिरी, महाकाली, सगरमाथा

### उपक्षेत्रीय अस्पताल

- हेटौंडा, दाङ

### क्षेत्रीय अस्पतालहरू

- मकवानपुर

### केन्द्रीय अस्पतालहरू

- प्रसुति गृह, काठमाडौँ

### प्रतिष्ठान

- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

## सत्र १७ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरकारी निकायहरुसागको समन्वयकारी भूमिका (अन्तर कार्यालय समन्वय र सहकार्य)

- समुदायस्तरमा
- जिल्लास्तरमा
- केन्द्रस्तरमा

**उद्देश्य :**

**यो सत्रको अन्त्यमा सहभागीहरूले**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण लागि सरकारी निकायहरूसँगको समन्वयकारी भूमिका (अन्तर मन्त्रालय समन्वय र सहकार्य) को महत्व र आवश्यकता महसुस गर्न सक्नेछन् ।

**समय :** १ घण्टा ३० मिनेट

**विधि :** प्रश्न उत्तर, छलफल, लघु प्रवचन

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मेटाकार्ड, साइन पेन

**प्रक्रिया:**

- सहभागीहरूलाई सानो समूहमा विभाजन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण लागि स्थानीयस्तरमा, जिल्लास्तरमा सरकारी निकायहरूबाट भइराखेको क्रियाकलापहरूको बारे छलफल गरी न्यूजप्रिन्टमा लेख्न समूह कार्य दिने ।

- समूह कार्य सकेपछि समूहलाई न्यूजप्रिन्टमा लेखिएको बुँदाहरू प्रस्तुत गर्न लगाउने ।

- प्रस्तुतिमा सहभागीहरूको कुनै जिज्ञासा वा प्रतिक्रिया भएमा केही समय दिई छलफल चलाउने ।
- सहजकर्ताले मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन ओसारपसार विरुद्ध राष्ट्रिय कार्ययोजना २०६८ले को सम्बन्धित निकायहरूलाई समेत जिम्मेवारी दिएको विषयमा जानकारी दिने ।
- राष्ट्रिय कार्ययोजना २०६८ले विशेषत निम्न विषयगत क्षेत्रहरूलाई प्राथमिकता दिइएको बारे जानकारी दिने ।
    - निरोध **(Prevention)**
    - संरक्षण **(Protection):**
    - कानुनी कारबाही **(Prosecution)**
    - क्षमता विकास **(Capacity building)**
    - समन्वय, सहयोग र सहकार्य **(Coordination, Cooperation and Collaboration):**
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि विशेषत निम्न सरकारी निकायहरूले समुदाय, जिल्लास्तरमा र केन्द्रस्तरमा निभाउने भूमिकाको सम्बन्धमा जानकारी दिने ।
- यी सरकारी निकायहरूसँगको समन्वय, सहयोग र सहकार्यमा मानव बेचबिखन विरुद्धको स्थानीय समितिले मानव बेचबिखन विरुद्धको कार्यमा सघाउ पुऱ्याउनु पर्नेबारे प्रस्टाउने ।
- अन्तर मन्त्रालय बिच पनि समन्वय, सहयोग र सहकार्यको आधारमा मानव बेचबिखन विरुद्धको अभियानलाई निरन्तरता दिन खेल्ने भूमिका सम्बन्धी चार्ट प्रस्तुत गरी प्रस्टाउने ।

## सहजकर्ताको लागि स्रोत सामग्री

### महिला तथा बालबालिकाहरूको बेचबिखन ओसारपसार विरुद्ध राष्ट्रिय कार्ययोजना २०६८ र कार्यान्वयन योजना २०७१

यस कार्यान्वयन योजनामा समन्वय, सहयोग र सहकार्य मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अन्तरराष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धताहरू अनुरूप साझा सवालहरूमा बहुपक्षीय र द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने र सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरू तथा विकास साझेदारहरूबिच समन्वय, सहयोग र सहकार्यलाई (Coordination, Cooperation and Collaboration) प्राथमिकताको आधारमा राखिएको छ । निर्धारण गरिएको निम्न क्षेत्रहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण लागि लिएका निम्न रणनीतिहरू अनुसार तय गरिएको कार्यक्रमहरूलाई कार्यन्वयन र सहयोग गर्न निम्न सरकारी निकायहरूको जिम्मेवारी तोकिएको छ ।

## निरोध (Prevention)

| रणनीति | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|
| १. मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले अति जोखिम र जोखिम सन्मुख समूह/समुदायहरूको पहिचान । | ■ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति,<br>■ जिल्ला बालकल्याण समिति,<br>■ महिला तथा बालबालिका कार्यालय,<br>■ नगरपालिका,<br>■ गा.वि.स., | ■ जिल्ला विकास समिति<br>■ जिल्ला तथ्याङ्क कार्यालय<br>■ जिल्ला प्रहरी कार्यालय<br>■ स्थानीय महिला संस्था<br>■ गै.स.स. |
| २. बेचबिखन तथा ओसार पसारका दृष्टिले जोखिममा रहेका बालबालिकाहरूको जोखिम कम गर्ने तथा बेचबिखन तथा ओसारपसारको कार्यलाई निरुत्साहित पार्ने उपायहरूको अवलम्बन । | ■ महिला तथा बालबालिका कार्यालय,<br>■ जिल्ला बालकल्याण समिति,<br>■ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति,<br>■ राष्ट्रिय योजना आयोग,<br>■ स्थानीय विकास मन्त्रालय,<br>■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,<br>■ महिला तथा बालबालिका विभाग,<br>■ केन्द्रीय बालकल्याण समिति<br>■ जिल्ला बालकल्याण समिति,<br>■ गै.स.स., | ■ जिल्ला प्रशासन कार्यालय<br>■ जिल्ला विकास समिति<br>■ गा.वि.स.,<br>■ नगरपालिका<br>■ जिल्ला बाल सञ्जाल<br>■ विकास साझेदार संस्थाहरू<br>■ गै.स.स<br>■ राष्ट्रिय योजना आयोग<br>■ अर्थ मन्त्रालय<br>■ विकास साझेदार संस्थाहरू,<br>■ बाल क्लबहरू |
| ३. मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वहरूलाई सम्बोधन गर्न तथा जोखिमसन्मूख समुदाय विषेश गरी किशोर किशोरीहरूको जोखिम न्यूनीकरण गर्न औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमहरूको पहिचान । | ■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,<br>■ शिक्षा मन्त्रालय<br>■ शिक्षा विभाग<br>■ श्रम तथा रोजगार मन्त्रालय<br>■ मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति<br>■ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति,<br>■ महिला तथा बालबालिका विभाग<br>■ जिल्ला प्रहरी कार्यालय<br>■ महिला तथा बालबालिका कार्यालय | ■ विकास साझेदार संस्था<br>■ गै.स.स.हरू<br>■ शिक्षा मन्त्रालय<br>■ शिक्षा विभाग<br>■ जिल्ला शिक्षा कार्यालय<br>■ सामुदायिक प्रहरी<br>■ महिला तथा बालबालिका विभाग<br>■ जिल्ला स्वास्थ्य कार्यालय |
| ४. सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका/परेका समुदायहरूको सशक्तीकरणमा केन्द्रित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन | ■ महिला तथा बालबालिका विभाग<br>■ श्रम तथा रोजगार मन्त्रालय<br>■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>■ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>■ गरिबी निवारण कोष<br>■ समाज कल्याण परिषद् | ■ जिल्ला विकास समिति<br>■ गा.वि.स.,<br>■ नगरपालिका<br>■ विकास साझेदार संस्थाहरू,<br>■ गै.स.स<br>■ राष्ट्रिय योजना आयोग<br>■ कृषि तथा सहकारी मन्त्रालय<br>■ उद्योग मन्त्रालय<br>■ अर्थ मन्त्रालय<br>■ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>■ भूमिसुधार मन्त्रालय |

| | | |
|---|---|---|
| ५. आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि डान्स बार, रेस्टुँरा, केबिन र मसाज पार्लर जस्ता क्षेत्रमा प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको व्यवस्था | ▪ गृह मन्त्रालय<br>▪ प्रहरी प्रधान कार्यालय<br>▪ जिल्ला प्रहरी कार्यालय<br>▪ जिल्ला प्रशासन कार्यालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति<br>▪ महिला तथा बालबालिका कार्यालय | ▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>▪ जिल्ला अदालत<br>▪ नेपाल बार एसोसिएसन<br>▪ नगरपालिका<br>▪ गा.वि.स.<br>▪ विकास साभ्केदार संस्था<br>▪ गै.स.स.हरू |
| ६. स्वदेश तथा विदेशमा रोजगारी चाहने कामदारहरू तथा विपन्न समुदायका महिला, किशोर किशोरी तथा अन्यलाई सीप तथा क्षमता विकास, स्वरोजगारमूलक तालिम तथा आय आर्जनको अवसर सिर्जना । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ उद्योग मन्त्रालय<br>▪ घरेलु तथा साना उद्योग विभाग<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स. | ▪ उद्योग मन्त्रालय<br>▪ बा.आ.म.,<br>▪ नेपाल उद्योग बाणिज्य महासंघ<br>▪ वैदशिक रोजगार कम्पनी<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स.<br>▪ महिला तथा बालबालिका कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ नेपाल राष्ट्र बैंक |
| ७. बेचबिखन तथा ओसार पसारको जोखिममा रहेका समूह तथा प्रभावितहरू बारे एकीकृत तथ्याङ्क व्यवस्थापन तथा बेचबिखन तथा ओसार पसारको जोखिममा रहेका समूह तथा प्रभावितहरू बारे एकीकृत तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणालीको विकास । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ महिला तथा बालबालिका कार्यालय<br>▪ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति | ▪ सरोकारवाला सबै मन्त्रालयहरू<br>▪ केन्द्रिय तथ्याङ्क विभाग<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स.<br>▪ सरोकारवाला निकाय<br>▪ जिल्ला तथ्याङ्क कार्यालय<br>▪ गै.स.स.हरू<br>▪ विकास साभ्केदार संस्थाहरू |

| | | |
|---|---|---|
| ८ .बेचबिखन तथा ओसार पसारको प्रकृति, कारण, असरका सूचकहरूको बारेमा शिक्षा तथा जनचेतना अभिवृद्धि । | ▪ शिक्षा मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ सूचना तथा सञ्चार मन्त्रालय<br>▪ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति | ▪ शिक्षा बिभाग<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ वैदशिक रोजगार विभाग<br>▪ सूचना तथा सञ्चार मन्त्रालय<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ नेपाल पत्रकार महासंघ<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स.<br>▪ गै.स.स.हरू<br>▪ सञ्चार माध्यमहरू |
| ९. स्थानीय स्तरमा बेचबिखन तथा ओसारपसारलाई रोक्न सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्रहरूको स्थापना । | ▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ परराष्ट्र मन्त्रालय<br>▪ गृह मन्त्रालय<br>▪ अर्थ मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ▪ जिल्ला प्रहरी कार्यालय<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स.<br>▪ गै.स.स.हरू<br>▪ जिल्ला प्रहरी कार्यालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल<br>▪ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>▪ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>▪ विकास साझेदार संस्थाहरू |
| १०. बेचबिखन तथा ओसार पसार विरुद्ध मिडियाको क्षमता र संवेदनशीलता अभिवृद्धि र तिनीहरू मार्फत् सचेतना । | ▪ राष्ट्रिय मानव अधिकार आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ सूचना तथा सञ्चार मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ नेपाल पत्रकार महासंघ<br>▪ सामुदायिक रेडियोहरू | ▪ सूचना तथा सञ्चार मन्त्रालय<br>▪ नेपाल पत्रकार महासंघ<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग |

| | | |
|---|---|---|
| ११. अनुगमन, प्रभाव मूल्याङ्कन, लेखाजोखा तथा प्रतिवेदन । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति<br>▪ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति<br>▪ महिला तथा बालबालिका कार्यालय<br>▪ राष्ट्रिय मानव अधिकार आयोग<br>▪ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>▪ केन्द्रीय तथ्याङ्क विभाग<br>▪ जिल्ला विकास समिति | ▪ विकास साझेदार संस्थाहरू,<br>▪ गै.स.स. हरू<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ राष्ट्रिय महिला आयोग<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ जिल्ला तथ्याङ्क कार्यालय |

## संरक्षण (Protection)

| रणनीति | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|
| १. स्वदेश तथा विदेशबाट उद्धार गरिएका, आफै फर्केका र स्वेच्छाले फर्किन चाहने पीडित/प्रभावितहरूको अवस्था पहिचान । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ मानव बेचबिखन, नियन्त्रण राष्ट्रिय समिति,<br>▪ मानव बेचबिखन, नियन्त्रण जिल्ला समिति<br>▪ परराष्ट्र मन्त्रालय | ▪ परराष्ट्र मन्त्रालय<br>▪ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>▪ केन्द्रीय तथ्याङ्क विभाग<br>▪ जिल्ला विकास समिति<br>▪ गा.वि.स<br>▪ नगरपालिका<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ कुटनैतिक नियोग<br>▪ महावाणिज्य दूत,<br>▪ श्रम सहचारी<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स. हरू |

| | | |
|---|---|---|
| २. पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारका लागि संयन्त्रहरूको निर्माण तथा सुदृढीकरण । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ मानव बेचबिखन.नियन्त्रण राष्ट्रिय समिति<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ महिला तथा बालबालिका कार्यालय<br>▪ मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति,<br>▪ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ परराष्ट्र मन्त्रालय | ▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स<br>▪ परराष्ट्र मन्त्रालय<br>▪ कानुन तथा न्याय मन्त्रालय<br>▪ अर्थ मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महावाणिज्य दूत<br>▪ कुटनैतिक नियोग,<br>▪ श्रम सहचारी,<br>▪ विभिन्न मुलुकमा रहेका नेपाली डायस्पोरा |
| ३. बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको स्वेच्छिक स्वदेशफिर्ती सम्बन्धमा प्रभावकारी संयन्त्रको विकास । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,<br>▪ मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति | ▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ परराष्ट्र मन्त्रालय<br>▪ गृह मन्त्रालय<br>▪ समाज कल्याण परिषद्<br>▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४. पुनर्स्थापना केन्द्रहरूको सञ्चालनमा एकरूपता र स्तरकीरण कायम हुने गरी मापदण्ड निर्माण । | ▪ मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति,<br>▪ मानव बेचबिखन नियन्त्रण जिल्ला समिति<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ अर्थ मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ परराष्ट्र मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स. हरू<br>▪ जिल्ला विकास समिति<br>▪ अर्थ मन्त्रालय<br>▪ कूटनैतिक नियोग<br>▪ महावाणिज्य दूत<br>▪ नेपाली डायस्पोरा<br>▪ मानव बेचबिखन, नियन्त्रण जिल्ला समिति |
| ५. पीडित/प्रभावितहरूको परिचयको अधिकारको सुनिश्चितताका लागि आवश्यक व्यवस्था । | ▪ गृह मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ▪ कानुन मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ विकास साझेदार संस्था |

| | | |
|---|---|---|
| ६. पीडित/प्रभावितहरूको सुरक्षा चासोको सम्बोधन। | ■ प्रहरी प्रधान कार्यालय<br>■ गृह मन्त्रालय<br>■ महिला तथा बालबालिका विभाग<br>■ केन्द्रीय बालकल्याण संघ | ■ विकास साझेदार संस्थाहरू<br>■ गै.स.स. हरू |
| ७. परिवार तथा समुदायमा बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको पुनर्स्थापना र पुनर्मिलनको व्यवस्था ।<br>सूचना प्रणालीको विकास । | ■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>■ महिला तथा बालबालिका विभाग<br>■ केन्द्रीय बालकल्याण संघ<br>■ पुनर्स्थापना केन्द्रहरू<br>■ परराष्ट्र मन्त्रालय | ■ विकास साझेदार संस्थाहरू<br>■ गै.स.स.हरू<br>■ एकद्वार सङ्कट व्यवस्थापन सेवा केन्दहरू<br>■ गृह मन्त्रालय<br>■ जिल्ला प्रशासन कार्यालय<br>■ कुटनैतिक नियोग<br>■ महावाणिज्य दूत<br>■ श्रम सहचारी |
| ८. बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूलाई निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाहरूको व्यवस्था । | ■ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ■ गृह मन्त्रालय<br>■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>■ श्रम तथा रोजगार मन्त्रालय<br>■ स्थानीय विकास मन्त्रालय, |
| ९. पीडित/प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनाका लागि कोषको व्यवस्था । | ■ मानव बेचबिखन, नियन्त्रण राष्ट्रिय समिति,<br>■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ■ महालेखा नियन्त्रण कार्यालय<br>■ अर्थ मन्त्रालय<br>■ स्थानीय विकास मन्त्रालय<br>■ जिल्ला विकास समिति<br>■ नगरपालिका<br>■ गा.वि.स. |

**कानुनी कारबाही (Prosecution)**

| रणनीति | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|
| १. मानव बेचबिखन तथा ओसार पसार विरुद्ध प्रभावकारी फौजदारी कानुन र न्याय प्रणालीका साथै वैज्ञानिक र पारदर्शी अनुसन्धान पद्धतिको विकास । | ■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>■ कानुन तथा न्याय मन्त्रालय<br>■ प्रहरी प्रधान कार्यालय<br>■ सर्वोच्च अदालत<br>■ राष्ट्रिय न्यायिक प्रतिष्ठान<br>■ नेपाल बार एसोसियसन<br>■ शिक्षा मन्त्रालय | ■ कानुन मन्त्रालय<br>■ प्रहरी प्रधान कार्यालय<br>■ सर्वोच्च अदालत<br>■ राष्ट्रिय न्यायिक प्रतिष्ठान<br>■ महान्यायाधिवक्ताको कार्यालय<br>■ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>■ श्रम तथा रोजगार मन्त्रालय<br>■ विकास साझेदार संस्थाहरू<br>■ त्रि.वि. कानुन सङ्काय |

| | | |
|---|---|---|
| २. बेचबिखन तथा ओसारपसारका लागि जोखिममा रहेका र बेचबिखन तथा ओसार पसारवाट पीडित/प्रभावितहरूका लागि सहयोग हुने गरी प्रचलित कानुनहरूमा समसामयिक संशोधन । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ कानुन मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ केन्द्रीय बालकल्याण संघ | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय<br>▪ विकाससाझेदार संस्थाहरू<br>▪ गै.स.स |
| ३. बालबालिका विरुद्ध हुने सबै प्रकारका बेचबिखन तथा ओसार पसारका घटनालाई आपराधिक गतिविधिको रूपमा लिई कानुनी कारबाहीलाई सशक्त तुल्याउने | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ कानुन मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ केन्द्रीय बालकल्याण संघ<br>▪ प्रहरी प्रधान कार्यालय<br>▪ राष्ट्रिय न्यायिक प्रतिष्ठान<br>▪ जिल्ला विकास समिति | ▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स. हरू |
| ४. प्रहरी कार्यालयहरूमा मानव बेचबिखन तथा ओसारपसारको घटना तथा वारदातहरूबारे उजुरी लिने प्रक्रियालाई पीडित/प्रभावित मैत्री हुने गरी सरलीकरण गर्ने व्यवस्था । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ गृह मन्त्रालय<br>▪ प्रहरी प्रधान कार्यालय<br>▪ जिल्ला प्रशासन कार्यालय<br>▪ म.वा.से.के. | ▪ अर्थ मन्त्रालय<br>▪ राष्ट्रिय महिला आयोग<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स. हरू |
| ५. कानुन कार्यान्वयन गर्ने निकायहरूमा जबाफदेहिता र उत्तरदायित्वको विकास । | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ गृह मन्त्रालय<br>▪ कानुन मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महान्यायाधिवक्ताको कार्यालय | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ राष्ट्रिय सतर्कता केन्द्र<br>▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोग<br>▪ प्रहरी प्रधान कार्यालय<br>▪ नेपाल बार एसोसियसन<br>▪ गृह मन्त्रालय<br>▪ सर्वोच्च अदालत<br>▪ परराष्ट्र मन्त्रालय |

| | | |
|---|---|---|
| ६. मानव बेचबिखन तथा ओसार पसारका मुद्दाहरूबारे अनुगमन प्रणाली | ▪ प्रहरी प्रधान कार्यालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ गृह मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ महिला तथा बालबालिका कार्यालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ नेपाल बार एसोसियसन<br>▪ जिल्ला प्रशासन कार्यालय<br>▪ जिल्ला विकास समिति<br>▪ जिल्ला अदालत<br>▪ जिल्ला सरकारी वकिलको कार्यालय<br>▪ विकास साझेदार संस्थाहरू,<br>▪ गै.स.स. हरू |

**क्षमता विकास (Capacity building):**

| रणनीति | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|
| १. बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, महिला तथा बालबालिका कार्यालयहरू, केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको क्षमता अभिवृद्धि । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ केन्द्रीय बालकल्याण संघ | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय |
| २. मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समिति तथा जिल्ला समितिहरूको क्षमता अभिवृद्धि । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ महिला तथा बालबालिका कार्यालय<br>▪ राष्ट्रिय न्यायिक प्रतिष्ठान<br>▪ विभिन्न प्रशिक्षण प्रतिष्ठानहरू<br>▪ सर्वोच्च अदालत<br>▪ महान्यायाधिवक्ताको कार्यालय | ▪ मानव बेचबिखन नियन्त्रण राष्ट्रिय, जिल्ला र गाउँस्तरीय समितिहरू<br>▪ जिल्ला प्रशासन कार्यालय<br>▪ जिल्ला विकास समिति<br>▪ गा.वि.स.<br>▪ गै.स.स.हरू<br>▪ विकास साझेदार संस्थाहरू |

| | | |
|---|---|---|
| ३. कानुन कार्यान्वयन गर्ने निकायहरूमा कार्यरत अधिकारीहरूको क्षमता अभिवृद्धि । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ राष्ट्रिय न्यायिक प्रतिष्ठान<br>▪ विभिन्न प्रशिक्षण प्रतिष्ठानहरू<br>▪ सर्वोच्च अदालत<br>▪ महान्यायाधिवक्ताको कार्यालय | ▪ सबै सरोकारवाला मन्त्रालय तथा सरकारी निकायहरू<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स.हरू<br>▪ न्यायिक सेवा आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ अर्थ मन्त्रालय<br>▪ पुनरावेदन अदालत<br>▪ जिल्ला अदालत |
| ४. मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध केन्द्र, जिल्ला, न.पा., गाविस तथा समुदायस्तरमा कार्यरत सरकारी निकाय, गै.स.स., युवा तथा बाल क्लब लगायत विभिन्न सरोकारवाला संस्थाहरूको क्षमता अभिवृद्धि । | ▪ श्रम तथा यातायत व्यवस्था मन्त्रालय<br>▪ गृह मन्त्रालय<br>▪ प्रहरी प्रधान कार्यालय अर्न्तगत प्रशिक्षण प्रतिष्ठानहरू<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका कार्यालय | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ गृह मन्त्रालय<br>▪ परराष्ट्र मन्त्रालय<br>▪ प्रहरी प्रधान कार्यालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ केन्द्रीय बालकल्याण संघ<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स. |
| ५. मानव बेचबिखन तथा ओसार पसारमा आन्तरिक तथा बाह्य घटनाहरूलाई सम्बोधन गर्न महिला तथा बालबालिका सेवा केन्द्रहरूलाई अधिकार सम्पन्न विशेष प्रहरी इकाईको रूपमा विकास । | ▪ गृह मन्त्रालय<br>▪ प्रहरी प्रधान कार्यालय | ▪ अर्थ मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |

| | | |
|---|---|---|
| ६. कुटनैतिक निकायहरू तथा श्रम सहचारीहरूको क्षमता अभिवृद्धि । कुटनैतिक निकायहरू तथा श्रम सहचारीहरूको क्षमता अभिवृद्धि । | ▪ परराष्ट्र मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ राष्ट्रिय महिला आयोग<br>▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ वैदेशिक रोजगार विभाग |
| ७. तालिम अनुशिक्षण र अन्तरक्रिया आदि माध्यमद्वारा अनुगमनका लागि क्षमता अभिवृद्धि । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ केन्द्रीय बालकल्याण संघ केन्द्रीय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय<br>▪ राष्ट्रिय योजना आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय |
| ८. निगरानी राख्ने निकायहरूको क्षमता विकास । | ▪ राष्ट्रिय मानव अधिकार आयोग<br>▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ राष्ट्रिय महिला आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ गृह मन्त्रालय | ▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय<br>▪ राष्ट्रिय महिला आयोग<br>▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ राष्ट्रिय सर्तकता केन्द<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ प्रहरी प्रधान कार्यालय<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ राष्ट्रिय अनुसन्धान विभाग<br>▪ संसदीय समितिहरू,<br>▪ गै.स.स.हरू |

**समन्वय, सहयोग र सहकार्य (Coordination, Cooperation and Collaboration):**

| रणनीति | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|
| १. मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि राष्ट्रियस्तरका सरोकारवाला सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदार हरूबिच प्रभावकारी रूपमा आपसी समन्वय, सहयोग तथा सहकार्य गर्ने । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>▪ व्यवस्थापिका संसद<br>▪ कानुन तथा न्याय मन्त्रालय<br>▪ समाज कल्याण परिषद | ▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स.हरू<br>▪ राष्ट्रिय योजना आयोग |
| २. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा अन्तरराष्ट्रिय सहयोग अभिवृद्धिका लागि आवश्यक नीति, कानुन तथा प्रावधानहरूको पुनरावलोकन गर्ने । | ▪ गृह मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ कानुन तथा न्याय मन्त्रालय<br>▪ परराष्ट्र मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| ३. दक्षिण एसिया क्षेत्रका सदस्य राष्ट्रहरूबिच मानव बेचबिखन तथा ओसारपसार विरुद्ध निर्माण भएका संयन्त्र र सञ्जालहरूको माध्यमबाट सहकार्य र सहयोगको वृद्धि । | ▪ गृह मन्त्रालयश्रम तथा रोजगार मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ परराष्ट्र मन्त्रालय | ▪ परराष्ट्र मन्त्रालय<br>▪ जिल्ला प्रशासन कार्यालय<br>▪ जिल्ला विकास समिति<br>▪ सरोकारवाला सरकारी निकाय<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ गै.स.स.हरू |
| ४. सीमा वारपारको बेचबिखन तथा ओसार पसारलाई नियन्त्रण गर्न सीमा जोडिएका मुलुकहरू बिचको आपसी सहयोग र समझदारीमा वृद्धि । | ▪ गृह मन्त्रालय<br>▪ जिल्ला प्रशासन कार्यालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका कार्यालय | ▪ परराष्ट्र मन्त्रालय<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरू<br>▪ महिला तथा बालबालिका कार्यालय<br>▪ स्थानीय निकायहरू |

| | | |
|---|---|---|
| ५. बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीयस्तरमा सबै सरोकारवालाहरूको सम्बन्ध र सहकार्यमा अभिवृद्धि । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका कार्यालय<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स.<br>▪ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति<br>▪ श्रम तथा रोजगार मन्त्रालय | ▪ जिल्लास्तरीय सरकारी निकायहरू,<br>▪ स्थानीय गै.स.स.हरू<br>▪ जिल्ला विकास समिति<br>▪ नगरपालिका<br>▪ गा.वि.स.<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>▪ जिल्लास्तरीय सरोकारवाला निकायहरू<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ महिला तथा बालबालिका कार्यालय |
| ६. बालबालिकाहरू विरुद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एसियाली राष्ट्रहरूको अभियान (SAIEVAC) अन्तर्गत बालबालिकाहरूको बेचबिखन तथा ओसार पसार नियन्त्रण गर्ने साझा उद्देश्यबारे गम्भीर प्रयास | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ केन्द्रीय बाल कल्याण संघ | ▪ विकास साझेदार संस्था,<br>▪ गै.स.स.हरू |
| ७. तालिम अनुशिक्षण र अन्तर्क्रिया आदि माध्यमद्वारा अनुगमनका लागि क्षमता अभिवृद्धि । | ▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ महिला तथा बालबालिका विभाग<br>▪ केन्द्रीय बालकल्याण संघ | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय<br>▪ राष्ट्रिय योजना आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय |

| | | |
|---|---|---|
| ८. निगरानी राख्ने निकायहरूको क्षमता विकास । | ▪ राष्ट्रिय मानव अधिकार आयोग<br>▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>▪ राष्ट्रिय महिला आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ गृह मन्त्रालय | ▪ अर्थ मन्त्रालय<br>▪ सामान्य प्रशासन मन्त्रालय<br>▪ राष्ट्रिय महिला आयोग<br>▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोग<br>▪ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>▪ श्रम तथा रोजगार मन्त्रालय<br>▪ राष्ट्रिय सर्तकता केन्द्र<br>▪ प्रहरी प्रधान कार्यालय<br>▪ विकास साझेदार संस्थाहरू<br>▪ राष्ट्रिय अनुसन्धान विभाग<br>▪ संसदीय समितिहरू,<br>▪ गै.स.स.हरू |

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रमुख समन्वयकारी निकायहरू

### समुदाय स्तरमा रहेका समन्वयकारी निकायहरू

- गा.वि.स,
- महिला समूहहरू, आमा समूहहरू,
- महिला सहकारी संस्थाहरू,
- महिला स्वास्थ्य स्वयम् सेविकाहरू, ग्रामिण स्वास्थ्य कार्यकर्ता, मातृ शिशु कार्यकर्ताहरू,
- बाल क्लव
- बाल संरक्षण समिति
- मानव अधिकारकर्मीहरूको सञ्जाल,
- स्थानीय स्वास्थ्य चौकीहरू,
- इलाका प्रहरी चौकी,
- मानव बेचबिखन तथा ओसारपसार विरुद्धको स्थानीय समिति,
- गैरसरकारी संस्थाहरू,
- विद्यालय,
- सञ्चारकर्मी,
- सुरक्षित आवास गृह ।
- वडा मञ्च

### जिल्ला स्तरमा रहेका समन्वयकारी निकायहरू

- जिल्ला स्वास्थ्य कार्यालय,
- महिला तथा बालबालिका कार्यालय,
- जिल्ला प्रशासन कार्यालय,
- जिल्ला सरकारी वकिलको कार्यालय,

- एकद्वार संकट व्यवस्थापन केन्द्र
- पुनर्स्थापना केन्द्र
- जिल्ला बार एसोसिएसन महिला तथा बालबालिका सेवा केन्द्र
- जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र
- जिल्ला बाल कल्याण समिति
- बाल संरक्षण समिति
- महिला अधिकारकर्मीहरूको सञ्जाल,
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक शक्तिकरण जिल्ला संयोजन समिति,
- गैरसरकारी संस्थाहरू सञ्चारकर्मी,
- सुरक्षित आवास गृह,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति ।
- कानूनी सहायता समिति

### केन्द्र स्तरमा रहेका समन्वयकारी निकायहरू

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
- परराष्ट्र मन्त्रालय,
- श्रम तथा रोजगार मन्त्रालय,
- गृह मन्त्रालय,
- अर्थ मन्त्रालय,
- कानुन तथा न्याय मन्त्रालय,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति,
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
- राष्ट्रिय महिला आयोग,
- महान्यायाधिवक्ताको कार्यालय,
- प्रहरी प्रधान कार्यालय, महिला बालबालिका सेवा निर्देशनालय,
- महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल केन्द्रीय बार एसोसिएसन,
- प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा रहेको लैङ्गिक हिंसा विरुद्धको उजुरी सुनुवाइ इकाइ,
- केन्द्रीय स्तरमा रहेका अस्पतालहरू,
- परोपकार प्रसुति गृह,
- सञ्चार जगत ।
- केन्द्रीय बालकल्याण समिति
- महिला तथा बालिकालिका विभाग

# कार्य योजना निर्माण

**उद्देश्य**

सहभागीहरूले गा.वि.स स्तरमा मानव बेचबिखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढङ्गबाट नियन्त्रणको लागि तालिम पश्चात् तत्कालै गर्ने कार्यको योजना बनाउन सक्ने छन् ।

**समय:** ३० मिनेट

**विधि :** प्रश्न उत्तर, छलफल, समूह कार्य, प्रस्तुति

**सामग्री :** मार्कर पेन, न्यूजप्रिन्ट, मास्किङ्ग टेप, कार्य योजना ढाँचाको नमुना, एफो पेपर

**प्रक्रिया:**

- गा.वि.स को आधारमा सहभागीहरूलाई समूहमा विभाजन गरी आफ्नो गा.वि.स.मा मानव बेचबिखन तथा ओसारपसार कार्यलाई निरुत्साहित गर्न तालिम पश्चात् तत्कालै कस्तो कार्य गर्न सकिन्छ प्रश्न गरी एक छिन सोच्न दिने ।
- तयार गरिएको कार्य योजना ढाँचा प्रस्तुत गर्ने र तत्कालै गर्ने कार्यलाई समूहमा छलफल गरी कार्य योजना बनाउन समूह कार्य दिने ।
- समूहमा छलफल पश्चात् तयार गरिएको कार्य योजना पालैपालो समूहलाई प्रस्तुत गर्न लगाउने । समूहरूको प्रस्तुतिमा केही जिज्ञासा वा प्रश्न भएमा छलफल गरी कार्य योजनामा पूर्णता दिने र छलफल टुङ्ग्याउने ।

## सहजकर्ताको लागि स्रोत सामग्री

### कार्य योजना निर्माणको ढाँचा

| के गर्ने ? | किन गर्ने ? | कसरी गर्ने ? | कसका लागि गर्ने ? | कहाँ गर्ने ? | कति समयसम्म पुरा गर्ने ? | श्रोतहरू कसरी जुटाउने ? |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## तालिमको विषयवस्तुको पुनरावलोकन तथा समीक्षा

**उद्देश्य**

तालिमको अन्त्यमा सहभागीहरूले चारदिनको तालिममा समटेका विषयवस्तुहरूलाई पुनः थप जानकारी प्राप्त गरी विषयवस्तुमा ताजगी महसुस गर्ने छन् ।

**समय:** १५ मिनेट

**विधि :** तातो आलु खेल प्रस्तुति

**सामग्री :** तालिममा समटेका विषयवस्तुहरू लेखेको चार्ट, कागज वा प्लास्टिकको बल ।

**प्रक्रियाः**

- सहभागीहरूलाई गोलाकारमा उभिन अनुरोध गर्ने र गोलाकारमा उभिएपछि सहजकर्ताले कागज वा प्लास्टिकको बललाई तातो आलु सम्झन अनुरोध गर्ने र जसको हातमा यो बल पर्छ उसले चार दिनको तालिममा समेटेका विषय वस्तुहरूमध्ये कुनै एक भन्न लगाउने । यसरी सबै सहभागीहरूले भनिसकेपछि सहजकर्ताले तयार गरेको चार्टलाई प्रस्तुत र समीक्षा गर्ने ।

## तालिम पश्चात मूल्यात्तन

**उद्देश्य**

तालिमको अन्त्यमा सहभागीहरूले चारदिनको तालिमबाट के कति सिक्न सफल भए सो स्वयम् मूल्याङ्कन गर्न सक्ने छन् ।

**समयः** १० मिनेट

**विधि :** प्रश्न उत्तर फाराम दिएर

**सामग्री :** प्रश्न उत्तर फाराम

**प्रक्रियाः**

- सबै सहभागीहरूलाई प्रश्न उत्तर फाराम दिने र जबाफ लेख्न समय दिइ फाराम संकलन गर्ने ।

# सहजकर्ताको लागि स्रोत सामग्री

## तालिम पश्चात् मूल्यात्तन फाराम

**तल दिएका बुँदागत प्रश्नका सही जबाफहरूमा (√) चिन्ह लगाउनु होस् ।**

१. **मानव बेचबिखन तथा ओसारपसार भन्नाले हामी के बुझ्दछौं ?**

(क) मानिस किनबेच (ख) अङ्ग प्रत्यारोपण (ग) वेश्यागमन (घ) माथिका सबै ।

२. **मानव बेचबिखन कुन कुन उद्देश्यको लागि गरिन्छ ?**

(क) श्रम शोषणको लागि, (ख) अङ्ग प्रत्यारोपण गर्नका लागि,
(ग) यौन शोषणका लागि, (घ) जोखिमपूर्ण कामको लागि ।

३. **मानव बेचबिखनको प्रभावितको न्यूनतम मानव अधिकार भित्र के के पर्दछन् ?**

(क) बेचिएको ठाउँबाट उद्धार गरि पाउने अधिकार,
(ख) प्रभावित भनेर गरिने सबै प्रकारका विभेद विरुद्धको अधिकार,
(ग) क्षतिपूर्तिको अधिकार (घ) माथि उल्लिखित सबै ।

४. **मानव बेचबिखनमा परेका प्रभावित व्यक्तिको गोपनीयता राख्न मुद्दामा सम्पूर्ण कारबाही तथा सुनवाइ कसरी गरिनेछ ?**

(क) बन्द इजलासमा, (ख) खुल्ला इजलासमा, (ग) बन्द तथा खुल्ला दुवै इजलासमा,
(घ) माथिका कुनै पनि प्रक्रिया अपनाइँदैन ।

**५. मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रण २०६४ अनुसार कति वर्षसम्मको सजाए तोकेको छ ?**
(क) १० वर्षसम्म, (ख) १५ वर्षसम्म, (ग) २० वर्षसम्म, (घ) २५ वर्षसम्म ।

**६. मानव बेचबिखनमा परेका व्यक्तिका लागि कति दिन भित्रमा उजुरी दिन सकिन्छ ?**
(क) ३० दिन भित्र, (ख) ३५ दिन भित्र, (ग) ४५ दिन भित्र, (घ) हद म्याद छैन ।

**७. वैदेशिक रोजगारमा जान हाल हाम्रो देशले कति मुलुकहरूलाई खुला गरेको छ ?**
(क) १०८ मुलुकहरू (ख) १०९ मुलुकहरू (ग) ११० मुलुकहरू (घ) १११ मुलुकहरू ।

**८. वैदेशिक रोजगारमा घरेलु कामदारको लागि महिलाहरूको उमेर २४ बर्षको हद कति मुलुकहरूको लागि गरिएको छ ?**
(क) ५ (ख) ६ (ग) ७ (घ) रोजगारीको लागि खुला गरिएका सबै मुलुकहरू ।

**९. समुदायमा हिंसाबाट सबैभन्दा प्रभावित समूह को हुन् ?**
(क) महिला (ख) पुरुष (ग) महिला र बालबालिका (घ) माथिका सबै ।

**१०. मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय कार्ययोजना २०६८ ले विशेषत कुन कुन विषयलाई प्राथमिकता दिइएको छ ?**
(क) निरोध (ख) संरक्षण (ग) कानुनी कारबाही (घ) क्षमता विकास,
(ङ) सहयोग, समन्वय र सहकार्य, (च) माथिका सबै ।

## तालिम समापन

**उद्देश्य**
चार दिनको तालिमको समापन भएको औपचारिक जानकारी सहभागीहरूले प्राप्त गर्ने छन् ।
**समय :** २५ मिनेट
**विधि :** विचार व्यक्त, प्रमाण पत्र वितरण
**सामग्री :** प्रमाण पत्र
**प्रक्रिया :**

- सहभागीहरूमा महिला र पुरुषको तर्फबाट एक एक जनालाई तालिमको बारेमा लागेको आफ्नो विचार व्यक्त गर्न लगाउने ।
- आयोजक संस्थाको तर्फबाट विचार व्यक्त गर्न लगाउने ।
- अन्त्यमा प्रमाण पत्र वितरण गर्ने (प्रमाण पत्र वितरण अतिथिबाट वा सहभागितामूलक सहजकर्ताले परिस्थिति हेरेर गर्न सकिन्छ) । अतिथिबाट प्रमाण पत्र वितरण गरिएको हो भने अतिथिको मन्तव्यपछि तालिम समापनको जानकारी दिने ।

# अनुसूची

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार कुनै एक देशको राष्ट्रिय समस्या मात्र नभई अन्तर्राष्ट्रिय सवाल पनि हो। परिवर्तित विश्व परिप्रेक्ष्यमा यस अपराधको नियन्त्रण तथा रोकथामका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रयासहरू पनि आवश्यक छन् । नेपाल पक्ष भएको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी प्रावधान भएका अन्तर्राष्ट्रिय दस्तावेज र यसमा भएका व्यवस्थाहरू यस प्रकार छन् :

## दासत्व सम्बन्धी महासन्धि

(Slavery Convention, 1926)

मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि बनेको यो महासन्धि अन्य अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये पुरानो महासन्धि मानिन्छ । दासत्वलाई समाजबाट पूर्ण रूपमा निर्मुल गर्ने अभिप्रायले यो महासन्धि पारित भएको हो । दासत्व हटाउन गरिएका प्रयासहरूका क्रममा सन् १९२६ सेप्टेम्बर २५ मा यो महासन्धि पारित भयो । यस महासन्धिमा नेपाल ७ जनवरी १९६३ मा सम्मिलन भएको हो । यस महासन्धिको मुख्य उद्देश्य मानव जातिलाई वस्तु सरह बिक्री वितरण गर्ने वा बलयुक्त श्रमद्वारा शोषण गर्ने क्रियाकलापको अन्त्य गर्नु हो ।

दासत्वको परिभाषाले मानव बेचबिखन तथा ओसारपसारलाई कुनै प्रकारको शक्ति वा बलको प्रयोगबाट कसै माथि अधिकारको नियन्त्रणमा राख्ने कार्य दासत्व मानेको छ । दासत्व व्यापार भन्नाले कुनै व्यक्ति माथि कब्जा गर्ने उद्देश्यले प्राप्त गर्ने वा बिक्री गर्ने सम्बन्धी सम्पूर्ण कार्यहरूलाई जनाएको छ ।

## नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध

(International Covenant on Civil and Political Rights, 1966)

यो अनुबन्ध संयुक्त राष्ट्र संघको महासभाले १६ डिसेम्बर १९६६ मा ग्रहण गरी २३ मार्च १९६६ देखि लागु भएको छ । नेपालले १४ मे १९९१ यसलाई अनुमोदन गरेको थियो ।

**यातना विरुद्धको अधिकार :** कसैलाई पनि यातना अथवा क्रूर, अमानवीय अथवा निर्दयी वा अपमानजनक व्यवहार अथवा सजाय गर्न नपाउने व्यवस्था राज्य पक्षले गर्नुपर्ने छ ।

**दासत्वलाई निषेध :** दास, दासत्व व्यापारलाई निषेध गर्दै बलपूर्वक श्रम अथवा अनिवार्य श्रममा कसैलाई लगाउन नपाउने व्यवस्था राज्य पक्षले गर्नुपर्ने छ ।

**समानताको अधिकार :** कानुनका दृष्टिमा समान र भेद्भाव बिना कानुनको समान संरक्षणको हकदार हुनेछ जाति, वर्ण, लिङ्ग, भाषाका आधारमा भेदभाव नगरी समान र प्रभावकारी संरक्षण राज्य पक्षले गर्नुपर्ने छ ।

**व्यक्तिको स्वतन्त्रता र सुरक्षा :** व्यक्तिको स्वतन्त्रता र सुरक्षाको व्यवस्था राज्य पक्षले गर्नुपर्ने छ ।

**आवागमनको स्वतन्त्रता :** प्रत्येक व्यक्तिलाई आफ्नो देश छाड्ने तथा आफ्नो देश फर्कन पाउने अधिकारको स्वतन्त्रता हुनुपर्ने छ ।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९

(Convention on the Elimination of All Forms of Discrimination against Women, 1979 )

महिला समानता र विकास सम्बन्धी सबै पक्षहरू एकीकृत रूपमा समेटी संयुक्त राष्ट्र संघको महासभाले सन् १९७९ मा पारित गरेको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि महिलाहरूको सम्पूर्ण मानव अधिकारहरूलाई वैधानिक मान्यता दिई समाहित गरेको एक महत्वपूर्ण दस्तावेज हो । यसलाई नेपालले २२ अप्रिल १९९१ मा अनुमोदन गरेको छ । यस महासन्धिले महिलाको बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न निम्न व्यवस्था गरेको छ ।

**अविभेदको अधिकार** : महिला महासन्धिले अन्य महासन्धिले जस्तो लिङ्गको आधारमा हुने असमान व्यवहारलाई मात्र भेदभावको रूपमा परिभाषित नगरी भेदभावको विस्तृत परिभाषा गरेको छ । महासन्धिको धारा १ अनुसार महिला विरुद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै पनि क्षेत्रमा वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्धलाई जनाउँदछ ।

**शोषण विरुद्धको हक** : महिलाको सबै प्रकारको बेचबिखन र महिलालाई वेश्यावृत्तिमा लगाई शोषण गर्ने कार्य अन्त्य गर्ने सम्बन्धी आवश्यक उपायहरू अवलम्बन गर्ने जिम्मेवारी सबै राज्य पक्षलाई हुनेछ ।

रोजगारीमा समान अवसरको अधिकार : रोजगारीको क्षेत्रमा महिलालाई पुरुष सरह समानताको आधारमा समान हक प्रत्याभूति गराउनका लागि महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्न राज्य पक्षले आवश्यक कदम चाल्नेछ ।

**स्वास्थ्य स्याहार र सेवाको अधिकार** : महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य स्याहार सेवा सम्बन्धी कुराहरू पुरुष सरह समानताको आधारमा उपलब्ध गराउनुका साथै आवश्यकता अनुसार निःशुल्क सेवा समेतको आवश्यक व्यवस्था पक्ष राष्ट्रहरूले गर्नेछ ।

## बाल अधिकार महासन्धि

(Convention on the Rights of the Child, 1989 )

संयुक्त राष्ट्र संघको महासभाले २० नोभेम्बर १९८९ मा पारित भई २ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको बाल अधिकार महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ ।

**अवैध रूपमा ओसारपसारमा रोक** : बालबालिकालाई अवैध रूपमा विदेशमा स्थानान्तरण र विदेशबाट नफर्काउने कुराको विरुद्ध लड्न पक्ष राष्ट्रहरूले पाइला चाल्नु पर्नेछ ।

**जोखिमपूर्ण कार्यबाट संरक्षणको अधिकार** : आर्थिक शोषण र जोखिमपूर्ण हुने वा आफ्नो शिक्षामा खललल् पुऱ्याउे वा आफ्नो स्वास्थ्य, शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानिकारक हुन सक्ने कुनै पनि कार्यबाट संरक्षण गर्नु पक्ष राष्ट्रहरूको दायित्व हुनेछ ।

**यौन शोषण विरुद्धको अधिकार** : बालबालिकालाई गैरकानुनी यौन कार्यहरूमा संलग्न गराउनका लागि दिइने प्रलोभन वा दबाब वेश्यावृत्ति र अश्लील चित्रण कार्यमा प्रयोग गर्न नदिन राज्य पक्षलाई रोक लगाउन निर्देशन दिएको छ। साथै बालबालिकाको संरक्षणका लागि राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनु पर्ने कुरामा जोड दिएको छ।

**बेचबिखन र ओसारपसार हुनबाट रोक्ने** : कुनै पनि उद्देश्यका लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन र ओसारपसारमा रोक लगाउन पक्ष राष्ट्रहरूले राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउने छन्।

**यातना तथा क्रूरता विरुद्धको अधिकार** : कुनै पनि बालबालिकालाई यातना दिने वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गर्न नपाउने व्यवस्था गर्नुपर्ने पक्ष राष्ट्रहरूको दायित्व हुनेछ।

## वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखन विरुद्धको सार्क महासन्धि २००२
**(SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002)**

वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेचबिखन जस्तो अपराधमा अन्तरर्राष्ट्रिय संगठित आपराधिक गिरोहको संलग्नता हुने हुँदा यसको नियन्त्रण गर्न कुनै एक राष्ट्रको प्रयासले मात्र सम्भव नभएकाले यसका लागि क्षेत्रीय स्तरमा सहयोग आवश्यक भएको महसुस गरी यस समस्यामाथि सार्क स्तरमा छलफल हुन थालेको हो। नवौं सार्क सम्मेलन सन् १९९७ को मालेमा भएको शिखर सम्मेलनले यौन शोषण र वेश्यावृत्तिमा बालिका र महिलाहरूको बिक्री हुने कार्य बढ्दै गएकोमा यस समस्या विरुद्ध लड्न सार्क राष्ट्रले सामूहिक प्रयास जारी गर्ने भन्दै क्षेत्रीय स्तरको महासन्धि बनाउनेतर्फ सम्भाव्यता अध्ययन गर्ने सहमति भएको थियो। श्रीलङ्काको राजधानी कोलम्बोमा आयोजित १० औँ सार्क शिखर सम्मेलनमा महिला तथा बालबालिकाको वेश्यावृत्तिका लागि हुने ओसारपसारको रोकथाम र समाधानमा सार्क महासन्धिको मस्यौदा तयार भयो।

यो महासन्धिलाई काठमाडौँमा आयोजना भएको ११औँ सार्क शिखर सम्मेलनले पारित गऱ्यो। सार्क राष्ट्रमा बेचबिखनलाई उल्लेख गरेर निर्माण भएको यो पहिलो क्षेत्रीय कानुन हो। महासन्धिमा सार्कका सात वटै सदस्य राष्ट्रहरूले २०५८/९/२१ मा हस्ताक्षर गरी सैद्धान्तिक रूपमा यसलाई क्षेत्रीय स्तरमा लागु गर्ने सहमति जनाइ सकेका छन्। यो महासन्धि सबै सदस्य राष्ट्रहरूले अनुमोदन गरेपछि लागु हुनेछ। यस महासन्धिमा भएका प्रमुख व्यवस्थाहरू निम्न छन् :

**बेचबिखनको परिभाषा** : कुनै आर्थिक वा अन्य प्रतिफल प्राप्त गरी बेचबिखन गरिएको व्यक्तिको सहमति प्राप्त गरी वा नगरी वेश्यावृत्तिमा लगाउने उद्देश्यले महिला वा बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने, बिक्री गर्ने वा खरिद गर्ने कार्यलाई बेचबिखन भनी परिभाषा गरेको छ र बेचबिखनकर्ता भन्नाले छलकपट, धम्की, दबाब, अपहरण, बिक्री कपटपूर्ण विवाह, बालविवाह वा अन्य कुनै गैरकानुनी तवरले वेश्यावृत्तिमा लगाएका वा पीडित महिला वा बालबालिकालाई बेचबिखन गरिएको व्यक्ति भनी सम्झनु पर्दछ भनी परिभाषित गरेको छ।

**अपराधीकरण** : महासन्धिले वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचबिखन गर्ने, बेचबिखनका लागि कुनै ठाउँको व्यवस्था गर्ने, राख्ने, जानीजानी लगानी गर्ने वा लगानीमा भाग लिने र कुनै घर वा कोठा भाडामा दिने वा उपलब्ध गराउने तथा उल्लिखित अपराधको उद्योग गर्ने वा त्यस्तो कार्य गर्न प्रोत्साहित गर्ने वा उक्साउने कार्यलाई समेत दण्डनीय बनाएको छ।

**न्यायिक कार्यविधिमा गोपनीयता :** महासन्धिले सदस्य राष्ट्रहरूका न्यायिक निकायहरूले कसुरको सुनुवाइको क्रममा महिला तथा बालबालिकाको गोपनीयता कायम गर्नुपर्ने व्यवस्था गरेको छ। यस्तै महासन्धिले उनीहरूलाई उचित परामर्श तथा कानुनी सहायता उपलब्ध गराउनु पर्ने कुरामा समेत जोड दिएको छ।

**पीडित व्यक्तिको हेरचाह, पुनर्स्थापनाको व्यवस्था :** महासन्धिले पीडित व्यक्तिहरूको पुनर्स्थापनाका लागि संरक्षण गृह र आवास गृहहरू स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ। यसका साथै महासन्धिले पीडित व्यक्तिहरूको स्वास्थ्य उपचार तथा कानुनी सहयोगको व्यवस्था गरेको छ।

**राष्ट्रहरूबिचमा पारस्परिक कानुनी सहयोग :** राष्ट्रहरूले एक आपसमा महासन्धि अन्तर्गतका अपराधहरूको अनुसन्धान, तहकिकात, सुनुवाइ वा अन्य कार्यविधिमा पारस्परिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था महासन्धिमा गरिएको छ। महासन्धिले यस क्षेत्रका महिला तथा बालबालिकालाई वेश्यावृत्तिको अन्तर्राष्ट्रिय सञ्जालबाट मुक्त पार्न तथा खासगरी सार्क क्षेत्रका देशहरूलाई यस अपराधबाट मुक्त पार्न सार्कका सदस्य राष्ट्रहरूबिच सहयोग प्रबर्द्धन गर्ने उद्देश्य राखेको छ।

**कसुरदारको सुपुर्दगी :** महासन्धिले महिला तथा बालबालिकाको बेचबिखनलाई सुपुर्दगी योग्य अपराध मानेको छ। कुनै पक्ष राष्ट्रबाट सुपुर्दगीको अनुरोध प्राप्त भएमा त्यस्तो राष्ट्रले कसुरदारलाई अनुरोध गर्ने राष्ट्र समक्ष सुपुर्दगी गर्नुपर्नेछ। सुपुर्दगी गर्न कानुनः नमिल्ने भएमा वा नगरेमा आफ्नो राष्ट्रको अदालतबाट सजाय दिलाउनु पर्ने व्यवस्था गरेको छ।

**उत्पत्तिको देशमा फिर्ता पठाउने :** महासन्धिले पक्ष राष्ट्रहरूले पीडित व्यक्तिलाई निजको उत्पत्तिको देशमा पठाउनु पर्ने व्यवस्था गरेको छ। यस्तै प्राप्त गर्ने राष्ट्रले पीडितलाई फिर्ता नगरेसम्म हेरविचार र खान लाउने प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको छ।

**गैरसरकारी क्षेत्रको कदर :** महासन्धिले पीडित व्यक्तिहरूको पुनर्स्थापना गर्ने कार्यमा गैरसरकारी संस्थाहरूलाई प्रोत्साहन तथा अनुमति प्रदान गर्ने व्यवस्था गरेको छ।

**कानुन कार्यान्वयन गर्न निकायहरूको क्षमता वृद्धि :** महासन्धिले पक्ष राष्ट्रहरूले महासन्धि अन्तर्गतका अपराधहरूमा अनुसन्धान, अभियोजन तथा न्याय निरोपण गर्ने निकायहरूलाई अपराधसँग सम्बन्धित कुराहरूका सन्दर्भमा तालिम दिने, महासन्धिका व्यवस्थाबारे सचेत गराउने तथा ती निकायहरूलाई सक्षम बनाउन आवश्यक स्रोत, साधन र सहयोग प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ।

**मानव अधिकारको पूर्ण सम्मान :** यस महासन्धिले वेश्यावृत्तिका लागि महिला र बालबालिकाको ओसारपसार समस्या मानव मूल्य र सम्मानसँग मेल नखाने कार्य हो र आधारभूत मानव अधिकारको उल्लङ्घन हो भन्ने कुरामा जोड दिँदै अन्य अन्तर्राष्ट्रिय मानव अधिकार, मानव ओसारपसार सम्बन्धी सन्धिहरूलाई ऐक्यबध्द्धता एवम् ध्यान दिँदै महिला तथा बालबालिकाको ओसारपसारको समाधान गर्न सदस्य राष्ट्रहरूलाई सहयोगमा जोड दिएको छ।

# बाल अधिकार महासन्धिको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लीलता प्रदर्शन सम्बन्धि आलेख, २०००

**(Optional Protocol to the Convention on the Right of Child on the Sale of Children Child Prostitution and Child Pronography, 2000)**

## यस महासन्धिको इच्छाधीन आलेखमा उल्लेख भएका व्यवस्थाहरूका मुख्य अंशहरू

**बालबालिका बेचबिखनको परिभाषा :** आलेखले पारिश्रमिक वा अन्य कुनै प्रतिफलको लागि एक व्यक्तिबाट अर्को व्यक्तिलाई गर्ने बालबालिकाको हस्तान्तरणको कार्य वा ओसारपसारलाई बालबालिकाको बेचबिखनका रूपमा परिभाषित गरेको छ ।

**बाल वेश्यावृत्तिको परिभाषा :** आलेखले पारिश्रमिक वा अन्य कुनै प्रतिफलको लागि बालबालिकालाई यौनजन्य क्रियाकलापमा प्रयोग गर्नुलाई बाल वेश्यावृत्तिको रूपमा परिभाषित गरेको छ ।

**अपराधीकरण :** आलेखले यौन शोषण, मानव अङ्ग प्रत्यारोपण, बलपूर्ण श्रमको लागि बालबालिकालाई प्रस्तावित गर्नु, पु¥याउनु वा स्वीकार्नु लगायत बालबालिका बेचबिखनलाई पक्ष राज्यले अपराधीकरण गर्नुपर्ने दायित्व दिएको छ ।

**पीडित बालबालिकाको अधिकारको संरक्षण :** आलेखले पीडित बालबालिकाको अधिकारको फौजदारी न्याय प्रणालीको दौरानमा संरक्षण गर्नुपर्ने दायित्व राज्यलाई दिएको छ । जस अन्तर्गत विशेष गरी साक्षीको रूपमा बालबालिकाको विशेष आवश्यकताहरूलाई मान्यता दिने आवश्यक सुरक्षा सेवा प्रदान गर्ने, बालबालिकाको गोप्यता र पहिचान संरक्षण गर्ने र बिना कुनै ढिलाइ क्षतिपूर्तिको व्यवस्था मिलाउने आदि पर्दछ ।

**आवश्यक तालिम :** आलेखले पीडित बालबालिकासँग काम गर्ने व्यक्तिहरूलाई बाल सहयोगी व्यवहार सम्बन्धी आवश्यक तालिमहरू दिनुपर्ने दायित्व पक्ष राज्यलाई दिएको छ ।

## बेचिएका व्यक्तिको मानव अधिकारको न्यूनतम् मापदण्ड

मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरू अपराधी होइनन् केवल असर पर्ने पक्ष मात्र हुन् भन्ने मनन गरी बेचिएका व्यक्तिहरूको मानव अधिकारको सुरक्षा गर्नु हामी सबैको कर्तव्य हो । बेचिएका व्यक्तिहरूको मानव अधिकारको संरक्षणका लागि विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरूले निम्न कुराहरूको व्यवस्था गरेको छ :

**अविभेदको अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूले बेचिएको परिस्थितिमा बाध्यतापूर्वक यौन कार्य वा अन्य कार्य गरेको भन्ने अधारमा भेदभाव नगरिने अविभेदको अधिकार प्राप्त छ ।

**सुरक्षा तथा समान व्यवहारको अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूले आफू त्यस ठाउँबाट मुक्त भएपछि उनिहरूमाथि थप दुर्व्यवहार, शोषण हुने गरेको पाइन्छ तर उनीहरूलाई सुरक्षा र उचित व्यवहारको अधिकार प्राप्त छ ।

**न्यायमा पहुँचको अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिरूलाई कानुनी सल्लाह लिन पाउने, कानुनी प्रतिनिधि राख्न पाउने अधिकार छ ।

**क्षतिपूर्तिको अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूले बेचबिखन कार्यमा संलग्न व्यक्तिहरूबाट आवश्यकता अनुसार क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ ।

**बेचबिखनमा परेका व्यक्तिले बेचिएको राष्ट्रमा बस्न पाउने अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूले बेचिएको राष्ट्रमा बसेको आधारमा गैरकानुनी रूपमा बसेको भनी कारबाही गर्न पाइँदैन, कारबाही गर्नबाट संरक्षण प्रदान गरिएको छ ।

**स्वस्थ्य तथा अन्य सेवाहरूको अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूलाई स्वास्थ्य परामर्श लगायत आवश्यक पर्ने सेवाहरू प्राप्त गर्ने अधिकार छ ।

**उद्दारको अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरूलाई बेचिएको स्थानबाट उद्दार भई सामान्य जीवनयापन गर्न पाउने अधिकार छ ।

**स्वदेश फर्कने अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरू स्वदेश फर्कन इच्छुक भए निजको सहमतिमा स्वदेश फर्कन पाउने अधिकार छ । मानव बेचबिखनमा परेका व्यक्तिको सन्तान भए सन्तानलाई पनि आफूसँगै फर्काउन पाउने अधिकार प्राप्त छ ।

**सामाजिक पुनःएकीकरणको अधिकार :** मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिको उद्दारपछि उनीहरूको पुनर्स्थापना र सामाजिक पुनर एकीकरणको अधिकार प्राप्त छ ।

**गोपनीयताको अधिकार :** राष्ट्रिय कानुनबाट पीडित पक्षको गोप्यताको हक र परिचयको प्रचार प्रसारबाट संरक्षण पाउने हक रहेको छ ।

**सूचनाको हक :** पीडित पक्षलाई उनीहरूसँग सम्बन्धित अदालत तथा प्रशासनिक प्रक्रियाको सम्बन्धमा सूचना पाउने हक हुनेछ ।

**पीडित बालबालिकाको विशेष संरक्षण पाउने अधिकार :** अपराधबाट पीडित बालबालिकाहरूलाई उचित बसोवास शिक्षा र हेरचाह लगायतका अधिकारलाई सुनिश्चित गरीएको छ ।

**फौजदारी मुद्दाको प्रक्रियामा सहयोग :** फौजदारी मुद्दाको प्रक्रियामा पीडित पक्षको विचार एवम् अभिव्यक्तिलाई उचित प्रतिनिधित्व गराउन सहयोग पाउने हक प्राप्त गरिएको छ ।

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को दफा २९ दिएको अधिकार प्रयोग गरी नियमावली २०६५ निर्माण गरिएको हो । यस नियमावलीमा निम्न व्यवस्था गरेको छ ।

- राष्ट्रिय समितिको गठन, काम, कर्तव्य र अधिकार, बैठक सम्बन्धी कार्यविधि,
- जिल्ला समितिको गठन, काम, कर्तव्य र अधिकार, बैठक सम्बन्धी कार्यविधि,
- उजुर गर्ने व्यक्तिको गोप्यता,
- दोभाषे वा अनुवादक सम्बन्धी,
- केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी,
- केन्द्रको व्यवस्थापन,

- केन्द्रको सञ्चालन मापदण्ड,
- केन्द्रको अनुगमन,
- सीपमूलक तालिम,
- पुनर्स्थापना तथा प ारिवारिक पुनर्मिलन,
- पुनर्स्थापना कोषको व्यवस्थापन र सञ्चालन,
- केन्द्र बन्द गर्ने सम्बन्धी,
- आचार सहिंता पालना गर्नुपर्ने ।

## महिला तथा बालबालिकाहरूको बेचबिखन ओसारपसार विरुद्ध राष्ट्रिय कार्य योजना २०६८ र कार्यान्वयन योजना २०७१

महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि लगायत नेपालले गरेका अन्य मानव अधिकारसँग सम्बन्धित विषयमा गरेका प्रतिबद्धता एवम् मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली, २०६५ मा भएका प्रावधानहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी मानव बेचबिखन तथा ओसारपसार कार्यलाई नियन्त्रण गर्न यो कार्ययोजनाको तर्जुमा गरिएको हो । आन्तरिक र बाह्य देशमा हुने मानव बेचबिखन तथा ओसारपसार कार्यलाई फराकिलो परिवेशमा हेरी सोही अनुरूप नियन्त्रणका उपायहरूको अवलम्बन गर्ने यो कार्य योजनाको उद्देश्य रहेको छ :

- मानव बेचबिखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्ने संयन्त्र र संरचनाहरूको सुदृढीकरण गर्ने,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा कार्यरत सम्पर्क निकायहरूको व्यावसयिक दक्षता अभिवृद्धि गर्ने,
- अति जोखिम र जोखिम उन्मुख **(vulnerable)** समुदायहरूको लागि पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण कार्यलाई प्रबर्द्धन गर्ने,
- मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अन्र्तराष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धता अनुरूप साझा सवालहरूमा सरोकारवाला निकायहरूबीच सहयोग, समन्वय र सहकार्यलाई बढावा दिने,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानुनी संरचनाको माध्यामबाट दण्डहीनताको अन्त्य गरी प्रभावितलाई न्यायमा पहुँच पुऱ्याउने,
- मानव बेचबिखन तथा ओसारपसारको समस्या समाधान गरी सुशासन कायम गर्ने ।

### समग्रमा यो कार्य योजनाको निर्माणमा देहायका निर्देशक सिद्धान्तहरूलाई ध्यानमा राखिएको छ

- मानव बेचबिखनको अवधारणा र महिला तथा बालबालिकालाई विशेष प्राथमिकता : प्रथमतः यो कार्ययोजनाले यौन शोषण, श्रम शोषण र गैरकानुनी अङ्ग प्रत्यारोपण लगायत सबै प्रकारका शोषणका लागि हुने बेचबिखन तथा ओसारपसारको सवाललाई सम्बोधन गर्ने उद्देश्यका साथ बेचबिखन तथा ओसारपसारबाट समग्रमा पुरुषलाई पनि समेट्ने प्रयास गर्नुका साथै विशेषतः महिला तथा बालबालिकाहरू विरुद्ध हुने बेचबिखन तथा ओसारपसारलाई विशेष प्राथमिकतामा राखेको छ ।

- मानव बेचबिखनको परिभाषा र प्रोटोकलको अनुमोदन : नेपालले बालअधिकार महासन्धि अन्तर्गत बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बालअश्लील चित्रण सम्बन्धी इच्छाधीन आलेखलाई अनुमोदन गर्नुका साथै संयुक्त राष्ट्र संघको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धिलाई पनि हालै अनुमोदन गरिसकेको छ। अब सो महासन्धिको पुरकको रूपमा रहेको "मानव बेचबिखन विषेश गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधीन आलेख, २००० (पालेर्मो प्रोटोकल) लाई भने अनुमोदन गर्न बाँकी छ । नेपालको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानुनले पालेर्मो प्रोटोकलले गरेको ब्याख्या अनुरूप बेचबिखन तथा ओसारपसारको परिभाषालाई आधार मानी प्रभावितहरूको अधिकारलाई सुनिश्चितताका लागि मानव बेचबिखन विरुद्ध निरोधात्मक क्रियाकलाप सञ्चालन गर्ने, कानुनी कारबाहीलाई सशक्त तुल्याउने एवम् प्रभावितहरूको संरक्षण गर्ने कार्यमा राज्यको दायित्व समेत बोध गरिसकेको अवस्था रहेको हुँदा नेपालले सो प्रोटोकललाई छिटोभन्दा छिटो अनुमोदन गर्नुपर्ने भन्ने पनि यस कार्ययोजनाको मान्यता रहेको छ ।

- सार्क महासन्धि र राष्ट्रिय कानुनसँग सामन्जस्यता : "वेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२" लाई नेपालले सन् २००६ सेप्टेम्बर ५ मा अनुमोदन गरी सोही अनुरूप सार्कस्तरिय क्षेत्रीय कार्यदलका बैठकहरूमा निरन्तर सहभागिता जनाउँदै आइरहेको छ । साथै समय समयमा दक्षिण एशिया स्तरीय क्षेत्रीय बैठकहरूबाट प्रतिपादित सहमतिका बुँदाहरू लगायत नेपालको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानुनको विभिन्न विशिष्टताहरू जस्तै : प्रभावितहरूको अधिकार अभियुक्तहरू माथि प्रमाणको भार, बन्द इजलाश, प्रभावित र सूचनादाता, साक्षीको संरक्षण, सुरक्षा तथा क्षतीपुर्ति, प्रभावितहरूको पहिचान आदिलाई कानुनका बुदाँहरूमा मात्र सीमित नराखी कार्यान्वयन स्तरसम्म पुऱ्याउने मार्गचित्र (road map) पनि यो कार्ययोजनामा प्रस्तुत गरिएको छ ।

- अन्तर्राष्ट्रिय प्रचलन अनुसार प्राथमिकता क्षेत्र : सार्क महासन्धि, राष्ट्रिय नीति र कानुन कार्यन्वयनका लागि अर्न्तराष्ट्रिय तथा क्षेत्रीय संरचनाहरू र विगतको कार्ययोजनाबारे भएका समीक्षाबाट प्राप्त सुझाव अनुसार यस कार्ययोजनामा निरोध (Prevention), संरक्षण (Protection) र कानुनी कारबाही (Prosecution) लाई मुख्य बिषयगत क्षेत्र तोकी प्राथमिकता निर्धारण गरिएको छ। सरोकारवाला निकाय तथा संस्थाहरूको आपसी समन्वय र सहकार्य तथा सबै सरोकारवाला निकायहरूको क्षमता विकासले पनि त्यत्तिकै महत्व राख्ने बिषयलाई यस कार्ययोजनामा महत्व दिइएको छ । नयाँ सोच, फरक क्षमता र खुला विचार रहेको जनशक्ति मानव बेचबिखन विरुद्धको अभियानमा लाग्ने निकाय तथा संस्थाहरूका लागि अपरिहार्य आवश्यकता हो भन्ने यथार्थतालाई मनन गर्दै यस कार्ययोजनामा निम्न पाँचवटा विषयगत क्षेत्रहरूलाई प्राथमिकता दिइएको छ ।

    - **निरोध (Prevention) :** सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिम उन्मुख **(vulnerable)** समूह/समुदायहरूको पहिचान र संरक्षण गरी समूह/ समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने र सचेतना अभिवृद्धिका लागि शिक्षा, पैरवी तथा सञ्चार माध्यमका अभियानहरूलाई प्रबर्द्धन,

    - **संरक्षण (Protection):** मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण र सहयोगका लागि स्थापना भएका संयन्त्रहरूद्वारा पीडित/प्रभावितहरूको मानव अधिकारको सम्मान गर्दै एकीकृत र प्रभावकारी सेवा प्रवाहको सुनिश्चिता गर्ने ।

- **कानुनी कारबाही (Prosecution) :** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानुनी संरचनाको माध्यमबाट दण्डहीनताको अन्त्य गरी पीडित/प्रभावितलाई न्यायमा पहुँच दिलाउने ।
- **क्षमता विकास (Capacity building):** मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थापित राज्य संयन्त्र, गैरसरकारी संस्था, तथा नागरिक समाज लगायत सेवा प्रदायकहरू एवम् सञ्जालहरूको क्षमता अभिवृद्धि गर्ने ।
- **समन्वय, सहयोग र सहकार्य (Coordination, Cooperation and Collaboration):** मानव बेचबिखन तथा ओसारपसार विरुद्ध अन्तरराष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धताहरू अनुरूप साझा सवालहरूमा बहुपक्षीय र द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने र सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरू तथा विकास साझेदारहरूबिच समन्वय, सहयोग र सहकार्यलाई बढावा दिने ।

## मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचार तथा संरक्षणको लागि राष्ट्रिय न्यूनतम् मापदण्ड २०६८

### मापदण्डको उद्देश्य :

- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूलाई प्रदान गरिने हेरचाह तथा संरक्षण सम्बन्धी सेवामा संलग्न सेवा प्रदायकहरूको कार्य सम्पादनमा न्यूनतम् मापदण्ड निर्धारण गरी स्तरीकरण गर्नु,
- पीडित/प्रभावितहरूका लागि सरोकारवाला सेवा प्रदायकहरूद्वारा प्रवाह हुने सेवामा एकरूपता कायम गर्नु,
- पीडित/प्रभावितहरूका लागि हेरचाह तथा संरक्षण सेवा प्रदान गर्दा उनीहरूको अधिकारको सुनिश्चितता गर्नु,
- पीडित/प्रभावितहरूका लागि हेरचाह तथा संरक्षण सेवा प्रदान गर्ने सरोकारवालाहरूबिच आपसी समन्वय, सहयोग र सहकार्यलाई प्रोत्साहन गर्नु,
- सेवा प्रदायकहरूद्वारा प्रदान गरिने हेरचाह तथा संरक्षण सेवामा पारदर्शिता, जबाफदेहिता, सरलता, चुस्तता र प्रभावकारिताको सुनिश्चितता गर्नु,
- विभिन्न सेवा प्रदायकहरूद्वारा प्रदान हुँदै आएको हेरचाह तथा संरक्षण सेवाको अनुगमन गर्ने कार्यमा राष्ट्रिय, जिल्ला र स्थानीय समितिहरूलाई परिचालन गरी प्रभावकारितामा अभिवृद्धि गर्नु ।

### क्षेत्र :

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि गठन भएका राष्ट्रिय, जिल्ला र स्थानीय समितिहरूले केन्द्रदेखि स्थानीयस्तरसम्म आआफ्नो तहमा संलग्न सरकारी निकायहरू, स्थानीय निकायहरू तथा गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा देहाय बमोजिमका विषयगत क्षेत्रहरूमाथि ध्यान केन्द्रित गरी नीति, योजना तथा कार्यक्रम संयोजित रूपमा कार्यान्वयन गर्नु पर्नेछ ।
- विषयगत क्षेत्रहरूमा संलग्न रहने सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरूले प्रचलित कानुन अनुसार कार्यविधि निर्माण गरी कार्य सम्पादनमा प्रभावकारिता ल्याउनु पर्नेछ ।

- पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणको लागि सेवा प्रवाह गर्ने सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरूले निम्न कार्यहरू गर्नुपर्ने छ :

  (क) उद्धार (ख) स्वदेशफिर्ती
  (ग) पुनर्स्थापना (घ) पुनर्मिलन/पुनर एकीकरण ।

## मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका

- **निर्देशिकाको उद्देश्य :** मानव बेचबिखन विरुद्ध काम गर्ने सरोकारवालाको कार्यशैली तथा व्यवहारमा एकरूपता कायम गरी प्रभावित महिलाको मानव अधिकार प्रति संवेदनशील भई कार्य गराउन,
- **प्रभावित महिलासँग कार्य गर्दा उनीहरूलाई पुनः** पीडित नबनाई कार्यप्रति सजग रहन,
- **प्रभावित महिलाको पुनः** स्थापनाका लागि सहयोग पुऱ्याउने क्रममा अपनाउनु पर्ने व्यवहारबारे सचेत हुन,
- **प्रभावित महिलालाई जोखिमको अवस्थामा सरोकारवालाहरूबाट गरिने व्यवहारका कारण पुनः** प्रभावित हुनबाट जोगाउन ।

## मनोसामाजिक सहयोगको व्यवस्था

- मनोसामाजिक मनोविमर्शकर्ता तथा सामुदायिक मनोसामाजिक कार्यकर्ताका लागि विभिन्न तहमा तालिम,
- प्रभावित व्यक्तिका लागि चरणबद्ध रूपमा गरिने मनोविमर्श कार्यहरू,
- मनोविमर्शकर्तामा हुनुपर्ने गुणहरू तथा पालना गर्नुपर्ने कुराहरू,
- मनोविमर्शकर्तामा सञ्चारको सीप ।

## मानव बेचबिखन विरुद्धको अभियानमा कार्य गर्ने सबै सरोकारवालाका लागि मार्गदर्शन

- मनोसामाजिक मनोविमर्शकर्ता,
- कानुन व्यवसायी,
- नागरिक समाज तथा परिवारका सदस्यहरू,
- सञ्चारकर्मी,
- स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्यकर्मी,
- सरकारी संस्थाहरू,
- गैरसरकारी संस्थाहरू,
- आवासीय स्याहार केन्द्रहरू,
- प्रहरी ।

***नोट : निम्न दस्तावेजहरू महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा वेवसाइट www.mowcsw.gov.np बाट प्राप्त गर्न सकिनेछ ।***

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली, २०६५,
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्ध राष्ट्रिय कार्ययोजना, २०६८,
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन योजना, २०७१,
- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचार तथा संरक्षणको लागि राष्ट्रिय न्यूनतम् मापदण्ड, २०६८,
- मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारवालाहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका ।
- मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय प्रतिवेदन

## सन्दर्भ सामग्री


१. नेपालको अन्तरिम संविधान, २०६३

२. मुलुकी ऐन, २०२०

३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४

४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली, २०६५

५. मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय कार्य योजना, २०६८

६. मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय कार्य योजना २०६८ को कार्यान्वयन योजना, २०७१

७. मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचार तथा संरक्षणका लागि राष्ट्रिय मापदण्ड, २०६८

८. मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका

९. मानव बेचबिखन विरुद्धको यात्रा बुलेटिन अङ्क शुभारम्भ र दोस्रो मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४को समीक्षा, २०७१ जनकारी-पत्र USAID, The Asia Foundation, FWLD

१०. महिला विरुद्ध हुने हिंसा र यस सम्बन्धमा कानुनी उपचारको व्यवस्था २०७० -कानुनी सहयोग तथा परामर्श केन्द्र

११. वैदेशिक रोजगार ऐन, २०६४

१२. वैदेशिक रोजगार कानुन जानकारी पुस्तिका, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, मानव अधिकारका लागि जनमञ्च

१३. वैदेशिक रोजगार प्रबर्द्धन बोर्डको आ.व २०६९/२०७० वार्षिक प्रतिवेदन

१४. श्रम तथा रोजगार चौमासिक प्रगति बुलेटिन २०७०- श्रम तथा रोजगार मन्त्रालय

१५. आप्रवासी महिला कामदारको आर्थिक सुरक्षा अभिवृद्धि तथा हिंसा न्यूनीकरणमा वैदेशिक रोजगारले पारेको प्रभाव र सुरक्षित वैदेशिक सुनिश्चितताका लागि स्थानीय सरकारको संवेदनशीलता एवम् भूमिका अध्ययन प्रतिवेदन २०७०- श्रम तथा रोजगार मन्त्रालय, UN WOMEN

१६. लैङ्गिक हिंसा र कानुनी अधिकार सम्बन्धी जानकारी पत्र २०६७- महिला जागरण तथा विकास केन्द्र

१७. मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०

१८. सिफारिस प्रणाली म्यानुयल -कानुनी सहयोग तथा परामर्श केन्द्र


१९. One -Stop Crisis Management Centers News Bulletin May 2012 -Nepal Health Sector Support Programme/Ministry of Health and Population

१८. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदनका विभिन्न वर्षमा प्रकाशित अंकहरू ।

# तालिमका झलकहरू


चबिखन तथा ओसारपसार विरुद्धको
२०७१ विषयक
गोष्ठी




न्द्रज्योती एकिकृत ग्रामिण विकास समाज (सिड्स) धादिङ
सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द
नीलकण्ठ-३, सुगमटोल र जिल्ला प्रशासन कार्यालय परिसर,धादिङवेशी,धादिङ
सम्पर्क:- ०१०-५२०४९३, ९८५११९०५५९
नागरिक वडापत्र
ार्यालय समय:
ईतबार देखि बिहीबार विहान १० बजे देखि बेलुका ५ बजे सम्म । सरकारी कार्यालय खुल्ने समय
क्रबार विहान १० बजे देखि अपहान्न ३ बजे सम्म ।
क शनिबार र सार्वजनिक विदाको दिन केन्द्र बन्द रहनेछ ।
ना तथा परामर्श केन्द्रले उपलव्ध गराउने सेवाहरू
रक्षित बैदेशिक रोजगारमा जानको लागि आवश्यक सूचनाहरू निशुल्क उपलव्ध गराउने ।
देशिक रोजगारमा सीप तालिम लिएर मात्र जान अभिप्रेरित गर्ने, साथै निशुल्क सीप तालिमका लागि सिफारिस गर्ने
देशिक रोजगारमा जादा अभिलेख वद्ध भएर जान अभिप्रेरित गर्ने र यसका प्रकृयाहरूको बारेमा जानकारी गराउने
मा गराउदा, स्वास्थ्य परीक्षण गराउदा, करारनामामा हस्ताक्षर गर्दा र म्यानपावर कम्पनी छनौट गर्दा ध्यान दिनु
राहरूको जानकारी गराउने ।
ाली राजदुतावास, वाणिज्य दुतावास, सहयोगी संघसंस्थाहरु र श्रम सहचारीहरूको जानकारी तथा सम्पर्क नम्वर
लब्ध गराउने ।
शिक रोजगारको क्रममा गन्तव्य मूलुकमा बेपत्ता भएका वा जेलमा परेका नेपाली कामदारहरूको स्थिति पत्ता ल
उद्धार गर्नका लागि सम्बन्धित निकाय, राजदुतावास तथा संघसंस्था मार्फत अवश्यक सहयोग गर्ने
शिक रोजगारको क्रममा ठगीमा परेका मुद्दाहरूको कानूनी उपचारको लागि सम्वन्धित निकायमा पहुच बढाउन
योग गर्ने ।
शिक रोजगारको क्रममा मृत्यु भएका र अंगभंग भएका कामदारको हकमा वैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट
पूर्ति उपलव्ध गराइदिन सहयोग गर्ने ।
बुधवार केन्द्रमा बैदेशिक रोजगार सम्वन्धि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
रोजगारसाग सम्वन्धित सूचनाहरु अध्यावधिक गर्ने ।
ना तथा परामर्श केन्द्रले बैदेशिक रोजगारका लागि प्रोत्साहन गर्ने अथवा निरुत्साहन
यक सूचनाहरू प्रदान गरी जानकारयुक्त निर्णय गर्न सहयोग गर्ने हो ।




★ गन्तव्य मुलुकमा सम्मान साथ
काम गर्ने सम्भावना रहन्छ ।
★ गन्तव्य मुलुकमा आफुले गर्ने
काम निश्चित हुन्छ र काम निश्चित
भएमा जोखिम कम हुनसक्छ ।
★ विदेश बाट फर्किए पछि स्वदेशमा
पनि सीपको उपयोग गर्न सकिन्छ ।
गार्मेन्ट
मेशन
सटरिङ कार्पेन्ट्री
प्लम्बिङ
थप जानकारीका लागि:
सुरक्षित आप्रवासन सुचना तथा परामर्श केन्द्र, नीलकण्ठ - ५, धादिङ
सम्पर्क फोन नं ०१० ५२०४९३, ४१५०१० / हटलाईन नं. ९८५११९०५५९
Email:- cirds.sami@gmail.com
HELVETAS
NEPAL
SaMi
Safer Migration Project
सिर्डस धादिङ






मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय
समिति तथा जिल्ला समितिका पदाधिकारीहरु
बीच अन्तरक्रिया कार्यक्रम
२०७१
आयोजक
नेपाल सरकार
महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय
USAID
सहयोगी संस्था
The Asia Foundation